# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

## KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

समृद्धिका लागि समुदाय संग संगै

2052-2077 25th Anniversary

SILVER JUBILEE YEAR

# रजत जयन्ती स्मारिका

## सञ्चालक समिति



सुरेन्द्र कुमार शाह
(अध्यक्ष)



टिकेन्द्र बहादुर थापा
(उपाध्यक्ष)



लोकराज तिमिल्सैना
(सचिव)



मयाराम धमाला
(कोषाध्यक्ष)



दिनेश कुमार चलाउने
(सह-सचिव)



जयरूप बुढा
(सदस्य)



शिव बहादुर स्वाँर
(सदस्य)



पतिराम चौधरी
(सदस्य)



मनिराम न्यौपाने
(सदस्य)



सरोज कुमार शाह
(सदस्य)



चन्द्रा सिंह
(सदस्य)

## सल्लाहकार समिति



उदयराम खनाल
(संयोजक)



कमल राज जोशी
(सदस्य)



राज कुमार हमाल
(सदस्य)

## लेखा सुपरीवेक्षण समिति




नृप बहादुर कुँवर
(संयोजक)



तर्क बहादुर थापा
(सदस्य)



मान सिंह भुल
(सदस्य)



विष्णुभक्त शर्मा ढकाल
(जिल्ला प्रतिनिधि)



डम्बर बहादुर शाह
(महाप्रबन्धक)

# प्रकाशकिय

रजतजयन्ती मनाउने अवस्थामा आइपुग्नु भनेको कुनै पनि संस्थाको यौवन अवस्था हो। किसान बहुउद्देश्यीय सहकारी संस्था आज त्यो अवस्थामा आईपुगेको छ। अब केही गरेर देखाउनुपर्ने र देखाउन सक्ने अवस्था पनि यही नै हो। यस संस्थाले आफ्नो विगत र वर्तमानको मूल्याङ्कन गर्दै अगाडि बढ्ने सुनौलो मौका आएको महशुस गरेको छ। आज अति महत्वपूर्ण समयमा प्रस्तुत स्मारिका पाठक सदस्य एवं शुभेच्छुकहरूका हातमा पुऱ्याउन पनि यो संस्था सफल भएको महशुस गर्दैछ। किसान रजत जयन्ती स्मारिका-२०७७ को यो अमूल्य उपहारसँगै हामी हाम्रा सदस्य, शुभेच्छुक र पाठक सबैलाई बधाई तथा शुभकामना पनि दिन चाहन्छौँ। संस्थाको जन्मदिनलाई लक्षित गरी आज २०७७ साल कार्तिक १७ गते सबै इच्छुक महानुभाव प्रति कृतज्ञ बन्न आतुर छ यो प्रकाशन।

यस संस्थाका संस्थापकहरू, २५ वर्षे जीवन अवधिमा विभिन्न कालखण्डमा रहेर योगदान गर्ने सबै किसानकर्मीहरूलाई स्मरण गर्न चाहन्छौँ। देशमा १० वर्ष चलेको सशस्त्रद्वन्द्वको समयमा सहादत हुने संस्थाका सदस्यहरू, यो २५ वर्षको अवधिमा विभिन्न परिस्थितिमा विभिन्न कारणले ज्यान गुमाएका सदस्य एवं कर्मचारीप्रति श्रद्धासुमन व्यक्त गर्न चाहन्छौँ। खासगरी देशमा १० वर्ष चलेको सशस्त्रद्वन्द्वको समयमा उक्त विषम परिस्थितिमा पनि संस्था र यसको अभिलेखलाई बचाएर राख्ने शेयर सदस्य, तत्कालीन कार्य समितिका महानुभावहरूप्रति संस्था सधैँ ऋणी रहनेछ।

रजतजयन्ती वर्षभरि गतिविधिहरू आयोजना गर्न सहयोग गर्ने  सम्पूर्ण प्रति हार्दिक आभारी छौं। खासगरी समुदायका लागि किसान कार्यक्रममा सहयोगी बनेका कैलाली जिल्लाका स्थानीय निकायहरु, नेपाल रेडक्रस सोसाईटी टीकापुर शाखा, ट्राफिक प्रहरी, लम्की बहुमुखी क्याम्पस, सहारा घर बौनिया लगायत सम्पूर्ण सहजकर्ताहरु धन्यवादका पात्र छन्।

जन्मदाताहरू, सल्लाहकारहरु, शेयर सदस्यहरू, साझेदार स्वदेशी एवं विदेशी निकायहरु, रजतजयन्ती वर्षभरी संस्थाले आयोजना गरेका विविध सामाजिक क्रियाकलापहरुमा सहयोगी रहनु भएका संस्थाहरु प्रति आभारी रहने छौं। सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्टज्यू, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु श्री प्रकाश शाहज्यू, श्री विनिता चौधरीज्यू, संघिय संसदका माननीय श्री झपट रावलज्यू, श्री कमला ओलीज्यू, नेपाल राष्ट्र बैंकका तत्कालीन गर्भनर श्री चिरन्जीवी नेपालज्यू, वर्तमान गभर्नर श्री महाप्रसाद अधिकारीज्यू तथा अन्य पदाधिकारीज्यूहरु, अर्थ मन्त्रालयका वरिष्ठ अधिकृतज्यूहरु, धनगढी उपमहानगरपालिकाका प्रमूख श्री नृप वडज्यू, उपप्रमूख श्री सुशीला भट्टज्यू, लम्कीचुहा नगरपालिकका मेयर श्री महादेव बजगाईज्यू, कैलाली जिल्लाका सम्पूर्ण स्थानीय पालिकाका प्रमूखज्यूहरु, राष्ट्रिय आविस्कार केन्द्रका प्रमूख श्री महाविर पुनज्यू, लगायत बितेको २५ वर्ष अवधिमा संस्थाले आयोजना गरेका विविध औपचारिक समारोहमा प्रमूख अतिथि, विशिष्ठ अतिथि, अतिथिका रुपमा सहभागी भई शोभा बढाई दिनुहुने सम्पूर्ण व्यक्तित्वहरु प्रति कृतज्ञता ज्ञापन गर्दछौं। उहाँहरुको आतिथ्य, सहयोग, सद्विचारले संस्थाको २५ वर्षे यात्रा सहज हुनुका साथै संस्थाको उचाई र गरिमा बढाउन ठूलो मद्दत पुगेको हाम्रो ठम्याई छ।

अन्तमा, वर्तमान विश्व कोभीड-१९ ले आक्रान्त भईरहेका बेला हामी हाम्रा सम्पूर्ण शेयरसदस्य, शुभेच्छुक तथा आम जनसमुदायलाई सुरक्षित जीवन व्यवहारका लागि अपिल गर्दै, यस्तो विषम परिस्थितिमा संस्थाको रजतजयन्ती समारोह पर्न गएकोले हामी सोचे अनुसार समारोह गर्न असमर्थ रहेपनि यस प्रकाशन मार्फत सम्पूर्ण सारोकारवालाहरु समक्ष पुग्ने र २५ वर्षको ईति वृत्तान्त वर्णन गर्ने विश्वास लिएका छौं। हामीलाई यो पनि विश्वास छ कि, यो एउटा पठनयोग्य पुस्तक मात्रै नभएर संस्थाको ऐतिहासिक दस्तावेज साबित हुनेछ।

धन्यवाद।
प्रकाशन समिति/सन्चालक समितिको तर्फबाट
अध्यक्ष

# सम्पादकिय

विगत २५ वर्षको सुनौलो यात्रामा किसान बहुउद्देश्यीय सहकारी संस्थाले हासिल गरेका तमाम अनुभव, अभ्यास र उपलब्धीहरुलाई जीवन्त वर्णन गरि उत्साहले भरिएका शब्दहरुको संयोजन मार्फत लेखहरुमा उद्गारहरु आउदा पक्कै पनि संस्थाले यो लामो इतिहासमा समाज र समूदायको लागि केही गुन लगाएको रहेछ भन्ने हामीले अनुभुति गरेका छौं ।

"समृद्धिका लागि समूदाय संग संगै" नारा बोकेको संस्थाले सहकारीको माध्ययमबाट स्थानीय साधन स्रोतको उच्चतम परिचालनमा जोड दिई स्थानीय अर्थतन्त्रलाई चलायमान बनाई राख्न हरसम्भव प्रयत्नशील रहेको पाईन्छ । वित्तीय पहुँचको विस्तार, कृषिमा व्यवसायिकताको प्रवेश, प्रविधिसंगको साक्षात्कार लगायतका सुखद अनुभुतीहरु संस्थाको सम्पतिका रुपमा रहेका छन् । संस्थामा आवद्ध कर्मचारी तथा सदस्यहरुबाट प्राप्त लेख रचनाहरु सम्पादन गर्ने क्रममा सबैपक्ष संस्था प्रति जिम्मेवार रहेको अनुभूति रहयो । सदस्यहरुको अगाध माया र स्नेहले गर्दा नै विभिन्न बाधा र अड्चनहरुलाई पन्छाउदै आज यस रजतजयन्ती मनाउने अवस्थासम्म संस्था आइपुगेको छ । यस अवसरमा यो प्रकाशन केवल जानकारीको संगालो मात्रै नभई वितेको २५ वर्षको जिवन्त ईतिहास रहिरहने छ ।

त्यसैले यस इतिहास लेखन/सम्पादनको सु-अवसर प्रदान गर्नुहुने प्रकाशन समिति अर्थात सन्चालक समिति प्रति सम्पादन मण्डल कृतज्ञता प्रकट गर्दछ । छोटो समयमा यसलाई पुस्तकाकार दिन त्यति सहज हुने थिएन तसर्थ यस कार्यमा सहयोग गर्नुहुने संस्थाको केन्द्रिय कार्यालयका लघुवित्त विभाग, परियोजना एवं वित्त विभाग, तथ्याँक विभाग लगायत सम्पूर्ण विभाग एवं सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छौ । सामाग्री संकलन तथा सम्पादनमा सहयोग गर्नुहुने पत्रकार योगेश रावल तथा पत्रकार युवराज न्यौपाने प्रति पनि आभारी छौं ।

जे जस्तो भएपनि हामीले यहाँहरु समक्ष यो स्मारिका पस्किएका छौं । यसलाई आफ्नो तर्फबाट राम्रो मानेर अध्ययन गर्नु हुनेछ भन्ने हामीले आशा र भरोसा गरेका छौं । साथै छोटो समयको तयारीका कारण यस स्मारिकामा अज्ञानतावस केही गल्ति, कमजोरीहरु हुन सक्छन्, यसलाई मनन गरि भविष्यको लागि यहाँहरुले अमूल्य सुझावहरु दिनु नै हुनेछ भन्ने अपेक्षा गरेका छौं ।

अन्तमा, स्मारिका प्रकाशनमा शुभकामना व्यक्त गर्नु हुने सम्पूर्ण व्यक्तित्वहरुमा कृतज्ञता प्रकट गर्न चाहन्छौ । साथै लेख रचना लगायतका प्रकाशनयोग्य सामाग्रीहरु उपलब्ध गराई स्मारिका प्रकाशनमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

धन्यवाद !

-सम्पादक मण्डल

**प्रधानमन्त्री**



**काठमाडौं, नेपाल**

## शुभकामना

किसान बहुउद्देश्यीय सहकारी संस्था, लम्की चुहा नगरपालिका-१ कैलालीले आफ्नो स्थापनाको २५ औं वर्ष पूरा गरेको अवसरमा रजत जयन्ति स्मारिका प्रकाशन गर्न लागेको खबरले मलाई खुशी लागेको छ । स्थापनाको २५ औं वर्ष पूरा गरेको अवसरमा किसन बहुउद्देश्यीय सहकारी संस्थालाई बधाई दिंदै स्मारिका प्रकाशनको सफलताको शुभकामना ब्यक्त गर्दछु ।

२५ वर्ष अघि स्थापना भएको यस संस्थाले कैलाली जिल्लाभर २१ वटा सेवा केन्द्रहरुबाट ५६ हजार भन्दा बढी घरधुरीका सदस्यहरुलाई सहकारी मार्फत वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्दै आएको छ । सरकारले अघि सारेको तीन खम्बे अर्थनीति अनुरुप संस्थाका सदस्यहरुलाई सिपमुलक तालिम तथा वित्तीय सचेतना मार्फत आयस्तर बृद्धि गर्न योगदान पुऱ्याएको छ । तीन बिगाह क्षेत्रफलमा एकीकृत कृषि फार्म सञ्चालन गरी तरकारी उत्पादन, कृषि प्रयोगशाला स्थापना गरी उत्पादनलाई प्रोत्साहन र माटो परीक्षणको काम समेत गरिरहेको छ । किसान बहुउद्देश्यीय सहकारी संस्थाका यी प्रशंसनीय कार्यप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

यतिबेला हामी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने संकल्पसाथ अग्रसर छौं । त्यसका लागि मुलुकको आर्थिक विकास मुख्य पूर्वशर्त हो । आर्थिक विकासको लागि उत्पादन र रोजगारीमा बृद्धि ल्याउनु आवश्यक छ । उत्पादन र रोजगारी दुबैमा बृद्धि ल्याउन कृषिको आधुनिकीकरण गरी त्यसलाई उद्योगका रुपमा विकास गर्नु पर्दछ । आफ्नो कार्यक्षेत्रमा वित्तीय तथा गैर वित्तीय सेवाहरु प्रदान गरी कृषिको आधुनिकीकरण गर्न यस संस्थाले खेलेको भूमिकाप्रति खुशी ब्यक्त गर्दछु ।

अन्त्यमा किसान बहुउद्देश्यीय सहकारी संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै प्रकाशोन्मूख स्मारिकाको सफलताका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

**३० असोज २०७७** **केपी शर्मा ओली**

नेपाल सरकार

**मा. पद्माकुमारी अर्याल**
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सिंहदरबार, काठमाडौं ।**



# शुभकामना

कैलाली जिल्लाको लम्की चुहा नगरपालिका-१ स्थित किसान बहुउद्देश्यीय सहकारी संस्था लि.ले २५ औं वर्ष पूरा गरी रजत महोत्सवको उपलक्ष्यमा **“स्मारिका”** प्रकाशन गर्न लागेको खबरले मलाई खुशी लागेको छ । यस संस्थाको रजत महोत्सवको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दै स्मारिका प्रकाशनको शुभेच्छा व्यक्त गर्दछु ।

सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहभागिता एवं विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको लक्ष्य रहेको छ । प्राप्त उपलब्धीहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य र शोषणरहित समाजको निर्माणका लागि राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य परिपूर्ति गर्न नेपालको सहकारी क्षेत्र दृढ संकल्पित छ । यस सहकारी संस्थाले उत्पादनशील काममा आफूलाई संलग्न गराउदै त्यस क्षेत्रका जनताको जीवनस्तरलाई माथि उठाउन सहयोगी भूमिका खेल्नेछ भन्ने विश्वास मैले लिएको छु ।

कैलाली जिल्लाभित्र  कार्यक्षेत्र रहेको यस संस्थाले ५६ हजार भन्दा बढी घरधुरीहरुमा सदस्यता विस्तार गरी सेवा पुऱ्याइरहेको तथ्यले संस्थाको विश्वसनीयतालाइ थप उजागर गरेको छ । आफ्ना सदस्यहरुलाई आत्मनिर्भर बनाउन कृषिक्षेत्र, सीपमूलक तालिम एवं वित्तीय सचेतना सम्बन्धी कार्यक्रम गर्नु पनि आफैमा सकारात्मक पक्ष हुन् ।

अन्त्यमा, यस सहकारी संस्थाका गतिविधिहरुलाई समेटेर प्रकाशन गर्न लागिएको स्मारिकाले शेयर सदस्यहरूको संस्थाप्रति विश्वास बढ्नुका साथै पारदर्शिताका लागि सहयोग पुऱ्याउने अपेक्षा सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

*४ कार्तिक २०७७*

**(पद्माकुमारी अर्याल)**
**मन्त्री**

**मुख्यमन्त्री**

**सुदूरपश्चिम प्रदेश**



## शुभकामना

सर्वप्रथम कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका स्थित किसान बहुउद्देश्यीय सहकारीले आफ्नो स्थापनाको २५ वर्ष पुरा गरी रजत जयन्ती मनाउन गईरहेको खबर पाउँदा खुशी लागेको छ । स्थानियस्तरमा २५ वर्षसम्म सफलता पूर्वक सहकारी संस्था सञ्चालन गरी 'एकका लागि सबै र सबैका लागि एक'भन्ने मूलमन्त्र सार्थक पार्न सफल भएकाले नै यो सहकारी संस्था आज रजत जयन्ती सम्म आईपुगेको मेरो बुझाई रहेको छ । सहकारी पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक , सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदान प्रशंसनीय छ ।

कैलाली जिल्ला मात्र कार्यक्षेत्र रहेको संस्थाले ५६ हजार परिवारलाई सेवा पुऱ्याईरहेको थाहा पाउँदा उक्त संस्थालाई सहकारी क्षेत्रको अग्रणी सहकारी संस्थाका रुपमा मैले बुझ्ने मौका पाएको छु । सहकारीका माध्यमबाट सदस्यलाई आत्मनिर्भर बनाउन सहकारीले कृषिक्षेत्रलाई प्राथमिकतामा राख्नुका साथै समुदाय स्तरमा सदस्यहरुलाई एकताबद्ध गराई विभिन्न प्रकारका सीपमूलक तालिम एव वित्तीय सचेतना सम्बन्धी कार्यक्रम गर्नुका अतिरिक्त कृषि प्रयोगशाला, लगायतका सकारात्मक कार्यतर्फ संस्था अग्रसर हुन सहकारी क्षेत्रका लागि गौरवको कुरा हो ।

आजको युग सूचना प्रविधिको युग भएकाले सहकारी संस्थाले समेत प्रविधिलाई आत्मसाथ गरिरहेको थाहा पाईयो । विभिन्न प्रकारका विद्युतीय माध्यमबाट कारोबार गर्न संस्थाले सदस्यलाई सहज वातावरण बनाई दिनु वर्तमान कोभीड-१९ को विषम परिस्थितीका लागि अतिनै सान्दर्भिक एवं सह्रानिय कार्य हो । मलाई विश्वास छ, वर्तमान कोभीड-१९ को विषम परिस्थितीमा सहकारीका सदस्यहरुले डिजिटल माध्यमबाट सहकारीको सेवा उपयोग गरी लाभ लिई रहनु भएको होला ।

आगामी दिनमा सहकारीका माध्यमबाट गरीबी न्यूनिकरण,सामाजिक,लैंगिक असमानता हटाई सभ्य र स्वावलम्बी समाज निर्माणकालागि सहकारीले उल्लेखनीय भूमिका निर्वाह गरोस् भन्ने शुभेच्छा सहित सहकारी संस्थाको २५औ वार्षिक उत्सव एवं रजत जयन्तीको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति :२०७७/०७/०४

त्रिलोचन भट्ट



प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली

## शुभकामना

नेपाली जनता र नेपालका राजनीतिक दलहरुको पटक पटकको संघर्षबाट देशमा ठुला ठुला राजनीतिक परिवर्तनहरु भएका छन् । जनताले अपेक्षा गरे अनुरुप शासकिय संरचनाहरु निर्माण भएका छन् । जनपक्षिय संविधान निर्माण, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, उत्पिडित तथा पछि परेका जाति, वर्ग तथा क्षेत्रका हक-अधिकारहरुको सुनिश्चितता आदि पछिल्लो राजनीतिक घटनाक्रमका महत्वपूर्ण उपलब्धीहरु हुन् । यी उपलब्धीहरुको संरक्षण, सदुपयोग र संस्थागत कार्यान्वयन गर्नु अबको आवश्यकता रहेको छ ।

राज्य सबैको साझा हो । यसको निर्माणमा राज्यका सबै पक्षहरुको उत्तरदायित्व हुन्छ । त्यसैले राज्यभित्रका सबै पक्ष, क्षेत्र, तह र निकायहरुले आ-आफ्नो तर्फबाट सकारात्मक सोच सहित जिम्मेवारी र उत्तरदायित्व बहन गर्नु आजको आवश्यकता हो ।

एकीकृत कृषि फर्म सञ्चालन गरी तरकारी उत्पादन तथा समुदायमा तालिम सञ्चालन गर्ने, कृषि प्रयोगशाला स्थापना गरी सदस्यहरुको बाली उत्पादनलाई प्रोत्साहन गर्न माटो परीक्षण कार्यहरुमा अग्रसर कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका-१ स्थित साना किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो २५ औं वार्षिकोत्सव तथा रजत जयन्तीको अवसरमा रजत जयन्ती विशेष "**स्मारिका**" प्रकाशन गर्न लागेको कुराले मलाई खुशी लागेको छ । यस सहकारी संस्थाले निम्न आय भएका कृषकहरुको लागि आयआर्जनमा सहयोग गर्नुका साथै जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रदेशकै अग्रणी सहकारी संस्थाको रुपमा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्था, लम्किचुहाको २५ औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न होस् भन्ने कामना गर्दै यस संस्थाले आफ्नो र यस क्षेत्रका जनताको विकास तथा उन्नतीका लागि सहकारीका मूल्य, मान्यता र मर्म बमोजिम अझै सशक्त रुपमा कार्य गर्न सकोस भन्दै उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

विनिता देवी चौधरी<br>
मन्त्री<br>
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मा.मन्त्री<br>
विनिता देवी चौधरी



# लम्कीचुहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश ,नेपाल

फोन नं. ०९१-४१९०१५
फ्याक्स नं. ०९१-४१९०९४
ईमेलः lamkicm@gmail.com
वेवसाइटः lamkichuhamun.gov.np

प.सं. : ०७७।७८
च.नं. १२०८

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति :- २०७७/०६/२३

## हार्दिक शुभकामना

लम्कीचुहा नगरपालिका वडा नं.१,लम्कीमा अवस्थित सुदुरपश्चिम प्रदेशकै एक नमुना सहकारी संस्था किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले स्थापनाकालको २५ औं बर्ष तथा रजत जयन्ती मनाउन गईरहेको सुन्दा अत्यन्त खुशि लागेको छ । वि.सं.२०५२ सालमा यस क्षेत्रको पहिलो बहुउद्येश्यीय सहकारी संस्थाका रुपमा स्थापना भई हाल कैलाली जिल्ला भरि २१ ओटा सेवा केन्द्रबाट ५६ हजार भन्दा बढी सदस्यहरुलाई सहकारी मार्फत प्रदान गरिने वित्तिय सेवा प्रदान गर्दै आईरहेको यस संस्थाप्रति सिङ्गो नगरपालिका गर्व महसुस गर्दछ ।

किसान बहुउद्देश्यीय सहकारी संस्था आफ्ना सदस्यहरुप्रति पुर्ण उत्तरदायी भई विगत स्थापनाकाल देखि हालसम्म विभिन्न गतिबिधिहरु सफलतापुर्वक सम्पन्न गरिरहेको रआगामी दिनमा पनि सो गतिबिधिहरुलाई निरन्तरता दिदै सदस्यहरुको आयस्तरमा वृद्धिगरि जीवनस्तर उकास्न अहंम भुमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा लिएको छु । यसै गरि सदस्यहरुको जीवन स्तरमा सुधार ल्याई समग्र समाज र राष्ट्र निर्माणका लागि आफ्नो तर्फबाट किसान बहुउद्देश्यीय सहकारी संस्था सदैव नविनतम कार्य मार्फत देश विदेशमा परिचीत होस भन्ने शुभकामना दिन चाहान्छुँ ।

आजको २१ औं शताव्दी अर्थात विज्ञान र प्रविधिको युगमा किसान बहुउद्देश्यीय सहकारी संस्थाले आफ्नो वित्तिय सेवालाई पुर्ण प्रबिधिमैत्रि बनाएको देख्दा हृदयदेखि प्रशंसा गर्न चाहान्छु । यसका साथ-साथै संस्थाले सदस्यहरुलाई सीपमुलक तालिम,वित्तिय साक्षरता र अन्य सामाजिक उत्तरदायित्व का कार्यक्रमहरु तथा सेवाहरु प्रदान गरिरहेकाले हार्दिक धन्यवाद प्रकट गर्दछु । संस्थाको नाम नै किसान भएकाले अवका योजना तथा कार्यक्रमहरु किसान र कृषि प्रति वढी केन्द्रीकृत भई सञ्चालन गर्न सुझाव दिन चाहान्छु । संस्थाले हालै ३ विघाह क्षेत्रफलमा एकिकृत कृषि फर्म सञ्चालन गरि तरकारी उत्पादन गरिरहेको कृषि संग सम्बन्धित तालिम सञ्चालन गरिरहेको र कृषि प्रयोगशाला स्थापना गरि सदस्यहरको वाली उत्पादनलाई प्रोत्साहन गर्न माटो परिक्षणको कार्य शुभारम्भ हुन गईरहेको भन्ने सुन्दा आगामी दिनमा संस्था कृषि प्रवर्दनमा अघाडी बढ्ने विश्वास लिएको छु ।

किसान बहुउद्देश्यीय सहकारी संस्था हाम्रो नगरपालिकाको वित्तिय र सामाजिक विकाशको मेरुदण्ड भएकाले विगत देखि नै यस संस्थाको गतिबिधिमा नगरपालिकाबाट अनुदान सहयोग गर्दै आएका छौं र आगामि दिनमा पनि यस क्षेत्रका नगरवासिहरुको सेवा सुबिधाको लागि संस्था संगको सहकार्यमा विभिन्नि परियोजनाहरुमा संगसंगै रहने प्रतिबद्धता गर्दछु ।

सहकारीको अन्तराष्ट्रिय सिद्धान्त अनुरुप आफ्ना गतिबिधि निरन्तर रुपमा सञ्चालन गरी सहकारी अभियानमा अग्रणीस्थान हासिल गर्न सफल र सक्षम रहोस भन्ने शुभकामना सहित संस्थाको २५ औं वार्षिक उत्सव तथा रजतजयन्तीको पुर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महादेव बजगाई
**नगरप्रमुख**

# राष्ट्रिय सहकारी विकास बोर्ड

(राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ द्वारा स्थापित)

फोन नं. { ५०१०१३१/५०१०२३७
५०१००९६/५०१०१९०
पुल्चोक, ललितपुर, नेपाल ।

पत्र संख्या :

चलानी नं.:



## शुभकामना

**श्री किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,** कैलालीले आफ्नो **२५ औं वार्षिक उत्सव तथा रजत जयन्ती २०७७ कार्तिक १७ गते मनाउन** लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ । साथै सो अवसरमा रजत जयन्ती विशेष **स्मारिका** प्रकाशन गर्नु लागेकोमा बधाई दिन चाहान्छु ।

वर्तमान अवस्थामा सहकारी संस्थाहरुको वृद्धि भएसँगै, सहकारीले महत्वपूर्ण उपलब्धिहरु हाँसिल गर्दै आएको पाइएको छ । सहकारीको माध्यमबाट सदस्यहरुले आफ्नो आर्थिक सामाजिक विकास गर्न सक्षम भएका छन् । तसर्थ सहकारीहरुले सञ्चालन गर्ने कार्यक्रमहरु कृषि क्षेत्रको विकास, विस्तार, उत्पादनमा वृद्धि, बजारीकरणमा सहजता, युवा तथा महिला सशक्तिकरण तथा उद्यमशिलताको विकास, रोजगारीको सिर्जना, वित्तिय साक्षरता अभिवृद्धि, आयमूलक/सिपमूलक जस्ता कार्यक्रमहरुमा आफ्ना कार्य केन्द्रित गर्नु पर्ने देखिन्छ । यसका लागि सहकारी संस्थाहरुले आफ्ना सदस्य संस्थाहरुको नेतृत्व विकास, व्यवस्थापकिय क्षमता अभिवृद्धि र सहकारी सहकारी बीच अन्तरसम्बन्ध र समन्वयात्मक सम्बन्धको स्थापनाका लागि कार्यक्रम सञ्चालनमा जोड दिनु पर्ने अपरिहार्य रहको छ । मलाई विश्वास छ संस्थाले सञ्चालन गरेका कार्यक्रमहरुले सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणमा योगदान पुगेको छ र भविष्यमा पनि त्यस्ता कार्यक्रमहरुलाई संस्थाले निरन्तरता दिदैं जाने विश्वास लिएको छु । आगामी दिनमा पनि संस्थाले सहकारीको मूल्य मान्यता, सिद्धान्त, ऐन, नियम अनुसार सञ्चालन गरी अझ उत्कृष्ट रुपमा संस्था सञ्चालन गरी सदस्यहरुको व्यावसायिक विकासमा टेवा पुर्‍याउन सक्षम हुनेछ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, संस्थाको **२५ औं वार्षिक उत्सव तथा रजत जयन्ती** सफल रुपमा सम्पन्न होस र संस्थाको **स्मारिका** पनि प्रकाशन हुन सकोस भन्ने शुभकामना दिन चाहान्छु । साथै संस्था र संस्थाका सम्पूर्ण सदस्यहरुको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सहकारी अभिवादन !

मिति :२०७७।०६।३०

(चक्र बहादुर पराजुली)
सदस्य-सचिव

वेबसाइट : www.ncdb.org.np, ई-मेल : coopdesk@gmail.com, पो.ब.नं. : ५७१७, काठमाडौं, नेपाल



श्री अध्यक्षज्यू
किसान वहुउद्देश्यीय सहकारी संस्था लि.
बलिया -८, लम्की, कैलाली

**विषयः हार्दिक बधाई तथा शुभकामना ।**

महाशय,

आज भन्दा २५ बर्ष अगाडि २०५२ सालमा कैलाली जिल्लाको लम्कीमा स्थानीय समुदायको पहलमा स्थापना भएको किसान वहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रजत जयन्तीको शुभ उपलक्ष्यमा संस्थाको सबै सदस्य, संचालक पदाधिकारी, महाप्रवन्धक एवं कर्मचारीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछुँ।

शुरुका दिनमा कार्यक्रम सञ्चालन गर्न र संस्थाको उद्देश्य, महत्व एवं औचित्य वारे समाज एवं लक्षित बर्गलाई बोध गराउन कठिनाई थियो । आज संघर्षका ती दिनहरु सम्झदा कहानी जस्तो लाग्छ होला । सबैलाई भित्रै देखि सुखद अनुभुति पनि भएको होला । आज भन्दा करीव २० वर्ष अगाडि त्यस संस्था संग मेरो संपर्क भएको थियो । त्यसवेला संस्था सदस्यहरुलाई प्रदान गरेको ऋण असुलीमा भएको कठिनाई र कारोबारमा भएको घाटा कसरी पूर्ति गर्ने भन्ने छलफलमा वढि केन्द्रित थियो । त्यसै पृष्ठभूमिमा आरएमडिसी संगको सहकार्यमा लघुवित्त सेवा सञ्चालन गर्ने निर्णय भयो । त्यो नै संस्थाको इतिहासमा एउटा मार्ग शिला हुन पुग्यो । कैलाली जिल्लाको ठुलो जनसंख्या आर्थिक रुपमा अत्यन्त नाजुक अवस्थामा रहेको र जीवन निर्वाहमा कठिनाई भोगिरहेको अवस्थामा विपन्न, निमुखा र निसहाय वर्गलाई परिलक्षित गरी दैलो दैलोमा लघुवित्त सेवा प्रवाह गर्ने कार्य शुरुवात गरेपछि त्यस संस्थालाई जनजनले चिन्ने, चिनाउने र उनीहरुको मन मस्तिष्कमा बस्ने अवस्था श्रृजना भयो। कैलाली जिल्लाका विपन्नलाई सम्पन्नता तिर उन्मुख गराउन त्यस संस्थाले पुऱ्याएको सेवा र योगदान अविस्मरणीय छ। यो संस्था कैलाली जिल्लाको एउटा अग्रणी संस्थाको रुपमा आफ्नो छबि कायम राख्न सफल भएको छ। २१ वटा सेवा केन्द्र मार्फत ५६ हजार विपन्न परिवारलाई सेवाको पहुँच पुऱ्याउन सक्नु निश्चयनै एउटा ठुलो उपलब्धि हो । त्यस्तै वित्तीय साक्षरता र सामाजिक चेतनाको विकासमा पनि उदाहरणीय योगदान पुऱ्याउन संस्था सफल भएको मलाई महशुस भएको छ। साथै प्रविधिको महत्व तथा सान्दर्भिकता बुझेर आफ्नो सदस्य माझ प्रविधिको प्रयोगलाई व्यापक बनाएर सेवालाई सरल र विश्वसनीय बनाउन पनि संस्था सफल भएको देख्छु।


आज विश्व नै कोरोना महामारीको विषम परिस्थितिबाट गुज्री रहेको र सम्पूर्ण आर्थिक तथा सामाजिक गतिविधि शिथिल भै रहेको अवस्थामा किसान बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालकहरु, महा प्रवन्धक तथा कर्मचारीहरु अनवरत रुपमा सदस्यहरुको हितलाई सर्वोपरि मानि सेवा दिन तल्लिन भएको देख्दा मलाइ गर्व लागेको छ। आगामि दिनमा आफ्ना प्रत्येक सदस्यलाई निर्वाहमुखी स्थिति बाट स्वउद्यमी र स्वावलम्बी बनाउने अभियान अगाडि वढाउन आग्रह गर्दछु। अन्तमा यस रजत जयन्तीको पुनित अवसरमा त्यस संस्थाका साथै सम्पूर्ण सेवाग्राही सदस्यहरुको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना ब्यक्त गर्दछुँ।

भवदीय

शंकर मान श्रेष्ठ,
अध्यक्ष
स्वावलम्बन विकास केन्द्र
माईतीघर हाईट, काठमाडौ

स.बि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल



## शुभकामना

विश्वयापी महामारीका रुपमा फैलिएको कोभिड १९को संक्रमणको जटिल परिस्थितिमा यसको रोकथाम, नियन्त्रणका लागि समुदायसँग प्रत्यक्ष जोडिएर सहकारी अभियानले खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दै सम्पूर्ण सहकारीकर्मीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । यस महामारीका कारण देशभरि भएको लकडाउन तथा निशेधाज्ञाको समययमा सहकारीले स्थानीय, प्रदेश र संघिय सरकारसँग हातेमालो गर्दै विपत्को साथीको रुपमा कार्य गरेकाले यसको महत्व थप उजागर भएको व्यहोरा विदित्तै छ । जसका कारण हाम्रो सामु थप जवाफदेही भइ जिम्मेवारी बहन गर्नु पर्ने अवसर समेत सिर्जना भएको छ ।

कोभिड-१९को महामारीविरुद्धको अभियानमा विगतमा भ्कै सहकारी अभियानले समुदायको रक्षाका लागि रक्षाकवचका रुपमा कार्य गर्ने विश्वास व्यक्त गर्दछौं । साथै, संयुक्तराष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेका दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि आफ्नो नीति, बजेट तथा कार्यक्रममा समेत यो विषयलाई प्राथमिकताका साथ समावेश गर्न अनुरोध गर्दछौं । दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रत्येक संस्थाले गरेको योगदानलाई अभिलेख राखी त्यसलाई अभियानको माथिल्लो निकायमा पेश गरी सहकारीको योगदानलाई एकिकृत गर्न समेत अनुरोध छ ।

सदस्य केन्द्रीत व्यवसायिक गतिविधि गर्दै परिणाममूखी कार्यक्रमहरु गरी संस्थाले सदस्यका आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय लक्ष्य हासिल गर्न लम्की, कैलालीको **किसान बहुउद्देश्यीय सहकारी संस्था लि**.ले खेलेको भूमिका स्मरणयोग्य रहेको छ । नीति, विधि र प्रविधिको प्रयोग गरी सदस्यलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्दै आएको संस्थाले सदस्यहरुको आयस्तर बृद्धि गरी सदस्यहरुको जीवनस्तर उकास्न सहयोगी भूमिका खेल्दै आइरहेको छ । यस संस्थाको विशेष आकर्षणको रुपमा रहेको लघुवित्त कार्यक्रम मार्फत न्यून आय भएका जनताका (खासगरी महिलाको) जीवनस्तर परिवर्तन गर्न खेलेको भूमिकाको उच्च प्रशंशा गर्न चाहान्छौं । नमुना एकिकृत कृषि फर्म समेत संचालन गरी युवालाई कृषि क्षेत्रमा आवद्ध हुन प्रोत्साहन गर्दै आएको संस्थाले स्थापनाकालको २५ बर्ष पार गरेको उपलक्ष्यमा यस बर्षभरी २५ वटा विविध सामाजीक कार्यक्रमहरु समेत सम्पन्न गरेको जानकारी पाउँदा खुसी लागेको छ । संस्थाले बार्षिक उत्सव तथा रजत जयन्तीको अवसर पारेर संस्थाको २५ बर्षसम्मको गतिविधि भ्कल्किने गरी रजत जयन्ती विशेष **'स्मारिका'** प्रकाशन गर्न लागेको जानकारी पाउँदा अभ्क खुशी लागेको छ । यस अवसरमा संस्थाका पदाधिकारी, कर्मचारी तथा आवद्ध सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्न चाहान्छौं । साथै प्रकाशन गर्न लागिएको स्मारिकाले त्यस सहकारी संस्थाका बारेमा सदस्य तथा समुदायलाई थप जानकारी प्राप्त हुने र अन्य सहकारीका लागि समेत प्रेरणा मिल्ने विश्वास लिएका छौं । अन्त्यमा, सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाका साथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी तथा धन्यवाद !

**मिति : २०७७/०६/२८**

(मिनराज कडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np



Message

I would like to congratulate Kisan Bahuudeshiya Sahakari Sanstha Ltd. for completing 25 years of serving the community through financial services, education, and promotion of micro-enterprises, among others.

Our partnership with Kisan Bahuudeshiya started in 2015 with a project aimed at expanding financial services in remote locations of Kailali district, digitising the microfinance centre meeting operations through the use of tablet devices and rolling out a demand-driven business loan for Micro and Small Enterprise. Financial literacy, using innovative methods, to build the financial decision-making capacity of the people was another area of priority. A second follow up project is focused on scale-up of the automation of operations. The project also intends to upgrade the software, launch mobile banking app and debit cards for its members.

We also appreciate the organisation's commitment to client protection principles as it is currently pursuing SMART certification. It is heartening to note that Kisan Bahuudeshiya is institutionalising project initiatives and continues to build its business aspirations by capitalising on the outcomes of two projects successfully implemented in partnership with Sakchyam.

Kisan Bahuudeshiya's achievements are commendable, and the credit goes to the hard work of the project team and guidance of the senior leadership.

I would like to extend best wishes for the coming years.

Nirmal Dahal
Team Leader
Sakchyam Access to Finance Programme



## Message of Congratulations

On behalf of Good Return, I would like to convey my congratulations to Kisan Bahuudeshiya Sahakari Sanstha Limited on celebrating the milestone of its Silver Jubilee in 2020, marking 25 years of facilitating access to valuable community services including access to finance for marginalized communities in Kailali district.

Good Return values its partnership with Kisan which has been in place since March 2017. The Consumer Awareness and Financial Empowerment (CAFE) initiative, a financial capability program implemented in partnership with Kisan, has seen Kisan strengthen the protection of its marginalized community members while enabling them to develop skills and knowledge about money management behaviors and financial services to make their own informed decisions, ultimately enhancing the financial well-being of low income households.

Good Return greatly values Kisan's commitment to Client Protection Principles, demonstrated through its pursuit of global Smart Certification accreditation through the Smart Certification Technical Assistance Project, which we have collaborated on since 2018.

I am confident that Kisan will continue to benefit thousands of lives through its services to the community, improving the socio-economic conditions of the community by continuing to innovate its services to meet their ongoing needs.

Once again I would like to extend my congratulations to the Kisan team on reaching the significant milestone of it 25th year and offer best wishes for your continued success in the years to come.

**Shane Nichols**
Chief Executive Officer
Good Return
12 October 2020

Good Return | ABN 39 106 279 225 & AFSL 504804
We are an Australian Aid accredited agency.
PO Box 479, St Leonards, NSW 1590, Australia
Phone +61 2 9114 8111

support@goodreturn.org
www.goodreturn.org.au

विषय सुची | पेज नम्बर


| | |
|---|---|
| किसान सहकारी : विगत देखि वर्तमान सम्म | १ |
| स्मरण सहितको शुभेच्छा | ४ |
| किसान सहकारीको सफलताबाट म निकै खुसी छु | ५ |
| सेवाका २५ वर्ष | ७ |
| संस्थाले प्राप्त गरेका सम्मान तथा केही यादगार क्षण | ११ |
| ऐतिहासिक दस्तावेज | १२ |
| किसान बहुउद्देश्यीय सहकारी संस्था लि. स्थापन देखि हाल सम्मका........ | १३ |
| रजत जयन्ती वर्ष गतिविधीहरु | १४ |
| किसान सहकारीमा २० वर्ष नेतृत्वको अनुभव | २१ |
| स्थापनाकालदेखि हालसम्मका पदाधिकारीहरुको विवरण | २२ |
| फोटो ग्यालेरी-१ | २६ |
| भुगोल : कैलाली र किसान सञ्जाल | २८ |
| समाजको समुन्नतीमा किसान बहुउद्देश्यीय सहकारी संस्था | ३० |
| किसान नै मेरो जीवनको “टर्निङ प्वाईन्ट” | ३२ |
| “आमाको कथा” | ३३ |
| फोटो ग्यालेरी-२ | ३४ |
| किसान बहुउद्देश्यीय सहकारी संस्थाको उपलब्धी र चुनौती | ३६ |
| विगतको सुखानुभूती | ३७ |
| यो अवस्थासम्म पुग्न किसान साथ | ३८ |
| ५० हजारको ऋणबाट कारोवार गरेका भुर्तेल अहिले बने करोडौको मालिक | ३९ |
| पूर्खाको देश | ४० |
| फोटो ग्यालेरी-३ | ४१ |
| साझेदारहरु संगको सहयात्रा | ४३ |
| फोटो ग्यालेरी-४ | ४८ |
| परम्परागत देखि आजको प्रविधिमैत्री किसान सम्म | ५० |
| किसानमै सबै वित्तीय सेवा | ५१ |
| हाल कार्यारत कर्मचारीहरुको विवरण | ५२ |
| कुईनेको आवाज | ५७ |
| शुभकामना | ५७ |
| फोटो ग्यालेरी-५ | ५८ |
| महिला सशक्तीकरणमा सहकारीको भुमीका | ५९ |
| बिहान | ६१ |
| वितीय यात्रामा किसानसँगै दश वर्ष | ६२ |
| मेरो अनुभुति | ६३ |


** यस स्मारिकामा प्रकाशित लेख रचना लेखकका निजी विचार हुन यसमा संस्थाको कुनै जिम्मेवारी रहने छैन ।*

# किसान सहकारी : विगत देखि वर्तमान सम्म

- सुरेन्द्र कुमार शाह
अध्यक्ष
किसान बहुउद्देश्यीय सहकारी संस्था लि.



### ◆ किसान सहकारी संस्थाको २५ वर्षे यात्रालाई कसरी सम्झनुहुन्छ ?

किसान बहुउद्देश्यीय सहकारी संस्थाको स्थापनाकालदेखि अहिलेसम्म करिव २५ वर्ष सम्म लगातार नेतृत्वमा रहेर काम गर्ने अवसर प्राप्त गरीरहँदा निकै खुसी लागिरहेको छ । विगतको कुरा गर्ने हो भने यो सामान्य चिया चौतारीमा छलफल भएर स्थापना भएको संस्था हो । यो संस्थालाई दर्ता गर्ने प्रक्रियामा तत्कालीन सञ्चालक इन्द्रकुमार शाहको धेरै ठुलो योगदान रहेको छ । उहाँ नै किसान सहकारी संस्थाको एक प्रमुख जन्मदाता हो । संगसंगै मैले पनि संस्था स्थापना गर्दा हातेमालो गरेको थिए । यसका साथै यस क्षेत्रका अन्य समाजसेवी, वुद्धिजिवि र व्यापारीहरूको समेत संस्था स्थापनामा ठुलो योगदान रहेको छ । २५ वर्षको दौरानमा आईपुग्दा विचमा धेरै वाधा व्यवधानहरू संस्थामा आईपरे पनि निरन्तरको ईमान्दारीता, लगनशिलता र मेहनतका कारण सस्था आज यो स्थानमा पुग्न सफल भएको छ । आजको दिनसम्म आईपुग्दा करिव ५६ हजार सदस्यहरूको प्रत्यक्ष संलग्नता किसान सहकारी संस्थामा रहेको छ । आज यसरी सरसर्ती हेर्दा किसान सहकारी सबैको गर्व गर्न लायक संस्थाको रूपमा स्थापित हुन सफल भएको छ । यसमा सबैको सहयोग उत्तिकै रहेको मैले महशुस गरेको छु ।

### ◆ संस्था स्थापना गर्दाका शुरुवाती संर्घषका दिनहरुलाई स्मरण गरीदिनुहोस न ।

किसान वहुउद्देश्यीय सहकारी संस्थाको विगतको कुरा भन्नु पर्दा स्थापनाको बखत कैलाली जिल्लामा कुनै सहकारी संस्थाको बारेमा जानकारी नभएको अवस्थामा धेरै बाधा व्यावधानहरू पनि झेल्नु परेको थियो । स्थापनामा आईपरेका विभिन्न समस्या संगै १० वर्षे जनयुद्धको मारमा समेत यो संस्था परेको थियो । उचित साधन स्रोतको अभावका बिच पनि संस्थाले आफ्नो कामलाई निरन्तरता दिएको थियो । यस क्षेत्रका आम नागरिक, वुद्धिजीवि, लगायत सवैको सहयोगका कारण नै यो संस्था यहाँसम्म पुगेको हो । मासिक २५० रूपैयाँ तलव खाएर समेत यस संस्थाका कर्मचारीहरूले निरन्तर काम गरेको दुखान्त अनुभव पनि हामीसंग छ । संस्थाका सञ्चालक सदस्यहरू पनि रातदिन नभनेर निरन्तरको मेहनत, लगनशिलता र ईमान्दारीताका कारण पनि संस्था आजको दिन सम्म आईपुगेको हो । हामीले सही समयमा संस्था स्थापना गरेको थियौ भन्ने अहिलेको सफलता देख्दा मलाई अनुभूति भईरहेको छ ।

### ◆ तत्कालीन अवस्थामा सहकारी संस्था स्थापनाको आवश्यकता किन महशुस गर्नुभयो र संस्था स्थापना गर्नुभयो ?

सरसर्ती हेर्दा त्यो समयमा कैलाली जिल्लामै वित्तीय संस्थाको उपस्थिति अत्यन्तै नगन्य थियो । एक दुई वटा भन्दा बढी सहकारी संस्थाहरू कैलाली जिल्लामा थिएनन् । यसका साथै सहकारीको माध्यमबाट समुदायमा थुप्रै कामहरू गर्न सकिन्छ, न्युन आयस्रोत भएका आममानिस एकजुट भएर सहकारीको माध्यमबाट काम गर्ने हो भने जिवनस्तर माथि उठाउन सकिन्छ भन्ने सोचका साथ हामीले सहकारी संस्था स्थापना गरेका थियौं । बेरोजगारी अवस्थामा रहेका यस क्षेत्रका युवाहरूलाई रोजगारीको अवसर समेत सिर्जना गर्न सकिने सोचका साथ यो संस्था स्थापनाको अवधारणा ल्याईएको हो । सोही उदेश्य पुरा गर्दै अहिले संस्थाले झण्डै १५० भन्दा वढीलाई प्रत्यक्ष रोजगारीको अवसर सिर्जना गरेको छ । झण्डै ५६००० भन्दा वढी मानिसहरूलाई एकजुट गराएर संस्थामा आवद्ध गराएको छ । सरकारले समेत तीन खम्बे अर्थनीति स्वीकार गरिसकेको अवस्था छ । सहकारी

पनि एउटा खम्वा नै हो, सहकारीको माध्यमबाट जाने हो भने देशमा आमुल परिवर्तन गर्न सकिन्छ भन्ने उद्देश्यका साथ सहकारीको स्थापना गरिएको हो । यस क्षेत्रका व्यापार व्यवसाय गर्ने धैरै व्यापारीलाई सहयोग गरेको छ । जसका माध्यमबाट धेरैले आफ्नो व्यापार व्यवसाय विस्तार गरेका छन् । हाम्रो संस्थाले स्थानीयको मन जित्न सफल भएको मैले अनुभूति गरेको छु ।

### ◆ २५ औं रजत जयन्ती वर्ष मनाईरहँदा संस्था स्थापनाको उदेश्य आजको दिनमा आईपुग्दा पुरा भएको अनुभुति गर्नुहुन्छ ?

यसरी सरसर्ती भन्दा २०५२ साल देखि आजको दिनसम्म आईपुग्दा किसान सहकारी ईमान्दारीता र लगनशिलताले नै यो उचाईमा पुग्न सफल भएको हो । किसान सहकारी एक मजवुत संस्था भएको छ । यसका साथै हाम्रो संस्था हो यसलाई सवै मिलेर बचाउनु पर्छ भन्ने यस क्षेत्रका आम नागरिकको भावना विकास भएको छ । अहिले २५ वर्षमा प्रवेश गरिहँदा २०५२ साल देखि अहिले सम्म संस्थाको नेतृत्व वर्गमा रहिरहँदा अहिले संस्थाको नेतृत्व लिईरहँदा म अत्यन्तै हर्षित भईरहेको छु । यो अवस्था सम्म आईपुग्दा संस्था स्थापनाको उदेश्य कति पुरा भयो भन्ने कुरा सबै स्पष्ट नै छौं । म त भन्छु हामी सफल भएका छौ ।

### ◆ सस्था संचालनको क्रममा बिचमा आएका समस्यालाई कसरी लिनुभएको छ ?

द्वन्द्वकालको अवस्थालाई हेर्ने हो भने अवस्था अत्यन्तै नाजुक थियो । त्यो अवस्थामा संस्था द्वन्द्वको पुर्ण मारमा परेको थियो । संस्थाका सवै संरचना र कागजातहरू जलाईएको अवस्था थियो । ३ महिना सम्म संस्था वन्द गर्नुपर्ने अवस्था आयो । बचेका कागजात बोरामा बोकेर टीकापुरमा लगेर थन्काउनु पर्ने अवस्था सिर्जना भयो । र त्यहीबाट १ वर्ष सम्म सामान्य रूपमा संचालन गर्नुपर्ने अवस्था पनि आयो । अर्को दुःखको कुरा संस्था ध्वस्त भईसकेपछि हाम्रो निक्षेपकर्ता र सदस्यको रकम संस्थामा थियो । सदस्यलाई बिरामी भएर अस्पताल जानुपर्ने अवस्थामा रकम भएर पनि नपाउने अवस्था सिर्जना भयो । र सो अवस्थामा कर्मचारीहरूले बजारमा व्यापारीहरूसंग सापटी मागेर भएपनि रकम दिने व्यवस्था गरेका थिए । द्वन्द्वको चपेटामा नपरेको भए संस्था अहिलेको अवस्था भन्दा अझै माथि पुग्ने थियो । यसरी विभिन्न अफठ्यारा र चुनौतीको सामना गर्दै संस्थालाई आजको दिन सम्म पुऱ्याउन सफल भएका छौ ।

### ◆ एउटा संस्था सफल हुनको लागि के-के कुरा आवश्यक पर्ने रहेछ ? २५ वर्ष संस्थामा रहँदा आफुले गरेको अनुभुति सुनाउनुहोस् न ।

कुनैपनि संस्थाको नीति बनाएर विधिमा सञ्चालन गर्ने हो र लगनशिल र ईमान्दार भएर काम गर्ने हो भने जुनसुकै संस्था पनि सफलतामा पुग्न सक्छ भन्ने मेरो अनुभव रहेको छ । यही ढंगले अघि बढ्यो भने संस्थालाई उचाईमा पुऱ्याउन सकिन्छ । ईमान्दारीता, लगनशिलता र टिमवर्क नै संस्था सफलताको सवैभन्दा बलियो कडी हो भन्ने मेरो वुझाई छ ।

### ◆ किसान बहुउद्देश्यीय सहकारी संस्था सफलतामा पुग्नुको श्रेय तपाई क-कसलाई दिन चाहानुहुन्छ ?

सवैभन्दा पहिले स्थापनाको बखत यो क्षेत्रमा सहकारीको आवश्यकता छ सहकारी संस्था दर्ता गरेर संचालन गर्नुपर्छ भनेर किसान सहकारी नामको बिरूवालाई रोप्न अहम भुमिका खेल्नु हुने संस्थापक ईन्द्रकुमार शाहलाई सम्झिन चाहन्छु । यसका साथै यस क्षेत्रका स्थानीय नागरिक जसले यो सहकारी हाम्रो, यो सहकारीको माध्यामबाट हामी अघि बढ्न सक्छौ भनेर उर्जा दिनु भो उहाँहरू पनि सफलताको हकदार हुनुहुन्छ । अन्य व्यापारी, वुद्धिजिवि, शिक्षक, कर्मचारी, शेयर सदस्य र संचालक समितिका पदाधिकारीको पनि यस संस्थालाई माथि पुऱ्याउनका लागि निकै ठुलो योगदान रहेको छ । उहाँहरू सबै यस संस्थाको सफलताका हकदार हुनुहुन्छ ।

### ◆ अहिले संस्थाको अवस्था कस्तो छ ? संस्था कसरी अगाढी बढिरहेको छ ?

अहिलेको अवस्थामा संस्थाको नीति र विधि एकदम चुस्त दुरूस्त लेखन भएको अवस्था छ । संस्थालाई आमरूपमा स्थानीयहरूले हेर्ने दृष्टिकोण एकदमै सकारात्मक छ । पदाधिकारी र कर्मचारी लगायत आम नागरिक सबैले एकदम

विश्वास गरिरहेको अवस्था छ । संस्थामा १५० भन्दा बढी कर्मचारी कार्यरत रहेका छन । उहाँहरूले प्रत्यक्ष रोजगारी अवसर प्राप्त गरेका छन । झण्डै २५ हजार सदस्यहरूलाई प्रत्यक्ष लगानी गरेको छ । ५६ हजार मानिसलाई गोलवन्द गरेको छ । सानोतिनो समस्याका कारण संस्थामा कुनै असर पर्ने अवस्था छैन । संस्था मजवुत भएको छ । संस्था पुर्णरूपमा हुर्किएर फल दिन लागेको बिरूवा जस्तै भएको छ । यसकारण हामी अझ ईमान्दारी र लगनशिलताले अगाढी वढ्दै जाने हो भने हामी सवैले लाभ लिन सक्छौ र स्थानीयलाई अगाडि वढाउने कुरा सम्भव छ भन्ने मेरो भनाई छ ।

### ◆ निक्षेप संकलन र कर्जा लगानी त भईरहेकै छ संस्थाले थप के योजना अघि सार्ने सोच बनाएको छ ?

अहिले किसान सहकारीले धेरै ठाउँमा हात हालेको अवस्था छ । कृषिमा लगानी गरेको छ । कोल्ड स्टोर निमार्णको क्रममा छ । शिक्षामा जनचेतना बढाउने योजना अघि बढाएको छ । पछिल्लो समयमा नेपाल सरकारले कृषि क्षेत्रलाई बढी प्राथमिकतामा राखेर अघि बढेको अवस्थामा हामीले पनि कृषिमा ठुलो लगानी गर्ने सोच बनाएका छौ । पथरैयामा कृषि फर्म संचालनमा ल्याईसकेका छौ । त्यहाँ कृषि प्राविधिक राखेर काम अघि बढेको छ । त्यहाँ कृषि उत्पादन संगै स्थानीयलाई कृषि सम्वन्धी जानकारी दिएर कृषि पेशामा लाग्न प्रेरित गरिरहेका छौ । कैलालीका अन्य १० वटा स्थानमा यस्तै कृषि फर्म संचालन गरेर स्थानीयलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन हामीले योजना अघि बढाईरहेका छौं ।

### ◆ आगामी दिनमा राज्यका निकायसँगको सहकार्यमा कस्ता योजना अघि बढ्छन ?

किसान सहकारी संस्थाले कैलाली जिल्ला भरी आफ्नो कार्यक्षेत्र अगाढी वढाईरहेको छ । यसका साथै सेवा विस्तारको क्रममा हामी लागिरहेका छौ । सहकारी मन्त्रालय र सहकारी विभाग मार्फत सुदूरपश्चिम क्षेत्रका ९ वटै जिल्लामा हामी सेवा विस्तार गर्ने तयारीमा जुटिरहेका छौ । यसका लागि काम भईरहेको छ । पछिल्लो समयमा प्रदेश सरकारले ऐन कानुन निर्माण समेत गरिरहेको छ । सोही आधारमा हामी सेवा विस्तारको योजनामा लागिरहेका छौ । १० वटा स्थानमा कृषि केन्द्र स्थापना गर्ने योजनामा छौं । सरकारसंग अनुदान लिएर कृषि कोल्ड स्टोर स्थापनाका लागि पनि हामी लागिरहेका छौ । ९ वटै जिल्लामा सेवा विस्तार भए ३०० जना भन्दा बढीलाई रोजगारी दिन सक्छौ भन्ने हाम्रो अनुमान छ ।

### ◆ अन्त्यमा संस्थाका शेयर सदस्य, कर्मचारी र आम यस क्षेत्रका सेवाग्राहीलाई के भन्न चाहनुहुन्छ ?

संस्थालाई यहाँसम्म पुऱ्याउन खेलेको भूमिका प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । आगामी दिनमा समेत यहाँहरूको भूमिकामा कमि आउने छैन भन्ने विश्वास रहेको छ ।

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

**Head Office**
Kamalpokhari, Kathmandu, Nepal
Tel.: +977-01-4423432/4423433/4423436
Fax: 4425955
Email: info@pcbl.com.np

# स्मरण सहितको शुभेच्छा



- इन्द्रबहादुर शाह
संस्थापक अध्यक्ष

हाम्रो देश नेपालको सुन्दरताको अस्तित्व बोकेको सुन्दर सुदूरपश्चिम र सो को आँचलको रूपमा रहेको पवित्र कर्णाली नदी जसको बगरमा रहेको हाट बजार समय ताकाको चर्चित कैलालीको कटांसे बजार र जसका छेउछाउमा रहेका स्थानीय बजारहरू चिसापानीको स्थायी बजारको रूपमा विकसित हुँदै गरेको अबस्थामा वित्तीय संस्थाको आवश्यकता र सम्भावनालाई मध्यनजर गर्दै सहकारी ऐन २०४८ बमोजिम २०५२ साल कार्तिक १७ गते लक्ष्मीपूजाको दिनमा लम्की बजारमा स्थापित यस किसान सहकारी संस्थाको रजत जयन्तीको शुभ अवसरमा दुई शब्द कोर्न पाँउदा हर्षित छु । जुन संस्थामा मेरा जीवनका केही महत्वपूर्ण ऊर्जावान वर्षहरू व्यतित भए । सहकारीको माध्यमबाट गरिवी न्यूनिकरण, वित्तीय पहुँचको अवधारणालाई प्रमुख अस्त्रको रूपमा स्थापित गर्दै यस बहुउद्देश्यीय सहकारी संस्थाले सिमित बैंकिङ कारोबार संचालन गर्ने प्रमुख उद्देश्यका साथ तत्काल कृषि उपज बेचबिखनबाट २५ जना सदस्य र जम्मा ३६००० शेयर पूँजीबाट स्थापित भयो । संस्थाले २०५४ पौष १४ गते विधिवत बैंकिङ कारोबार प्रारम्भ गऱ्यो । ६ महिनामै नाफामा संचालन भई जोशीपुरमा शाखा विस्तार गरेर आफनो बैंकिङ कारोबार सफलतापूर्वक संचालन गरिरहेको अवस्थामा बम बन्दुक सहितको तत्कालीन माओवादी द्वन्द्वकालको आक्रमणमा कर्मचारीलाई घरबाटै बन्दुक तेऱ्स्याएर ढुकुटी लुटिए । मेरा सक्कल शैक्षिक प्रमाणपत्र सहित तमसुक, लालपुर्जा र कार्यालय फर्निचर बिहानसम्म सबैका आँखा अगाडि जलि रहँदा हामी सबै भावविव्हल भयौ । तत्पश्चात कार्यालयको लागि घरभाडा नपाँउदा आधा जलेका भौचरहरूबाट घरको वुइगलमा लुकि हिसाब मिलाई रहेको र निक्षेप फिर्ता लिन सदस्यहरू घरमा लाइन लागि रहेको दर्दनाक अवस्थालाई स्मरण त गराउछ । तर,आधुनिक बैंकिङ सेवा सहितको स्वाभीमानीका साथ उभिएको हालको किसान बहुउद्देश्यीय सहकारी संस्थाले विगतको पिडा भुलाउने मार्ग प्रसस्त गरिदिएको छ । गौरन्वान्वित बनाएको छ । यसको श्रेय सम्पूर्ण शेयर सदस्य ग्राहकवर्ग, प्रारम्भ देखि इमान्दारिताका साथ निरन्तर लागि रहेका अध्यक्ष, संचालक, कार्यकारी प्रमुख लगाएतका कर्मचारीबर्गलाई नै जान्छ । अनगिन्ती बधाई छ किसानलाई, यहाँहरू सवैलाई, यसले अझै सफलताको शिखर चुमोस् र आगामि दिनमा जिल्लाबाट उठेर देशकै नमुना सहकारीको रूपमा परिचित होस् हामी सबैको शुभकामना छ । यस सुखद अबसरमा स्थापनामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने स्व. कृष्णबहादुर शाहलाई समेत स्मरण गर्दै "संस्था सदस्यका लागि र सदस्य संस्थाका लागि" भन्ने मुल सहकारी मन्त्रलाई पुर्ण रूपमा संस्थाले आत्मसाथ गर्न सकोस् । दल, भेग र जातजातीको विखण्डनकारी रोग नलागोस र विशुध्द व्यबसायीक संस्था बनी रहोस् हाम्रो सधै शुभेक्षा रहनेछ, संस्थाको पूर्ण सफलताको कामना छ ।

धन्यवाद ।



किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

# किसान सहकारीको सफलताबाट म निकै खुसी छु



- मंगल बहादुर शाह
संस्थापक तथा पूर्व अध्यक्ष
किसान बहुउद्देशीय सहकारी संस्था लि.

**किसान बहुउदेश्यीय सहकारी संस्था स्थापनाको क्षणलाई आजको दिनमा कसरी स्मरण गर्नुहुन्छ ?**

त्यतिबेला लम्की ग्रामीण भेगकै रूपमा रहेको थियो । अहिलेको जस्तो विकसीत स्वरूप थिएन । थोरै मात्रै पसलहरू थिए । त्यहाँ स-सानो कारोवार हुन्थ्यो । तर मानिसहरूको अलिअलि चहलपहल बढ्न थालेको अवस्था भने थियो । त्यो बेला राम्रोसंग चिया नास्ता खानको लागि उपयुक्त ठाउँ समेत लम्की वजारमा उपलब्ध थिएन । त्यो अवस्थामा यस क्षेत्रका केही व्यापारी र स्थानीयहरू मिलेर २०५२ सालमा किसान सहकारी संस्थाको स्थापना गरेका हौ । र हामी सवैको सल्लाह अनुसार छरिएर रहेको पूँजीलाई संकलन गरेर सही ठाउँमा लगानी गर्नुपर्छ भन्ने उदेश्यले करिव ३६ हजार रूपैयाँको कोष खडा गरी यो सहकारी संस्थाको स्थापना गरेका हौ । पछि हामीले राष्ट्र बैंकबाट सिमित कारोवार गर्ने गरी स्वीकृती ल्याएर आर्थिक कारोवारलाई अगाढी बढाएका हौ । त्यसपछि संस्थाले क्रमश फड्को मार्दै गएको अवस्था हो । र हामीले किसानहरूलाई जम्मा गर्ने र ऋण प्रवाह गर्ने कामको पनि थालनी गर्‍यौ । यसरी संस्थाले प्रगति गर्दै गईहरको अवस्थामा तत्कालीन द्वन्द्वको मारबाट यो संस्था पनि अछुतो रहन सकेन र हामी त्यसको मारमा पर्‍यौ । संस्थाको केन्द्रीय कार्यालयमा तोडफोड र खातापाता जलाउने काम भयो । यसबाट संस्थामा निकै समस्या आईपरेको थियो । त्यसपछि हामीले केही समय झोलामा नै कार्यालय संचालन गर्ने गरी कैलालीको टीकापुरबाट समेत कारोवार सञ्चालन गरेका थियौ । संकटको बेला समेत किसानलाई सेवा दिनुपर्छ भन्ने मनसायका साथ हामीले यसरी कार्यालय सञ्चालन गर्नुपर्ने वाध्यता आईपरेको हो । पछि शान्ति स्थापना संगै हामीले पुर्ववत रूपमा संस्थाको सेवा सञ्चालन गरेका हौ । सवैको साथ, समर्थन र संस्था प्रतिको विश्वासकै कारण आज संस्थाले सफलता प्राप्त गरी २५ वर्ष पुरा गर्न सफल भएकोमा मलाई निकै खुसी लागेको छ ।

**तत्कालीन अवस्थामा सहकारी संस्थाको आवश्यकता कसरी महशुस गरेर संस्था स्थापना गरिएको थियो ?**

कुनैपनि काम एकल रूपमा भन्दा पनि सवैजना संगठित भएर लाग्यौ भने सफलतामा पुग्न सकिन्छ भन्ने सोचका साथ हामीले सहकारी संस्थाको स्थापना गरेका हौ । समाजमा हुने हरेक गतिविधि र विकासको अभियानमा संगै हातेमालो गर्ने उदेश्यका साथ पनि हामीले सहकारी संस्थाको स्थापना गर्ने सोच वनाएका हौ । सहकारीको माध्यमबाट यस क्षेत्रका आर्थिक गतिविधि अगाढी बढाई व्यापार व्यवसायमा समेत सहयोग पुगोस भन्ने हाम्रो चाहाना थियो । सोही अनुरूप हामीले संस्था गठन गर्ने निर्णय गरेका हौ । यस क्षेत्रका केही विज्ञहरूसंगको सल्लाह र छलफलका आधारमा सहकारी संस्था स्थापना गर्दा आर्थिक रूपमा समेत फड्को मार्न सकिने र सामान्य पूँजी भएका तर व्यवसायिक रूपमा अगाढी बढ्न चाहानेहरूलाई सहयोग पुग्ने उदेश्यका साथ हामीले यस क्षेत्रमा सहकारी संस्थको आवश्यकता महशुस गरी संस्था स्थापना गर्ने निर्णय गरेका थियौ ।

**तत्कालीन अवस्थामा संस्था स्थापना गर्दाको क्षण र अहिलेको संस्थाको सफलता हेर्दा यो अवस्थालाई कसरी हेर्नुहुन्छ ?**

मैले व्यक्तिगत रूपमा भन्नुपर्दा आफुले रोपेको बिरूवाले लटरम्म फल दिएको देख्दा कसलाई खुसी हुदैन होला ।

मलाई आफैले दुख गरेर स्थापना गरेको संस्थाले फड्को मारेको देख्दा निकै खुसी लागेको छ । यो सबै सफलता मैले आफुले नै पाईरहेको महशुस भईरहेको छ । अहिले संस्थाले निकै ठुलो फड्को मारेको छ । यो हाम्रो लागि निकै खुसीको कुरा हो । यो सफलताको पछाडि शेयर सदस्य, संचालक सदस्य र कर्मचारीहरूको निकै ठुलो मेहनत र सहयोग रहेको मैले पाएको छु । हुन त मैले करिव ३ कार्यकाल नै संस्थाको अध्यक्ष भएर संस्थामा काम गरेको छु । आर्थिक रूपमा थप गतिविधिहरू अगाढी बढाउनका लागि पछि किसान सहकारी कै संचालक र शेयर सदस्यको सल्लाह अनुसार नै हामीले सेती वित्तीय संस्थाको स्थापना गरेर मैले त्यहाँ पनि काम गर्ने अवसर प्राप्त गरेको थिए । त्यहाँ पनि हामीले राम्रो काम गरेका थियौ । आगामी दिनमा पनि संस्थाले निकै प्रगति गरोस भन्ने मेरो कामना छ । र म सफलताको सुभेक्षा पनि व्यक्त गर्न चाहान्छु । यसमा सवै सञ्चालक सदस्य, शेयर सदस्य लगायत सम्वद्ध सवैलाई सहयोग गरीदिनहुन हार्दिक अनुरोध समेत गर्दछु ।

### एउटा संस्था सफल हुनको लागि के-के कुरा आवश्यक पर्दो रहेछ, संस्थामा नेतृत्व गर्दै गर्दा यहाँको अनुभव कस्तो रह्यो ?

सबभन्दा त्यसमा आवद्ध व्यक्तिहरूको पनि एउटा अहम भूमिका रहन्छ । उसको नैतिकता देखी लिएर उसको इमान्दारीता स्पष्ट हुनुपर्छ । आम मानिसलाई यी मान्छेबाट हाम्रो पूँजी पलायन हुँदैन अथवा नोक्सानी हुँदैन भन्ने विश्वास दिलाउन सक्नुपर्छ । त्यसपछि उनीहरूले सम्झेको र लिएको विश्वासलाई साक्षर रूपबाट हामीले कार्यान्वयनमा उतार्नु र उनीहरूको भरभरोसालाई आत्मसात गरेर अघि बढ्नु पर्छ । यो कुरा किसान सहकारीसँग छ । यही भएर नै अहिले संस्था छोटो अवधिमै धेरै प्रगति पथमा गएको हो भन्ने मेरो अनुभव रहेको छ ।

### जुन उदेश्यका साथ संस्थाको स्थापना गर्नु भएको थियो, आज आएर त्यो उदेश्य पुरा भएको छ जस्तो लाग्छ यहाँलाई ?

त्यतिखेरको अवस्था हेर्दा र अहिलेको अवस्था हेर्दा शत प्रतिशत नै हामीले सफलता प्राप्त गरेका छौ । तर यही परिस्थिति र यही समाज सधै रहिरहदैन । समाज र परिवेश पनि परिवर्तन भईरहने कुरा हो । जतिजति प्रगति हुँदै गयो समाजले पनि परिर्वतनसँगै आकांक्ष र आशा गरेको हुन्छ । सोही अनुसार समयको माग संगै संस्थालाई ढाल्दै लैजानु पर्छ भन्ने मेरो भनाई छ । त्यही ढंगले अहिले सम्म जसरी संस्थाले समयानुकुल आफुलाई समायोजन गर्दै लगिरहेको छ र आगामी दिनमा पनि चुनौतीको सामना गर्दै सोही अनुरूप अगाढी वढ्ने छ भन्ने मैले विश्वास लिएको छुँ ।

### आगामी दिनमा संस्थाको थप प्रगति र उचाईमा पुग्नको लागि तपाईको सुझाव के छ ?

किसान सहकारी भनेको विषेश गरी किसानसंग जोडिएको संस्था भएका कारण किसानका हरेक समस्या समाधान तर्फ सधै लागिरहोस भन्ने मेरो चाहाना छ । किसानको दैनिक जीवन र व्यवहारसंग जोडिएर यसले काम गर्नेछ भन्ने मेरो विश्वास छ । यसैले किसानका समस्या समाधानमा संस्था अग्रसर होस भन्ने मेरो आग्रह छ । किसानमुखी भएर प्रभावकारी काम गरोस र यो संस्था नाफामुखी भन्दा पनि किसानको स्तरोन्नती गर्दै किसान वर्गलाई टेवा पुग्ने कामलाई निरन्तरता देओस भन्ने सुझाव छ । आफुलाई अफ्ठेरो परेको बेलामा हामीलाई सहयोग गर्ने संस्था किसान सहकारी मात्रै हो भन्ने आम मानिसमा बुझाई होस् र यसै अनुसार काम गरोस भन्ने मेरो सल्लाह छ ।

### अन्त्यमा हामी किसान सहाकारीका सदस्यलाई के भन्न चाहानुहुन्छ ?

हाल सम्म किसान सहकारीका कर्मचारीले गरेको मेहनत प्रति म धेरै धन्यवाद दिन चाहान्छु । आगामी दिनमा पनि संस्था प्रति अपनत्व महशुस गर्दै विगतमा झैं मेहनतका साथ काम गर्नु हुनेछ भन्ने आशा र विश्वास छ । धन्यवाद ।

# सेवाका २५ वर्ष

- डम्वर बहादुर शाह
महाप्रबन्धक
किसान बहुउद्देश्यी सहकारी संस्था लि.



◆ **किसान सहकारी संस्थामा यती लामो समय व्यतित गरीरहँदा यो २५ वर्षलाई समग्र रुपमा कसरी स्मरण गर्नुहुन्छ ?**

धन्यवाद, किसान वहुद्दद्देश्यीय सहकारी संस्थाको स्थापना २०५२ साल कार्तिक १७ गते भएको हो । र अहिले हामी संस्थाको २५ औ वर्षगाँठ मनाईरहेका छौ । यो बिचमा किसान सहकारीले विभिन्न उतारचढाव र विभिन्न समस्याहरू झेल्दै संस्था आजको दिनमा आईपुगेको छ । मैले पछाडि फर्केर हेर्दा २५ वर्ष सम्म यही संस्थामा सेवा गरेर विताए । अहिले आएर संस्थाको प्रगति प्रति म निकै हर्षित छु । विभिन्न समस्या संग जुध्दै र निरन्तर कर्ममा लागिरहेकै कारण आज संस्था यो स्थान सम्म पुग्न सफल भएको छ । सवैले संस्था प्रति देखिएको सदस्यता प्रति म निकै आभारी छु । र आगामी दिनमा पनि यहाँहरू संगै हात्तेमालो गरेर अगाढी वढ्ने छौ ।

◆ **विगतमा काम गर्दाका  ति दुख र सर्घषका दिनहरुलाई अलिकिति स्मरण गरीदिनुहोस न ?**

विगतमा संस्थामा काम गर्दा निकै दुखद अवस्थामा पनि रहन पुग्यो । खासगरी द्वन्द्वकालमा संस्था नै वन्द हुने अवस्थामा समेत पुगीसकेको थियौ । तर सबैको सहयोग र सहकार्यका कारण हामीले पुनः शुरू गरेर संस्थाका कामहरू संचालन गरेका थियो । विगतलाई सम्झीदा आजको दिन सम्म संस्था यसरी आईपुग्न सक्छ भन्ने हामीलाई लागेको थिएन । यद्यपी शुरूवाती दिनहरूमा संस्थाका संचालक, शेयर सदस्य र कर्मचारी  सबैले गरेको मेहनत र सहयोगका कारण हामीलाई काम गर्ने हौसला समेत प्राप्त भयो र हामी अगाडि वढ्न सक्यौ । दिनरात नभनी सबै यसको सेवा बिस्तारमा लागिरहेकै कारण आज संस्था यो स्थानमा पुग्न सफल भएको छ ।

◆ **किसान सहकारी प्रविधिलाई आत्मसाथ गर्नेमा अब्बल संस्थाका रुपमा परिचित छ । हाल प्रविधिको प्रयोग कसरी गरि राख्नु भएको छ ?**

आजको युग सुहाउदो कारोबार गर्नु अथवा आफ्नो बिजनेस मोडेल अपडेट गर्नु सबैका लागि आवश्यक छ । अझ अहिलेको कोभीड १९ ले त झन हामी सबैलाई प्रविधि तर्फ धेकेलिन बाध्य बनाईदिएको अवस्था पनि छ । हामीले डिजिटल प्रविधि मार्फत सदस्यलाई सेवा दिने कोशीस गरिरहेका छौ । जस अन्तर्गत एटीएम, मोबाईल बैकिंग, टेयाब्लेट बैकिंग, मिसकल बैकिंग लगायतका सुविधाहरू दिईरहेका छौं । नेपालको लघुवित्तक्षेत्रमा ट्याबलेट होस या मोबाईल बैकिंग भित्र्याउने अग्रणी संस्था हामी नै हो । हामीले सदस्यलाई उपलब्ध गराएका डिजिटल प्लेटफर्म मार्फत सहज वित्तीय कारोबार गर्न सकिन्छ । जस्तो अर्को खाता अथवा अर्को बैंक तथा वित्तीय संस्थामा रहेको खातामा रकम ट्रान्सफर, मोबाईल रिचार्ज, खानेपानी, विद्युत शुल्क भुक्तानी, क्यूआरकोड मार्फत किनमेल गर्न सकिने लगायतका सुविधाहरू उपभोग गर्न सकिन्छ ।

◆ **एउटा संस्था सफलतामा पुग्न के-के कुराको तारतम्य मिल्नुपर्ने रहेछ , तपाईको अनुभव कस्तो रह्यो ?**

यसमा त सवै भन्दा पहिला प्रतिवद्धता नै आवश्यक पर्छ जस्तो मलाई लाग्छ । निश्चित लक्ष्य उद्देश्य र प्रतिबद्धता कायम गरेर लाग्यौ भने सफलतामा पुग्न सकिन्छ । विशेष गरेर व्यवस्थापनमा रहेकाहरू, संचालक समिति र कर्मचारीहरूको महत्वपूर्ण भुमिका रहन्छ जस्तो मलाई लाग्छ । र सबैभन्दा ठूलो त संस्थाका शेयर सदस्य नै हुन जसले विकट परिस्थितिमा पनि संस्थालाई विश्वास गरेर कारोवारलाई अगाडि बढाउनु भयो र आज सम्म पनि त्यो विश्वास कायमै रहेको छ । जसका  कारण पनि हामी सफलतामा पुग्न सक्यौ भन्ने मेरो वुझाई छ । साथै संस्थामा व्यवस्थापन, संचालक समिति र कर्मचारी बिचको राम्रो टिमवर्क नै

सफलताको कारण हो जस्तो लाग्छ । टिमवर्क राम्रो भएर नेतृत्व वर्गले सहि समयमा सहि निर्णय लिन सक्यो भने जस्तो सुकै अवस्थामा पनि सफलता प्राप्त गर्न सकिन्छ । किसान सहकारीमा यी सवैको उचित तालमेल भएकै कारण हामी आज यो स्थानमा पुग्न सकेका हौं ।

### ◆ संस्था सफलतामा पुग्नको लागि कर्मचारीको सहयोग कतीको पाउनुभयो र कसरी व्यवस्थापन गरीरहनुभएको छ ?

मैले संस्थालाई अगाढी वढाउदै गर्दा सम्पुर्ण कर्मचारीको अत्यन्तै राम्रो सहयोग पाईरहेको छु । यस संस्थाका सबै कर्मचारीहरू संस्था प्रति निकै प्रतिवद्ध भएर लागिरहनुभएको छ । जहाँसम्म एउटैको नेतृत्व भन्दा पनि संस्थाको आफ्नै विशेष नीति नियम छ र त्यही नीति नियममा रहेर काम गरीरहेको अवस्था छ । नीति नियम वाहिर गएर काम गर्ने छुट कसैलाई पनि छैन र त्यो रहदैन पनि । नीति नियम अन्तर्गत रहेर हामीले संचालक र कर्मचारीको आचारसहिंता बनाएका छौं र सोहि अनुसार अघी बढिरहेका छौं । संस्था रहे मात्रै हामी रहन्छौ यदी संस्था नै रहेन भने हामी कोहि पनि यहाँ रहदैनौ त्यसैले पनि सवैले नीति नियममा रहेर नै काम गर्नु पर्ने हुन्छ । निश्चित मापदण्ड र नियमावली वनाएर त्यही अनुसार सम्पुर्ण कर्मचारीहरूको परिचालन, रेखदेख, निरिक्षण र सुपरीवेक्षण हामीले सोहि अनुसार संचालन गरीरहेका छौ । र सम्पुर्ण कर्मचारीहरूको ईमान्दारीता र मेहनतकै कारण संस्था आजको दिन सम्म आईपुग्न सफल भएको हो ।

### ◆ संस्थाले वितीय कारोवार त गरीरहेकै छ तर पछिल्लो समय कृषिमा समेत काम गरीरहनुभएको छ । कृषिमा काम गरीरहदाँ कस्तो प्रतिक्रिया र सफलता पाईरहनु भएको छ र कृषिमा आगामी योजनाहरु के छन् ?

कृषि प्रर्वद्धन कार्यक्रम अर्न्तगगत हामीले आफ्नै कृषि फर्म संचालन गरी काम अघि वढाईरहेका छौ । हामीहरूले विगत लामो समय देखि किसानहरूलाई रसायनिक मल पनि उपलब्ध गराईरहेका छौ । साथै किसान सहकारी एउटा वहुउद्देश्यीय सहकारी संस्था भएका कारणले खाली वचत र ऋृण को मात्रै कारोवार नगरेर अन्य काम समेत गर्नु पर्छ भन्ने उदेश्यले हामीले कृषि फर्म संचालन गरेका हौ । अहिले हामीहरू यसको शुरूवाती चरणमै रहेका छौ । एक वर्ष मात्रै भएको छ । केही अफ्ठारा हरू छन् । विचमा कोभिड १९ का कारणले गर्दा पनि केही समस्याहरू उत्पन्न भए । अहिले हामीले एउटा गाउपालीकामा मात्रै संचालन गरीरहेका छौ । आगामी दिनमा क्रमश कैलाली जिल्लाभरीनै फैलाउने प्रयासमा हामी लागिरहेका छौ । शुरूमा अलिकति अफ्ठ्यारो अवश्य छ तर पनि हामीलाई आशा र विश्वास छ हामी निश्चय पनि उत्पादन संग जोडिएको कृषि क्षेत्र लाई अगाढी वढाउन हामी केही २-४ वटा नयाँ काम गर्न हामी अवस्य लाग्ने छौ । केही दिनमा अवस्य पनि यसमा सफलतामा हामी पुग्ने विश्वासमा छौ । त्यसको अलावा कृषिक्षेत्रको प्रवर्द्धनकै लागि भनेर हामीले पहिलो पटक माटो परिक्षण प्रयोगशाला स्थापना गरेका छौं । जसको उद्घाटन रजतजयन्तीको अवसर पारेर आज भएको छ । हामीलाई विश्वास छ कि परम्परागत तरिकाले हुदै आईरहेको खेती प्रणालीलाई परिस्कृत गर्न माटो परिक्षण प्रयोगशालाबाट मद्दत पुग्ने छ ।

### ◆ माटो प्रयोगशालाको कुरा गर्नु भयो । यो अवधारणा बारे अलि बताईदिनुस् न ?

हामीले हाम्रा सदस्यलाई आफुसंग भएको स्रोत साधनको परिचालन गर्नुपर्छ भन्दै आएका छौ, त्यो भनेको अहिलेको अवस्थामा सबैभन्दा प्रसस्त प्राप्त हुने स्रोत साधन मध्येको एक जमिन हो, जो अधिंकास बाफो छ । तसर्थ कृषकले त्यो जमिनमा व्यवसायिक खेती शुरू गर्नुपर्छ जसको लाभ कृषकलाई मात्रै नभई पुरै समुदायलाई पुग्ने छ भन्ने हाम्रो स्थापित मान्यता हो । यही मान्यताका आधारमा कृषकहरूलाई सहजिकरण गर्न हामीले थुप्रै क्रियाकलापहरू गरेका छै र गर्दै जानेछौ पनि । त्यसै क्रममा कृषकहरूलाई माटोको गुणस्तरबारे जानकारी गराउनु पर्छ र माटोको उर्वराशक्ति अथवा पोशक तत्वबारे कृषकहरूको क्षमता अभिवृद्धि गर्नु पर्छ भन्ने हाम्रो निर्णय हो । यो निर्णयलाई कार्यान्वयन गर्ने क्रममा लम्कीचुहा नगरपालिका संग समन्वय भयो । त्यसक्रममा नगरपालिका समेत ईच्छुक भएपछि हामीलाई यो परियोजना अघि बढाउन थप सहज समेत भयो । त्यसपछि नगरपालिकाको रू.६ लाख लागत साझेदारीमा

बाँकी संस्थाले ब्यहोर्ने गरी झण्डै २२ लाखको लागतमा यो ल्याब स्थापना गरेका छौं । अहिले हामी नगरपालिका संगकै समन्वयमा एउटा सन्चालन मोडेल तयार पार्दै छौं त्यसै अनुसार हामी कृषकहरूको माटो संकलन तथा परिक्षण गर्ने छौं ।

◆ **माटो प्रयोगशालाबाट खेती प्रणाली परिस्कृत हुने कुरामा कसरी विश्वस्त हुनुहुन्छ ?**

हाम्रा कृषकहरूले अहिले जसरी बाली रोप्ने गरेका छन् यसमा परिवर्तन आउने छ र उत्पादन बृद्धि गर्ने हो भने यो परिवर्तन जरूरी पनि छ । किनभने अहिले हामीले फालाउने बाली हाम्रो माटोका लागि उपयुक्त छ कि छैन भन्ने कुरा कृषकले जान्न बुझ्न सक्यो भने मात्रै उत्पादन बृद्धि हुन सक्छ । हाम्रो प्रयोगशालाबाट माटोको गुणस्तर पत्ता लाग्नुका साथै उक्त माटोमा उपयुक्त बाली समेत हामी कृषकलाई सुझाउन सक्नेछौ । यसबाट उत्पादन बृद्धि गर्न सकिन्छ भन्ने हाम्रो ठम्याई हो ।

◆ **किसानहरुका लागि कृषिमा सहुलियत ऋृण प्रदान गर्नका लागि किसान सहकारीले कस्तो योजना वनाएको छ ?**

यसमा निश्चय पनि म साच्चै कृषि पेशा नै गर्छु भनि कोहि पनि शेयर सदस्य आउनुहुन्छ भने हामी संग २-३ वटा प्रोडक्ट छन् । हामी संग बिना धितो प्रोडक्ट पनि छ । यदी धितो भएन र ऐलानी जग्गामा काम गरीरहेको भए पनि हामीले लगानी गरीरहेका छौ । अहिले हामिले सरकारसंग ब्याज अनुदान लिएका छैनौ । सदस्यको निक्षेप बाटै दिने हो । त्यसैले कृषिमा सवै भन्दा कम ब्याजदरमा हामीले ऋृण प्रवाह गरीरहेका छौ । कृषि गर्नको लागि कसैले निवेदन दिएको खण्डमा हामीले एकदमै प्राथमिकताका साथ छिटो, छरितो प्रकृया पुऱ्याएर २४ घण्टा भित्रै सेवा दिन तत्पर छौ ।

◆ **किसानले उत्पादन गरेका उपज लाई बजार व्यवस्थापन र भण्डारणका लागि कस्तो कार्यक्रम ल्याउदै हुनुहुन्छ ?**

यसमा हामीले योजना अगाढी वढाईरहेका छौ । विभिन्न संघ संस्था हरू संग पनि सहकार्य गरीरहेकै छौ । विषेश गरी किसान सहकारीले संचालन गर्न लागेको कोल्ड स्टोर समेत यसैका लागि संचालन गर्ने योजना वनाईएको हो । हामीले वनाउन लागेको शित भण्डार गृह पनि यसैको कडी हो । साथै अहिले यो क्षेत्रमा कृषि उत्पादन नै कम भएको अवस्था छ । यदी उत्पादन वढ्दै जाने हो भने त्यसको वजार व्यवस्थापन पनि हामी अवस्य गर्ने छौ । पहलमानपुर मा रहेको शित भण्डार गृह संग पनि हामी यस विषयमा सहकार्य गरीरहेका छौ ।

◆ **लघुवित्त मा धेरै महिलाहरु आवद्ध छन् । यसलाई कसरी संचालन गरीरहनुभएको छ र त्यसमा आवद्ध महिलाहरुले कसरी सेवा लिईरहेका छन् ?**

लघुवित्त कार्यक्रम एकदमै राम्रो ढंगले संचालन भईरहेको छ । अहिले हामी संग करीव ५५ हजार महलिाहरू लघुवित्त कार्यक्रममा अवद्ध हुनुहुन्छ । र झण्डै २०० करोड वरावरको कारोवार लघुवित्त कार्यक्रम मार्फत संचालन भईरहेको छ । विचमा कोभिड-१९ को कारण उहाँहरूले संचालन गरीरहेको ब्यावसायमा केही प्रभाव अवस्य पनि परेको छ । यद्यपी लघुवित्त कार्यक्रममा आवद्ध महलिाहरूलाई विभिन्न किसिमको सहुलियत, ब्याजदर छुट, विना ब्याज रकम सापटी लगायतका कार्यक्रम पनि संचालन गरेका छौ । यसवाट उहाँहरूलाई निकै सहुलियत भएको छ । र यही रकम वाट धेरैले पुनः व्यवसाय समेत संचालन गरिरहेका छन् । यो कार्यक्रमलाई हामीले निरन्तरता दिने छौ ।

◆ **बिना धितो लगानी गर्नु कतिको चुनौतीपूर्ण छ ?**

अव बिना धितो लगानी भनेको चुनौतिपुर्ण काम नै हो । यद्यपी हामीले सदस्यहरूको घर परीवारसंग मिलेर कसरी ब्यावसाय संचालन गरीरहनुभएको छ । कसरी संचालन गर्ने भन्ने सुझाव सल्लाह दिने काम गरीरहेका छौ । हमीले दिएको सुझाव सल्लाहका आधारमा काम गरीरहनुभएको छ । त्यसैले धेरै समस्या हामीकहाँ छैन । तर कतिपय महिला सदस्यहरूले कर्जाको सदुपयोग राम्रो संग नगरेका कारण समस्यामा समेत पर्नुभएको पाएका छौ । उहाँहरूलाई पुन : हामीले सहि वाटोमा ल्याउने काम पनि गरीरहेका छौं ।

## ◆ वित्तीय साक्षरताका कार्यक्रमहरु कसरी संचालन गरीरहनु भएको छ ?

वित्तीय सारक्षतामा हामीले धेरे कामहरू संचालन गरीरहेका छौ । महिलाहरूलाई पर्चा पम्पलेट, औपचारिक कक्षा लगायतका कार्यक्रम पनि संचालन गरीरहेका छौ । संगसंगै प्रविधिलाई पनि अगाडि वढाउनु पर्छ भन्ने हेतुका साथ हामीले एटिएम सेवा संचालनमा ल्याएका छौ । मोवाईल वैंकिङ्ग सेवा पनि संचालनमा ल्याएका छो । संस्थालाई नै डिजिटल वनाउन विभिन्न प्रविधिमैत्री कार्यक्रम संचालनमा ल्याएका छौ । क वर्गको वैंकिङ्गमा जुन किसिमको सुविधा छन् हामीले पनि त्यही सेवा सुविधा संस्था मार्फत प्रदान गरीरहेका छौ ।

## ◆ किसान सहकारी संस्थाका आगामी योजनाहरु के के छन् ?

२५ वर्षको यात्राका दौरान हामीले थुप्रै कामहरू गऱ्यौ अब ति कार्यहरूको प्रभाव मूल्याँकन गर्ने बेला आएको छ जस्तो लाग्छ । तसर्थ हामी छिटै हाम्रा सदस्यहरूको सन्तुष्टि मापन सर्वेक्षण गर्दे छौं जसले हामीलाई अगाडि बढ्न थप मार्ग प्रसस्त गर्ने छ भन्ने हामीले बुझेका छौं । हामी सदस्यको सन्तुष्टिलाई केन्द्रिमा राखेर अघिबढेका कारणले नै यो २५ वर्षे यात्रा सहज भएको हो । हामी यस संस्थामा ग्राहक सुरक्षणका विश्वव्यापी ७ सिद्धान्तहरू लागु गरिरहेका छौं । जस अन्तर्गत सदस्यको गुनासो सुन्ने संयन्त्रको निर्माण गरेका छौं, सदस्यको सन्तुष्टि मापन गर्ने विधि निर्धारण गरेका छौं, सदस्यलाई अधिक कर्जाभारबाट रोक्ने नीति अंगिकार गरेका छौं । यि सबै कार्य गरेर ग्राहक सुरक्षणका विश्वव्यापी सिद्धान्तलाई आत्मसाथ गरेकै काण हामी छिटै अन्तराष्ट्रिय स्तरको ब्राण्ड स्मार्ट सर्टिफिकेट प्राप्त गर्ने कुरामा विश्वस्त पनि छौ । जसका लागि थप आवश्यक कार्य पनि गरिरहेका छौं । थप कुरा म के भन्न चाहन्छु भने, किसान सहकारी ले संचालन गरीरहेको कारोवार वाट मात्रै अहीले हामि सन्तुष्ट छैनौ । हामीले १८० जना भन्दा वढी रोजगारीमा अवद्ध छन् । अन्य जिल्लाका वासीन्दाहरूलाई पनि किसान सहकारी संग जोड्नका लागि हामीले सुदूरपश्चिम क्षेत्रका ९ वटै जिल्लामा हामी सेवा विस्तार गर्ने तयारीमा जुटीरहेका छौ । यसका लागि काम भईरहेको छ । कृषिलाई पनि शशक्त ढंगले अगाढी वढाउन काम अगाढी वढाईरहेका छौ । कृषि र सहकारी को माध्यामवाट मात्रै देशको विकास र सम्वृद्धि हुन्छ भन्ने आशयका साथ हामीले विभिन्न कार्यक्रमहरू संचालन गर्ने सोच वनाएका छौ । यसका लागि शाखा खोल्दै क्षेत्र विस्तारको काम पनि अघी वढाउने योजना छ । यसका लागि स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकार संग सहकार्य गर्दै विभिन्न कार्यक्रम संचालन गर्ने छौ । एक्लैले भन्दा पनि सामुहिकतामा गएर काम गर्न सकिन्छ भन्ने हाम्रो वुझाई छ ।

## ◆ अन्त्यमा सम्पुर्ण शेयर सदस्य र आम ग्राहक वर्गलाई के भन्नु हुन्छ ?

हामी २५ औ रजत जयन्ती वर्ष मनाईरहेका छौ । यो रजत जयन्ती वर्ष मनाईरहदा यहाँहरू सवैको सहयोगले आज हामी यो उचाईमा पुग्न सफल भएका छौ र २५ वर्षमा प्रवेश गरेका छौ । यहाँहरू सवैलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । धेरै सहकारी संस्था स्थापना भए र अहिले ति कहाँ हराएका छन् पत्तो समेत छैन तर पनि किसान सहकारी लाई निरन्तर सहयोग गर्दै आजको दिन सम्म पुऱ्याई दिनुभएको छ । आगामी दिनमा पनि सदस्यहरूको सेवा र यस क्षेत्रको विकासका लागि किसान सहकारी सधै लागिरहने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । आउने दिनमा समेत यहाँहरू वट यस्तै सहयोगको अपेक्षा गर्दछु, धन्यवाद् ।

# संस्थाले प्राप्त गरेका सम्मान तथा केही यादगार क्षण


































# ऐतिहासिक दस्तावेज


## नेपाल राष्ट्र बैंकबाट सिमित बैकिङ्ग कारोवारको स्वीकृती पश्चातको पहिलो साधारण सभाको प्रतिवेदन

































## लघुवित्त सेवा अर्न्तगतको २०६४ सालमा बनेका पहिलो केन्द्र नम्बर १ का केही दस्तावेज






बचत पोस्टिङ्ग लेजर








कर्जा पोस्टिङ्ग लेजर













किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

## किसान बहुउद्देश्यीय सहकारी संस्था लि. स्थापन देखि हाल सम्मका केहि वितीय सुचांक

| वर्ष | शाखा संख्या | कर्मचारी | सदस्य संख्या | कुल बचत रू. | लगानीमा बाँकी ऋण रू. | खुद नाफा रू. | शेयर पूँजी |
|---|---|---|---|---|---|---|---|
| २०५२ | १ | १ | २७ | – | – | – | ३६,६०० |
| २०५३ | १ | १ | २७ | – | – | – | ३६,६०० |
| २०५४ | १ | १ | ३२ | – | – | – | ६०,६०० |
| २०५५ | १ | ८ | ५५२ | १,७८९,११० | ३,३७६,४४२ | २०,५४५ | १,३६२,६०० |
| २०५६ | १ | ९ | ६२० | ४,१६९,४९५ | ४,७८०,५६१ | १५४,०६१ | १,७१८,३७५ |
| २०५७ | २ | २२ | ७४१ | ७,९३५,५९६ | ८,२९१,८२५ | २२९,०७८ | २,१४४,०५७ |
| २०५८ | २ | २२ | ९८१ | ६,५७१,१३९ | ९,५९१,०२५ | ९८,४३९ | २,४४८,५०० |
| २०५९ | २ | १२ | १,०५२ | ५,८५९,३४९ | ९,०१७,६०४ | १८,४३३ | २,९८०,८०० |
| २०६० | २ | १२ | १,०९२ | ४,३४९,७११ | ५,६९३,१०६ | १९४,१७३ | ३,००४,८०० |
| २०६१ | २ | १२ | १,०८७ | ५,६५०,३९३ | ५,९२८,६२१ | (१२१,६५२) | ३,०२६,५०० |
| २०६२ | २ | १२ | १,१०४ | ७,३०७,३४६ | ८,६१६,८४८ | (४७५,५५९) | ३,०७०,२०० |
| २०६२ | २ | १२ | १,२०० | ११,७१५,११८ | ११,२५९,५३२ | ८४,७६४ | ३,१६१,१०० |
| २०६४ | ३ | १४ | १,२९० | २७,०३४,९३९ | २६,४४१,११३ | ६२८,०८० | ३,९९३,३०० |
| २०६५ | ३ | १६ | १,६७६ | ४६,७०३,१४६ | ४९,५६७,६१० | १,००८,७९१ | ५,४८४,३०० |
| २०६६ | ३ | १८ | १,९८७ | ६५,८४४,६२३ | ७१,९८५,३४७ | २,८२०,१२७ | ७,२००,६०० |
| २०६७ | ३ | २५ | ३,७०० | ८५,२०१,६९६ | ११३,२९६,६५१ | ५,३०५,५४८ | १०,७३४,३०० |
| २०६८ | ३ | ४३ | ९,७०० | १२२,०२३,६९० | १५१,२५३,६११ | ८,४५५,६६६ | १६,२७७,८०० |
| २०६९ | ५ | ६० | १२,९७४ | १६९,१९१,६३५ | २०३,२९२,९८० | १२,३३८,५८१ | २२,३१७,१०० |
| २०७० | ८ | ७३ | १६,५४३ | २१५,७९४,२१२ | ३३१,८६८,७९२ | १८,९७६,६७१ | ३०,६५५,००० |
| २०७१ | १० | ९६ | २४,५३२ | ३००,६२६,३०९ | ५४९,६६२,६१४ | ३१,१३२,६७२ | ३९,८३९,००० |
| २०७२ | १५ | ११६ | ३०,८६४ | ३८७,६३२,५५५ | ८४४,९५५,४०४ | ३१,१३५,५३८ | ४९,५७३,६०० |
| २०७३ | १५ | १२३ | ३८,०३१ | ५८३,८८३,५८६ | १,१०४,३९७,६४४ | ५६,३९८,२०५ | ६०,३७६,४०० |
| २०७४ | २१ | १५० | ४१,८८५ | ८१४,१४५,४०१ | १,४८२,१३८,३३७ | ६९,८६८,४५३ | ६९,४९१,५०० |
| २०७५ | २१ | १५७ | ५०,३०० | ७८८,०८२,७६० | १,८८०,१२१,२७७ | ७३,५५१,९८३ | ८४,४९२,४०० |
| २०७६ | २१ | १६५ | ५३,१२३ | १,५०२,२०५,९८४ | २,४९८,८८१,२२५ | ८०,१९३,७७८ | १०४,६७९,४०५ |
| २०७७ | २१ | १७८ | ५५,४०७ | २,०३,८१,६१,३२४ | २,७७,८२,०६,९४० | ८,८४,९०,०८३ | १२,३९,४३,६२५ |


स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलाली लाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



माँ सरस्वती फर्निचर उद्योग

Tikapur-1, Kailali, Nepal

Phone: 9858447114

# रजत जयन्ती वर्ष गतिविधीहरू




हरेक संस्थाले आ–आफ्नै ईतिहास बोकेको हुन्छ । किसान बहुउद्देश्यीय सहकारी संस्थाको पनि आफ्नै ईतिहास छ । ईतिहासका विभिन्न कालखण्डमा विभिन्न किसिमका उतार चढावका पार गर्दै संस्थाले यहि मिति २०७७ साल कार्तिक १७ गतेका दिन २५ वर्ष पुरा गरि आफ्नो रजत जयन्ती मनाउन गईरहेको छ । मिति २०७६ कार्तिक १७ गते २५ वर्षमा प्रवेश गरेको अवसरमा संस्थाले रजत जयन्ती बर्ष शुभारम्भको घोषणा गरेको थियो । रजत जयन्ती वर्षभरी विभिन्न कार्यक्रम गरिने योजना अनुसार रजत जयन्ती वर्ष भरी संस्थाले निम्नानुसार कार्यक्रमहरू सम्पन्न गरेको छ ।

### १. निशुल्क आँखा शिविर कार्यक्रम :

मिति २०७६ साल कार्तिक २३ गते शनिबारका दिन यस किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २४ औं वार्षिक उत्सव तथा रजत जयन्तीको अवसरमा च्यारेटी हेल्थ फाउण्डेशन नेपालको सहकार्यमा कैलारी गाँउपालिका –१ हसुलियामा यस संस्थाको महा–प्रबन्धक श्री डम्बर बहादुर शाहको अध्यक्षता तथा कैलारी गाँउपालिकाका प्रमुख श्री लाजुराम चौधरीको प्रमुख आतिथ्यतामा १४७५ जना विरामीको सहभागीतामा सु–सम्पन्न गरियो ।






## २. रक्तदान कार्यक्रम संचालन :




उपरोक्त योजना तथा कार्यक्रम गर्ने क्रममा पहिलो चरणमा यस संस्थाका अध्यक्ष श्री सुरेन्द्र कुमार शाहको अध्यक्षता तथा नेपाल रेडक्रस सोसाईटी उपशाखा टीकापुरका अध्यक्ष श्री जगदिश्वर पण्डीतको समन्वयमा मिति २०७६ साल कार्तिक १७ गतेका दिन ३० जना दाताहरूबाट ३० पिण्ट रगत संकलन गरि नेपाल रेडक्रस सोसाईटी उपशाखा टीकापुरलाई हस्तान्तरण गरि रक्तदान कार्यक्रम सम्पन्न गरियो ।

## ३. साहारा घरलाई सहायता :

लामो समय देखि स्वास्थ्य सेवा दिदै आएका कैलाली जिल्ला बर्दगोरीया गाउपालिका-२ बस्ने श्री बल बहादुर विष्ट बिगत केही बर्ष देखी सोही ठाउमा मानसिक सन्तुलन गुमाई सडकमा भौतारि रहने सहारा विहिन मानिसको सेवाका निम्ती सहारा घरको निर्माण गरि बेसाहारा वृद्धवृद्धा,मानसिक सन्तुलन गुमाएका विरामीहरूको सेवाको लागि निस्वार्थ, नि:शुल्क रूपमा सेवा गर्दै आएका छन । त्यसैले यस संस्थाले पनि रजत जयन्ती वर्षको अबसर पारेर सहारा घरलाई खाद्यान्न, फर्निचर र तरकारी लगायतका सामग्री वितरण गरेको छ ।

## ४. स्थानीय तहलाई राहत वितरण कार्यक्रम :

कैलाली जिल्ला मात्र कार्य क्षेत्र भएको संस्थाले स्थापना काल देखि हाल सम्म समुदायमा विभिन्न किसिमका नि:शुल्क सेवाहरू पनि प्रवाह गर्दै आएको छ । हाल विश्वमै महामारीको रूपमा देखिएको कोरोना भाईरस (कोभिड १९) को व्यवस्थापनका लागि स्थानीय सरकारलाइ संस्थाले सहयोग गरेको छ । सामाजिक दायित्व अन्तरगत १३ वटा स्थानीय तह प्रत्येकलाई रू ५० हजारका दरले हुन आउने रू १३ लाख पचास हजार वरावरको नगद राहत तथा खाद्यान्न उपलब्ध गराएको थियो ।

राहत प्राप्त गर्ने स्थानीय पालिकाहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | स्थानीय तह | मिति | विवरण | क्र.सं. | स्थानीय तह | मिति | विवरण |
|---|---|---|---|---|---|---|---|
| १. | लम्कीचुहा न. पा. | २०७६।१२।३० | नगद | ७. | गौरीगंगा न. पा. | २०७६।१२।२९ | खाद्यान्न |
| २. | जानकी गा. पा. | २०७६।१२।२६ | खाद्यान्न | ८. | गोदावरी न. पा. | २०७६।१२।३० | खाद्यान्न |
| ३. | टीकापुर न. पा. | २०७६।१२।२६ | खाद्यान्न | ९. | कैलारी गा .पा. | २०७६।१२।३१ | खाद्यान्न |
| ४. | भजनी न. पा. | २०७६।१२।२६ | खाद्यान्न | १०. | धनगढी उप.म.न.पा. | २०७६।१२।३१ | खाद्यान्न |
| ५. | जोशीपुर गा. पा. | २०७६।१२।२७ | खाद्यान्न | ११ | मोहन्याल गा. पा. | २०७७।०१।०२ | नगद |
| ६. | घोडाघोडी न. पा. | २०७६।१२।२७ | खाद्यान्न | १२ | चुरे गा.पा. | २०७६।१२।२७ | नगद |
| | | | | १३ | बर्दगोरीया गा. पा. | २०७६।१२।२७ | खाद्यान्न |

# कोरोना भाईरस (COVID-19) को विपत्तिमा संस्थाले कैलाली जिल्लाका स्थानीय निकायहरूलाई वितरण गरेको राहतका झलकहरू :

























### ५. डल कुसन निर्माण तथा मोटर साईकल मर्मत तालिम :





संस्थाले वित्तीय कारोबारमा मात्र सिमित नभई संस्थाका सदस्य तथा सदस्यका छोरा, छोरीको भविष्यका बारेमा पनि सोच्ने गरेको छ । सदस्यका युवा सन्ततीलाई आत्म निर्भर बनाउने लक्ष्य लिएको छ । त्यस कारण विगत लामो समय देखि मैनबत्ति ,अगरबत्ति, डलकुसन निर्माण लगायत घरेलु तथा लघुउद्यम सम्बन्धि तालिम दिदै आएको छ । रजत जयन्ति वर्षको अवसर पारी डलकुसन बनाउने तालिम ६५ जनालाई र मोटरसाईकल मर्मत ७ जना र हाउस वाईरिंग ३ जनालाई तालिम संचालन गरेको थियो । यो अवधिमा १६६५ जनालाई विभिन्न किसिमको तालिम दिएको छ

### ६. अगुवा कृषकलाई रासायनिक मल प्रयोग गर्ने तालिम :



आफ्ना सदस्यहरूका लागि कृषि सम्बन्धी विभिन्न किसिमका तालिम दिदै आएको छ। व्यवसायिक रूपमा कृषि कार्य गर्दै आएका सदस्यको कृषि उत्पादन बृद्धिका लागि आवश्यक सहयोग गर्दै आएको छ । कृषकका लागि तालिम संचालन र काम गर्ने हौसला मिलोस भनेर संस्थाले नै २ बिघा १० कठ्ठा जग्गा भाडामा लिई व्यवसायिक कृषि समेत गर्दै आएको छ । संस्थाले रजत जयन्तीको अवसर पारेर ३२ जना अगुवा कृषकलाई रासायनिक मल प्रयोग विधि बारे तालिम संचालन गर्नुको साथै अन्य ईच्छुक सदस्यलाई आवश्यक्ता अनुसार कृषि सम्बन्धी तालिम संचालन गरेको छ । संस्थाका कृषि प्राविधिकहरूले कृषि तथा भेटेनरी सम्बन्धि तालिम दिने गरेका छन् ।

### ७. सामाजिक उत्तरदायित्व,ट्राफिक सचेतना तथा सामग्री हस्तान्तरण कार्यक्रम :





संस्थाले सामाजिक रूपमा विभिन्न किसिम सामुदायिक प्रतिक्षालय, केन्द्रघर, सरसफाई, विपत्तिमा परेकाहरूको लागि विभिन्न किसिमका सहयोग जस्ता कार्य पनि गर्दै आएको छ, लम्की चौराहामा दुर्घटना वढि रहेकोले यसलाई कम गर्नका लागि संस्थाका संचालक सदस्य विष्णु भक्त ढकालको अध्यक्षतामा, नेपाल प्रहरीका उपरिक्षक लगायत यातायात व्यवसायीहरूको सहभागितामा दुर्घटना न्युनिकरण गर्न सामाजिक उत्तरदायित्व अन्तरगत सचेतना अन्तरगत चेतना मुलक सन्देश लिखित बोर्ड, ट्राफिक कोण, अन्य आवश्यकता अनुसार प्रत्येक चोकमा राखिने ट्राफिक सचेतना सम्बन्धि वोर्डहरू ट्राफिक प्रहरीलाई हस्तान्तरण कार्यक्रम गरियो ।

## ८. राष्ट्रिय अविष्कार केन्द्रलाई आर्थिक सहयोग :




राष्ट्रिय अविस्कार केन्द्रका डा. महाविर पुनको महान अभियान जहा कुनै स्वार्थ छैन,देश विकासका निम्ती विभिन्न किसिमका सिप र क्षमता भएका तर अवसर नपाएर विदेश पलाएन हुने युवाहरूको लागि स्वदेशमै रोजगारीको सृजना गरि देश विकाश परिवर्तन र सम्वृद्धि गर्न लागि परेका महान व्यक्तित्व डा. महाविर पुनको मुख्य लक्ष्य विश्व विद्यालय तथा रिसर्च सेन्टर स्थापनाको लागि यस संस्थाका कर्मचारी तथा संस्थाबाट पनि केही सहयोग होस भनेर डा. महाविर पुनको आतिथ्यमा रू १ लाख १ हजार प्रदान गरिएको थियो ।

## ९. सामाजिक उत्तरदायित्वमा किसानको भुमिका :

संस्थाले आफ्नो संस्थाको स्थापना २५ औं बर्ष प्रबेशको शुभारम्भ तथा रजत जयन्ती बर्ष प्रबेश गरेको उपलक्ष्यमा नेपाल रेडक्रस सोसाईटी लम्की उप–शाखाले लामो समय देखि सामाजिक रूपमा विभिन्न किसिमको सहयोग गर्दै आएकोले यस कार्यमा किसानको पनि साथको आवश्यकता छ भन्ने कुरालाई मध्यनजर गरि रेडक्रसमा दैनिक काम गर्नका लागि सरल, छिटोछरीतो सहजताका लागि कम्प्युटर तथा प्रिन्टर १–१ थान यस संस्थाका अध्यक्ष श्री सुरेन्द्र कुमार शाहबाट हस्तान्तरण गरियो ।







## १०. मिसकल बैंकिङ सेवा शुभारम्भ कार्यक्रम :

संस्थाले आफ्नो कारोबारको सुरूवाती लेजरबाटै सुरू गर्दै आएको थियो । लगभग १५ देखि १८ बर्ष सम्म संस्थाले आफ्नो कारोबार लेजरमै राख्दै आएको थियो । काम गर्ने सिलसिलामा संस्थाको कारोवारलाई व्यवस्थित, सुरक्षित तथा छिटो छरितोको सेवाका लागि हाल software को system मा राखि व्यवस्थित गरेको छ । त्यसैले संस्थाले सदस्यलाई छिटोछरीतो सेवा दिन सकेको हुँदा कारोबार पनि बृद्धि हुदै आएको छ । हाल आएर संस्थाले प्रविधिमा नेपालमै नमुनाको रूपमा कार्य गर्दै आएको छ ।




सदस्यको सहजताका लागि संस्थाको रजत जयन्ती बर्ष शुभारम्भको अबसर पारेर मिसकल बैंकिङ्ग सेवा संचालनमा ल्याएको छ । यो मिसकल सेवा लिनका लागि यदि सदस्यको खातामा पैसा छ भने जुनसुकै मोबाईलबाट यो नम्बरमा क्रमश : ब्यालेन्स जानकारीका लागि ९८६४७५९०६५ र मोबाईल रिचार्जका लागि ९८६४७५९०६४ मा मिसकल गरेमा ब्यालेन्स जानकारी र मोबाईल रिचार्ज गर्न सक्छ । हाल महामारीको रूपमा देखिएको कोरोना भाईरस १९को महामारीको बेला रिचार्ज नपाउने पाएपनि बढी पैसा तिर्नुपर्ने अबस्थामा सदस्यले यही सेवा लिदा रू ५० रिचार्ज गर्दा कमीसन रू १.५० सदस्यको खातामा नै जमा हुने हुदा सदस्यले पनि मिसकल सेवाबाट लाभ लिदै आएका छन ।

## ११. कर्मचारी अतिरिक्त क्रियाकलाप :

संस्थाको २५ औं वर्ष रजत जयन्तीको शुभारम्भको थालनिमा कर्मचारीलाई दैनिक काम मात्र नभई उनीहरूको मनोबल वृद्धि गर्न आत्मीय रूपमा पनि नजिक बनाउनका लागि तपशिल बमोजिम अतिरिक्त क्रियाकलाप गरिएको थियो ।

*१.१ मैत्रीपुर्ण फुटबल प्रतियोगिता*
*१.२ ईलाका स्तरीय कर्मचारी फुटबल प्रतियोगिता*
*१.३ हाजिरी जवाफ प्रतियोगिता*
*१.४ कथा लेखन र कम्प्युटर टाईपिंग प्रतियोगिता*
*१.५ बक्तृत्वकला प्रतियोगिता*

## १२. मैत्रीपुर्ण फुटबल प्रतियोगिता :

किसान बहुउद्देश्यीय सहकारी संस्था लि. र लम्की बहुमुखी क्याम्पसका कर्मचारी विच आत्मीय रूपमा पनि नजिक बनाउनका लागि संस्थाले मैत्रीपूर्ण फुटबल प्रतियोगिता रजत जयन्ति शुभारम्भ बर्षको अबसर पारि आयोजना गरेको थियो । मैत्रीपुण फुटबल प्रतियोगितामा किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष सुरेन्द्र कुमार शाहको अध्यक्षता र लम्की बहुमुखी क्याम्पसका अध्यक्ष बखत बहादुर बिष्टको प्रमुख आतिथ्यमा प्रतियोगिता संचालन गरिएको थियो । मैत्रीपुर्ण फुटबल प्रतियोगितामा किसान बहुउद्देश्यीय सहकारी संस्था लि. विजय भएको थियो ।



## १३. ईलाका स्तरीय कर्मचारी फुटबल प्रतियोगिता :



रजत जयन्ती बर्षको शुभारम्भलाई मध्य नजर गरि यस किसान बहुउद्देश्यीय सहकारी संस्था लि. का २ वटा ईलाका कार्यालय अन्तरगत टीकापुर र चौमाला ईलाका अन्तरगत ४ वटा टीम र केन्द्रिय कार्यालयको १ वटा गरी जम्मा ५ वटा टीम रहेको थियो । यस प्रतियोगितामा यस संस्थाका अध्यक्ष

बाट उदघाटन भएको थियो । यस प्रतियोगितामा चौमाला ईलाकाको B टीम प्रथम, टीकापुर ईलाकाको B टीम दोश्रो र केन्द्रिय कार्यालय तेश्रो भएको थियो ।

### १४. हाजिरी जवाफ प्रतियोगिता :



कर्मचारीको क्षमता अभिबृद्धि गर्नका लागि संस्थाका अध्यक्ष सुरेन्द्र कुमार शाहको अध्यक्षतामा २५औं रजत जयन्तीको सुभारम्भ कार्यक्रमलाई मध्य नजर गरि संस्थाको २१ वटा शाखा स्तरीय अन्तरगत हाजिरी जवाफ प्रतियोगिता गरिएको थियो । हाजिरी जवाफ प्रतियोगितामा प्रथम लम्की सहकारी शाखा दोश्रो बौनिया लघुवित्त शाखा र तेश्रो जोशीपुर शाखा भएका थिए ।

### १५. कथा लेखन एवं कम्प्युटर टाईपिंग प्रतियोगिता :

कर्मचारीको क्षमता अभिबृद्धि गर्नका लागि संस्थाका अध्यक्ष सुरेन्द्र कुमार शाहको अध्यक्षतामा २५ औं रजत जयन्तीको सुभारम्भ कार्यक्रमलाई मध्य नजर गरि अन्तरशाखा स्तरिय कथा लेखन तथा कम्प्युटर टाईपिंग प्रतियोगिता गरिएको थियो । यस प्रतियोगितामा कथा लेखनमा उत्कृष्ट रिता बजगाई र कम्प्युटर टाईपिंगमा कृष्ण बहादुर साउँद उत्कृष्ट भएका थिए ।

### १६ . बक्तृत्वकला प्रतियोगिता :

कर्मचारी क्षमता अभिवृद्धिका लागि शाखा स्तरिय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो । 'कोभिड १९ को विषम परिस्थितिमा सेवा प्रवाह एवं व्यवसायिक सफलता का लागि कर्मचारीको भूमीका' विषयक बक्तृत्वकला प्रतियोगिता प्रतियोगितामा २१ वटा शाखा र १ कृषि फर्मका तर्फबाट गरि २२ जना सहभागी थिए ।



प्रतियोगितामा प्रथम, द्वितिय, तृतिय र सान्त्वना क्रमशः लम्की शाखाका अम्मर राज भण्डारी, टीकापुर शाखाका रिता बजगाई, फुलबारी शाखाका अर्जुन रिमाल र सुख्खड शाखा दिपेन्द्र बटाला भएका छन् ।

सामाजिक अभियन्ता सम्मान : संस्थाले रजतजयन्तीको अवसर पारेर समुदायमा विभिन्नक्षेत्रमा रहि सामाजिक अभियान सन्चलन गर्ने तथा राष्ट्री, अन्तराष्ट्रिय मन्चमा स्थायि समूदायको प्रतिनीधित्व गर्ने ३ जनालाई सम्मान गरेको छ । यसरी सम्मानित हुनेमा परोपकारी अभियन्ताका रूपमा सहाराघर बौनियाका बल बहादुर बिष्ट, युवाकृषि उद्यमी नविन जोशी तथा युवा प्रतीनिधी पात्र केपी खनाल रहेका छन् । सामाजिक अभियान मार्फत समूदायलाई सकारात्मक सन्देश दिएको भन्दै उहाँहरूाई सम्मान गरिएको हो ।

**स्थापनाको २५ औं वर्ष पुरा गरि २६ औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la-Development Bank Ltd.**
स्थानीय विकासको आधार

**Head Office**
Baluwatar-4, Kathmandu,Nepal
Tel.: 977-01-4421861/62/63, 4422864
Fax: 977-01-4421766
Email: info@shangrilabank.com

# किसान सहकारीमा २० वर्ष नेतृत्वको अनुभव

- खडानन्द सापकोटा
पुर्व अध्यक्ष
किसान बहुउद्धेश्यीय सहकारी संस्था लि



२०५२ सालमा सिमित स्रोत साधन र २५ जना शेयर सदस्य मिलेर स्थापना भएको किसान वहुउदेशीय सहकारी संस्था २५ वर्ष पुरा भएको छ । संस्था स्थापनाको २५ वर्षे यात्रामा मैले पनि झण्डै २० वर्षसम्म प्रत्यक्ष रूपमा संस्थाको बोर्डमा बसेर नेतृत्व गर्ने अवसर प्राप्त गरेको थिए । २०५३ सालमा शेयर सदस्यता ग्रहण संगै म संस्थामा प्रत्यक्ष रूपमा जोडिन पुगेको हुँ । तत्कालीन अवस्थामा यस सहकारीले किराना पसल, नुन, तेल, चिनी, मल लगायतका खाद्यान्न सामाग्री बिक्री गरेर आफ्नो कारोवार सञ्चालन गरिरहेको अवस्था थियो । २०५४ सालमा संस्थाले राष्ट्र बैंकबाट सिमित कारोवार गर्ने अनुमती पाए संगै वित्तीय रूपमा संस्थाले आफ्ना गतिविधि अगाढी वढाउदै लगेको थियो । मैले २०५४ सालमा सहकारी संस्थाको बोर्ड सदस्यबाट नेतृत्वमा प्रवेश गरेको थिए भने झण्डै २० वर्ष सम्म सोही संस्थामा आवद्ध भएर आफ्नो कार्यलाई नियमित रूपमा अगाढी वढाउदै लगे । त्यसपछि बोर्ड उपाध्यक्ष र २०६२ सालदेखि लगातार ३ कार्यकाल संस्थाको अध्यक्षको रूपमा कार्यरत रहेर किसान सहकारी संस्थाका विभिन्न गतिविधिहरूलाई अगाढी वढाउदै लगे । संस्थाको सफल कार्ययोजना कार्यान्वयन गर्दै लैजाने क्रममा सो दौरान संस्थाले निकै फड्को मार्न सफल भएको थियो । मैले खासगरी एकल नेतृत्व भन्दा पनि आफ्नो टिमका सम्पुर्ण सदस्यहरूलाई जिम्मेवारी बाँडफाँड गर्दै एकढिक्का बनाएर अगाढी वढाएको थिए । नेतृत्वको दौरान सञ्चालक समितिका सदस्यसंगै कर्मचारीहरूको समेत उच्च मनोवल स्थापित गर्दै संस्थालाई उचाईमा पुऱ्याउन आफुले कुनै कसर बाँकी राखेन । नेतृत्व एक्लैले केही पनि गर्न सक्दैन कुनै पनि संस्था सफल हुनमा टिमवर्क सवैभन्दा महत्वपुर्ण कुरा हो भन्ने मेरो वुझाई छ । र उत्कृष्ट टिमवर्ककै कारण किसान सहकारी संस्थाले आजको दिनमा यो सफलता प्राप्त गरेको हो भन्ने मेरो वुझाई हो । संचालक समिति र कर्मचारीको सामनजस्यताका कारण समेत आफ्नो कार्यकालमा आफुलाई काम गर्न निकै सहज भएको मेरो अनुभव छ ।

विभिन्न आरोह अवरोह पार गर्दै चुनौतीलाई अवसरको रूपमा लिएर किसान सहकारीलाई आज एउटा ऐतिहासिक सफलताको शिखरमा पुऱ्याउन सफल भएको मेरो अनुभुति छ । कुनैपनि व्यक्ति संस्थाको नेतृत्वमा रहदा संस्थालाई सर्वोपरी ठानेर अघि बढे मात्रै सफलतामा पुग्न सकिन्छ भन्ने मेरो भनाई हो । सोही अनुरूप मैले आफु नेतृत्वमा रहुन्जेल संस्थालाई नै सर्वोपरी ठानेर संस्थाको हितका लागि निरन्तर लागिरहेकै कारण आज किसान सहकारी संस्थाको उचाई यो अवस्थामा पुगेको हो भन्ने मलाई लाग्छ ।

आफ्नो नेतृत्वमा संस्थाको चार तले भवन, आफ्नै जग्गा खरिद, कोल्ड स्टोरका लागि एक विगाह जग्गा खरिद गर्न समेत सफल भएका थियौ । सशस्त्र द्वन्द्वको चपेटामा परेको र झण्डै बन्द हुने अवस्थामा पुगेको संस्थालाई समेत हामीले अथक मेहनतका बाबजुद निरन्तर अगाढी वढाउदै लगेका थियौ । काम गर्दै जाने क्रममा हरेक ठाउँमा चुनौती र समस्याहरू आउछन तर ति समस्यासँग हामीले भागेर होईन डटेर सामना गऱ्यौ भने अवस्य पनि सफलतामा पुग्न सकिन्छ भन्ने एउटा गतिलो पाठ मैले किसान सहकारीबाट सिकेको छु । सशस्त्र द्वन्द्वको समयमा सायद हामीले साहस नगरेको भए आज संस्था यो स्थान सम्म पुग्न सक्ने थिएन होला । समस्याको समाधान खोज्दै निरन्तर आफ्नो उदेश्य प्राप्तीका लागि लागिरहने हो भने अवस्य पनि सफलता प्राप्त गर्न सकिन्छ । मैले यो कुरा किसान सहकारीको नेतृत्वका क्रममा सिकेको हुँ । कतिपय अवस्थामा केही जोखिमै मोलेर भएपनि हामीले केही महत्वपुर्ण निर्णयहरू गरेका थियौ । त्यति बेला गरेका ती निर्णयले अहिले संस्थाको सफलता र उचाईलाई अझ माथि पुऱ्याउन भुमिका खेलिरहेको अनुभुति मलाई भइरहेको छ । आगामी दिनमा पनि किसान सहकारी संस्थाले आफ्नो कार्ययोजनामा टेकेर काम अगाढी वढाउदै लिने हो भने यो भन्दा पनि अझ धेरै अगाढी वढ्न सक्छ । यसरी सामान्य रूपमा स्थापना भएको संस्था आज यो उचाईमा पुगेको देख्दा र सफलताले शिखर चुमिरहेको देख्दा आफु पनि संस्थामा जोडिएर यति लामो समय सम्म नेतृत्व गरेको थिए भन्न पाउदा निकै गर्व महशुस हुने गरेको छ ।

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## स्थापनाकालदेखि हालसम्मका पदाधिकारीहरुको विवरण

| आर्थिक बर्ष २०५२ | | |
|---|---|---|
| संचालक समिति | | |
| १ | इन्द्र कुमार शाह | अध्यक्ष |
| २ | श्रीमती भारती शाह | सदस्य |
| ३ | श्री कृष्ण बहादुर शाह | सदस्य |
| ४ | श्री सुरेन्द्र कुमार शाह | सदस्य |
| ५ | श्री लाल बहादुर बिष्ट | सदस्य |

| आर्थिक बर्ष २०५४ | | | | | |
|---|---|---|---|---|---|
| संचालक समिति | | | सल्लाहकार समिति | | |
| १ | श्री मंगल बहादुर शाह | अध्यक्ष | १ | श्री धनिराम धमाला | सदस्य |
| २ | श्री पदमराज चौलागाई | उपाध्यक्ष | २ | श्री तेज बहादुर थापा | सदस्य |
| ३ | श्री केश बहादुर रावल | कोषाध्यक्ष | ३ | श्री खडानन्द सापकोटा | सदस्य |
| ४ | श्री इन्द्र बहादुर शाह | सचिव | ४ | श्री धिरज बहादुर शाही | सदस्य |
| ५ | श्री कृष्ण बहादुर धामी | सदस्य | ५ | श्री राम प्रसाद गिरी | सदस्य |
| ६ | श्री प्रशुराम पौडयाल | सदस्य | ६ | श्री चक्र बहादुर शाही | सदस्य |
| ७ | श्री दुर्गा प्रसाद पौडयाल | सदस्य | ७ | श्री पहलवान रावल | सदस्य |
| ८ | श्री तिर्थराज बोहरा | सदस्य | ८ | श्री बम बहादुर विष्ट | सदस्य |
| ९ | श्री राजकुमार हमाल | सदस्य | | | |
| १० | श्री सुरेन्द्र कुमार शाह | सदस्य | | | |
| ११ | श्रीमती भारती शाह | सदस्य | | | |
| १२ | श्री टेक बहादुर खत्री | सदस्य | | | |
| १३ | श्री रुप बहादुर खडका | सदस्य | | | |

| आर्थिक बर्ष २०५५ देखि २०५६ सम्म | | | | | |
|---|---|---|---|---|---|
| संचालक समिति | | | सल्लाहकार समिति | | |
| १ | श्री मंगल बहादुर शाह | अध्यक्ष | १ | श्री धनिराम धमाला | संयोजक |
| २ | श्री पदमराज चौलागाई | उपाध्यक्ष | २ | श्री चक्र बहादुर शाही | सदस्य |
| ३ | श्री केश बहादुर रावल | कोषाध्यक्ष | ३ | श्री लाल बहादुर बिष्ट | सदस्य |
| ४ | श्री इन्द्र बहादुर शाह | सचिव | | | |
| ५ | श्री ललितजंग शाही | सह सचिव | | | |
| ६ | श्री कृष्ण बहादुर धामी | सदस्य | | लेखा समिति | |
| ७ | श्री प्रशुराम पौडयाल | सदस्य | १ | श्री सर्पजीत साँउद | संयोजक |
| ८ | श्री सुरेन्द्र कुमार शाह | सदस्य | २ | श्री शुभनाथ देवकोटा | सदस्य |
| ९ | श्री राजकुमार हमाल | सदस्य | ३ | श्री विष्णुभक्त शर्मा ढकाल | सदस्य |
| १० | श्री तिर्थराज बोहरा | सदस्य | | | |
| ११ | श्री जन्मजय तिमिल्सेना | सदस्य | | | |
| १२ | श्री खडानन्द सापकोटा | सदस्य | | | |
| १३ | श्री तेज बहादुर थापा | सदस्य | | | |

## आर्थिक बर्ष २०५६ देखि २०५९ सम्म

| संचालक समिति | | | सल्लाहकार समिति | | |
|---|---|---|---|---|---|
| १ | श्री मंगल बहादुर शाह | अध्यक्ष | १ | श्री तेज बहादुर थापा | संयोजक |
| २ | श्री भानु शाह | उपाध्यक्ष | २ | श्री धनिराम धमाला | सदस्य |
| ३ | श्री केशर बहादुर रावल | कोषाध्यक्ष | ३ | श्री धिरज बहादुर शाही | सदस्य |
| ४ | श्री इन्द्र बहादुर शाह | सदस्य सचिव तथा केन्द्रिय प्रबन्धक | ४ | श्री राम प्रसाद गिरी | सदस्य |
| ५ | श्री ललितजंग शाही | सह सचिव | ५ | श्री चक्र बहादुर शाही | सदस्य |
| ६ | श्री कृष्ण बहादुर धामी | सदस्य | | | |
| ७ | श्री सुरेन्द्र कुमार शाह | सदस्य | | | |
| ८ | श्री प्रशुराम पौडयाल | सदस्य | | लेखा समिति | |
| ९ | श्री राजकुमार हमाल | सदस्य | १ | श्री सर्पजीत साँउद | संयोजक |
| १० | श्री मुलचन्द रावत | सदस्य | २ | श्री शुभनाथ देवकोटा | सदस्य |
| ११ | श्री तिर्थराज बोहरा | सदस्य | ३ | श्री विष्णुभक्त शर्मा ढकाल | सदस्य |
| १२ | श्री खडानन्द सापकोटा | सदस्य | | | |
| १३ | श्री हेमन्त कुमार बस्नेत | सदस्य | | | |
| १४ | श्री जय बहादुर खत्री | सदस्य | | | |
| १५ | श्री कृष्ण बहादुर के.सी. | सदस्य | | | |

## आर्थिक बर्ष २०५९ देखि २०६२ सम्म

| संचालक समिति | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री मंगल बहादुर शाह | अध्यक्ष | ७ | श्री सुरेन्द्र कुमार शाह | सदस्य |
| २ | श्री खडानन्द सापकोटा | उपाध्यक्ष | ८ | श्री मुलचन्द रावत | सदस्य |
| ३ | श्री केशर बहादुर रावल | कोषाध्यक्ष | ९ | श्री हेमन्त कुमार बस्नेत | सदस्य |
| ४ | श्री इन्द्र बहादुर शाह | सदस्य सचिव तथा केन्द्रिय प्रबन्धक | १० | श्री कमल राज जोशी | सदस्य |
| ५ | श्री ललितजंग शाही | सह सचिव | ११ | श्री लक्ष्मी प्रसाद देवकोटा | सदस्य |
| ६ | श्री कृष्ण बहादुर धामी | सदस्य | १२ | श्री चक्र बहादुर बोहरा | सदस्य |

## आर्थिक बर्ष २०६२ देखि २०६५ सम्म

| संचालक समिति | | | सल्लाहकार समिति | | |
|---|---|---|---|---|---|
| १ | श्री खडानन्द सापकोटा | अध्यक्ष | १ | श्री तेज बहादुर थापा | संयोजक |
| २ | श्री कमल राज जोशी | उपाध्यक्ष | २ | श्री धिरज बहादुर शाही | सदस्य |
| ३ | श्री हेमन्त कुमार बस्नेत | कोषाध्यक्ष | ३ | श्री तर्क बहादुर थापा | सदस्य |
| ४ | श्री चेतमान के.सी. खत्री | सह सचिव | ४ | श्री भरत कडायत | सदस्य |
| ५ | श्री सुरेन्द्र कुमार शाह | सदस्य | ५ | श्री राम प्रसाद चौधरी | सदस्य |
| ६ | श्री धर्मराज न्यौपाने | सदस्य | | | |
| ७ | श्री महेश रावल | सदस्य | | | |
| ८ | श्री धनन्जय तिमिल्सेना | सदस्य | | लेखा समिति | |
| ९ | श्री लक्ष्मी प्रसाद देवकोटा | सदस्य | १ | श्री ललितजंग शाही | संयोजक |
| १० | श्री विष्णुभक्त शर्मा ढकाल | सदस्य | २ | श्री फणेन्द्रराज कार्की | सदस्य |
| ११ | श्री गणेश पाठक | सदस्य | ३ | श्री शुभनाथ देवकोटा | सदस्य |
| १२ | श्री जय बहादुर सिंह | सदस्य | | | |
| १३ | श्री नेत्र प्रसाद जोशी | सदस्य | | | |
| १४ | श्री डम्बर बहादुर शाह | सदस्य सचिव तथा केन्द्रिय प्रबन्धक | | | |

## आर्थिक बर्ष २०६५ देखि २०६८ सम्म

| संचालक समिति | | | लेखा समिति | | |
|---|---|---|---|---|---|
| १ | श्री खडानन्द सापकोटा | अध्यक्ष | १ | श्री कृतिसिंह बम | संयोजक |
| २ | श्री कमल राज जोशी | उपाध्यक्ष | २ | श्री फणेन्द्रराज कार्की | सदस्य |
| ३ | श्री हेमन्त कुमार बस्नेत | कोषाध्यक्ष | ३ | श्री पूर्णबहादुर रावल | सदस्य |
| ४ | श्री चेतमान के.सी. खत्री | सह सचिव | | | |
| ५ | श्री सुरेन्द्र कुमार शाह | सदस्य | | | |
| ६ | श्री लक्ष्मी प्रसाद देवकोटा | सदस्य | | | |
| ७ | श्री विष्णुभक्त शर्मा ढकाल | सदस्य | | | |
| ८ | श्री नवराज रावल | सदस्य | | | |
| ९ | श्री दिनेश बम | सदस्य | | | |
| १० | श्री उदयराम खनाल | सदस्य | | | |
| ११ | श्री दिनेश कुमार चलाउने | सदस्य | | | |
| १२ | श्री जयरुप बुढा | सदस्य | | | |
| १३ | श्री महेश रावल | सदस्य | | | |
| १४ | श्री डम्बर बहादुर शाह | सदस्य सचिव तथा केन्द्रिय प्रबन्धक | | | |

## आर्थिक बर्ष २०६८ देखि २०७२ सम्म

| संचालक समिति | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री खडानन्द सापकोटा | अध्यक्ष | १ | श्री फणेन्द्रराज कार्की | संयोजक |
| २ | श्री सुरेन्द्र कुमार शाह | उपाध्यक्ष | २ | श्री चेतराम देवकोटा | सदस्य |
| ३ | श्री उदयराम खनाल | सदस्य | ३ | श्री मोति प्रसाद उपाध्याय | सदस्य |
| ४ | श्री जयरुप बुढा | सदस्य | | | |
| ५ | श्री टिकेन्द्र थापा | सदस्य | | | |
| ६ | श्री मयाराम धमाला | सदस्य | | | |
| ७ | श्री लोकराज तिमिल्सेना | सदस्य | | | |
| ८ | श्री शुभनाथ देवकोटा | सदस्य | | | |
| ९ | श्री विष्णुभक्त शर्मा ढकाल | सदस्य | | | |
| १० | श्री शिव बहादुर स्वार | सदस्य | | | |
| ११ | श्री डम्बर बहादुर शाह | सदस्य सचिव तथा केन्द्रिय प्रबन्धक | | | |

## आर्थिक बर्ष २०७२ देखि २०७६ सम्म

| संचालक समिति | | | सल्लाहकार समिति | | |
|---|---|---|---|---|---|
| १ | श्री सुरेन्द्र कुमार शाह | अध्यक्ष | १ | श्री खडानन्द सापकोटा | संयोजक |
| २ | श्री उदयराम खनाल | उपाध्यक्ष | २ | श्री लक्ष्मी प्रसाद देवकोटा | सदस्य |
| ३ | श्री मयाराम धमाला | सदस्य | ३ | श्री धिरज बहादुर शाही | सदस्य |
| ४ | श्री विष्णुभक्त शर्मा ढकाल | सदस्य | | | |
| ५ | श्री जयरुप बुढा | सदस्य | | | |
| ६ | श्री लोकराज तिमिल्सेना | सदस्य | | लेखा समिति | |
| ७ | श्री शुभनाथ देवकोटा | सदस्य | १ | श्री फणेन्द्रराज कार्की | संयोजक |
| ८ | श्री पतिराम चौधरी | सदस्य | २ | श्री चेतराम देवकोटा | सदस्य |
| ९ | श्री उर्मिला बस्नेत (ओली) | सदस्य | ३ | श्री मोति प्रसाद उपाध्याय | सदस्य |
| १० | श्री शिव बहादुर स्वार | सदस्य | | | |
| ११ | श्री उदयराम बटाला | सदस्य | | | |
| १२ | श्री डम्बर बहादुर शाह | सदस्य सचिव तथा प्रमुख ब्यवस्थापक | | | |

## वर्तमान समिती

| संचालक समिति | | | सल्लाहकार समिति | | |
|---|---|---|---|---|---|
| १ | श्री सुरेन्द्र कुमार शाह | अध्यक्ष | १ | श्री उदयराम खनाल | संयोजक |
| २ | श्री टिकेन्द्र बहादुर थापा | उपाध्यक्ष | २ | श्री कमल राज जोशी | सदस्य |
| ३ | श्री लोकराज तिमिल्सेना | सचिव | ३ | श्री राज कुमार हमाल | सदस्य |
| ४ | श्री मयाराम धमाला | कोषाध्यक्ष | | | |
| ५ | श्री दिनेश कुमार चलाउने | सह सचिव | | | |
| ६ | श्री जयरुप बुढा | सदस्य | | लेखा सुपरीवेक्षण समिति | |
| ७ | श्री शिव बहादुर स्वार | सदस्य | १ | श्री नृप बहादुर कँवर | संयोजक |
| ८ | श्री पतिराम चौधरी | सदस्य | २ | श्री तर्क बहादुर थापा | सदस्य |
| ९ | श्री मनिराम न्यौपाने | सदस्य | ३ | श्री मान सिंह भुल | सदस्य |
| १० | श्री सरोज कुमार शाह | सदस्य | | | |
| ११ | श्री चन्द्रा सिंह | सदस्य | | | |
| १२ | श्री विष्णुभक्त शर्मा ढकाल | जिल्ला प्रतिनिधि | | | |
| १३ | श्री डम्बर बहादुर शाह | महा प्रबन्धक | | | |


स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलाली लाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

RMDC

**RMDC Laghubitta Bittiya Sanstha Ltd.**

The Partner for safe, sensible & Sustainable Microfinance

Putalisadak, Kathmandu,Nepal

P.O. Box. : 20789, | Tel.: 977-01-4268019/4268020 | Fax: 977-01-4247702 | Email: rmdc@rmdcnepal.com



स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलाली लाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**बैंक अफ काठमाण्डू लिमिटेड**

**BANK OF KATHMANDU LTD.**

*we make your life easier*

Kamalpokhari, Kathmandu,Nepal

Tel.: 01-4414541/01-4437106 | Email: info@bok.com.np

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## फोटो ग्यालेरी-१



२०५५ सालको साधारण सभामा सहभागी शेयर सदस्य ज्यूहरु



वि.स. २०५५ सालमा संस्था तत्कालीन अध्यक्ष श्री मंगल बहादुर शाह तथा सदस्य श्री खडानन्द सापकोटा ज्यू



संस्थाको ९ औं वार्षिक साधारण सभा वि.स २०६० साल



आ.व. २०६२/६३ मा उत्कृष्ट कारोवार गर्ने सदस्यलाई सम्मान गर्दै तत्कालीन अध्यक्ष श्री खडानन्द सापकोटा ज्यू



वि स २०६२ देखि २०६५ सम्मका संचालक समितीका पदाधिकारीहरुको सामुहिक तस्वीर



नवनिर्वाचित संचालक तथा लेखा समितीका पदाधिकारी ज्यूहरुको पदस्थापन कार्यक्रम वि.स. २०६५ साल



संस्थाको लघुवित्त तर्फको प्रथम केन्द्र प्रमुख गोष्ठी २०६५ मा आफ्ना भनाई राख्दै केन्द्र प्रमुख ज्यू



संस्थाको लघुवित्त तर्फको प्रथम केन्द्र प्रमुख गोष्ठी २०६५ मा आफ्ना भनाई राख्दै केन्द्र प्रमुख ज्यू



संचालक समितीका पदाधिकारी ज्यूहरुलाई संस्थाको केन्द्रिय कार्यालयमा सम्वोधन गर्दै सुदूरपश्चिम प्रदेशमा मा. मुख्यमन्त्री श्री त्रिलोचन भट्ट ज्यू



सुदूरपश्चिम प्रदेशमा मा. मुख्यमन्त्री श्री त्रिलोचन भट्ट ज्यूलाई मायाको चिनो दिदै संस्थाका अध्यक्ष सुरेन्द्र कुमार शाह ज्यू



संस्थाको केन्द्रिय कार्यालयमा सविधान दिवस मनाउदै




संस्थाको व्यवसायिक रणनिती निर्माण सम्वन्धी अर्न्तक्रया कार्यक्रममा RMDC का श्री वासुदेव लामिछाने ज्यू



उधमशिलता विकास तालिममा सहभागी सदस्य ज्यूहरु



संस्थाको एटीएम सेवाको औपचारीक उद्धाटन गर्दै सुदूरपश्चिम प्रदेश भुमि व्यवस्था तथा सहकारी मन्त्री मा. श्री विनिता चौधरी ज्यू




सुखड शाखा अर्न्तगत सदस्यको मृत्युपश्चात रु.४ लाख १ हजार बरावरको सुविधा वितरण गर्दै घोडाघोडी न.पाका मेयर श्री ममता प्रसाद चौधरी ज्यू



विधार्थीहरुलाई वित्तीय सेवाको बारेमा जानकारी गराउदै

# भुगोल : कैलाली र किसान सञ्जाल



- अधिवक्ता :मयाराम धमला
कोषाध्यक्ष
किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

नेपाल अधिराज्यको ७ वटा प्रदेश मध्येको (७ औं प्रदेश) सुदूरपश्चिम प्रदेशलाई प्रशासनिक रूपले ९ वटा जिल्ला र ८८ स्थानीय तहमा विभाजन गरिएको छ । जसमा बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला, बैतडी र डडेलधुरा जिल्लाहरू हिमाली एवंम् पहाडी भेग अन्तरगतका जिल्लाहरू हुन भने कञ्चनपुर र कैलाली तराई भेग अन्तरगतका जिल्लाहरू हुन । कैलाली र कञ्चनपुर जिल्ला भौगोलिक हिसाबले केही भाग चुरे क्षेत्रमा अवस्थित भएतापनि अधिकांश भाग समथर छ । जुन कृषिको लागि अत्यन्तै उपयुक्त रहेको छ । त्यसैले त कैलाली र कञ्चनपुर जिल्ला अन्नभण्डार को नामबाट परिचित छ । कैलाली जिल्ला को मोहन्याल गा.पा, चुरे गा.पा, बर्दगोरिया गा. पा. का केही भागहरू चुरे क्षेत्रमा पर्दछन । चुरे श्रृङखला सँगै जिल्लाको पुर्वमा बगिरहेको कर्णाली नदीको दृष्यले हरेकको मन सजिलै आफुतिर खिचेको छ । यसै नदीले कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सिमाना कायम गरेको छ भने, यसै नदीमाथी रहेको कर्णाली पुल विश्वका हेर्न लायक पुल मध्येको एक हो । यसको पुर्व र उत्तर तर्फ हरियाली डाडाकाँडा को मनोरम दृश्य रहेको पाइन्छ । दक्षिण पश्चिम तर्फ तराइको समतल भु-भाग रहेको पाइन्छ । पर्यटकिय दृष्टीकोणले कैलाली जिल्लाका धेरै जसो ठाउँहरू रमणिय रहेका छन । विश्व सिमसार क्षेत्र अन्तरगत घोडाघोडी ताल कैलाली जिल्लाकै घोडाघोडी नं. पा. अन्तरगत पर्दछ । यस तालको चारैतिर रहेको प्राकृतिक वातावरणले मानिसहरूको मन लोभ्याइ रहेको देख्न सकिन्छ । विशेष गरी शिवरात्रीको समयमा मेला लाग्ने उक्त तालको छेउ छाउमा हिन्दुहरूका पवित्र देवि देवताका मन्दिरहरू स्थापना भएको देख्न सकिन्छ । धेरै जसो पर्यटकलाई मन लोभ्याउने घोडाघोडी तालमा कमल लगायतका विभिन्न जात जातिका फुलहरूले सुगन्धित बासना फैलाई रहेका छन । यसै गरी कैलाली जिल्लाको पूर्वि दक्षिण भागको टिकापुर न.पा मा अवस्थित टीकापुर पार्कले समेत मानिसको मनै लोभ्याएको पाइन्छ । टीकापुर पार्कमा प्रत्येक वर्ष आन्तरिक तथा वाहय पर्यटकहरूको घुईचो हुने गर्दछ । उक्त पार्कलाई आनन्दको अनुभुति दिलाउने बगैचा भन्दा पनि फरक नपर्ने देखिन्छ । यस पार्क संगै बगिरहेको कर्णाली नदिले अझै पार्कको सुन्दरता बढाएको महशुस हुन्छ । यस रमणिय स्थानको ठाउँ ठाउँमा रहेका पिकनिक स्पट थप व्यवस्थित गरी भ्रमणमा आउने पर्यटकलाई अझै आकर्षित गर्नुपर्ने देखिन्छ ।

प्राकृतीक मनोरमले भरिपूर्ण कैलाली जिल्लामा तराई र पहाडको समिश्रण हावापानी पाइन्छ । देव, देवालय, मठ, मन्दिर, पार्क ताल, तलाउ र ऐतिहासीक एवंम् पुरातात्वीक लगायतका विभिन्न प्राकृतीक र मानव निर्मित भौतिक संरचनाले गर्दा कैलाली जिल्ला अति रमणिय मानिन्छ ।

कुनै पनि ठाउँ आफैमा सुन्दर भएतापनि त्यो ठाउँको बिकासको लागि ब्यापार व्यवसाय, उद्योग कलकारखाना, सामाजिक परिवेश, संस्कृती, भेषभुषा महत्वपूर्ण भुमीका खेलेको हुन्छ । साथै आर्थिक बिकासको लागि उत्पादन, बजारको साथै लगानीको वातावरण समेत हुनुपर्दछ । कैलाली जिल्लामा हाल दर्जनौं बैक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन तथापी यहाँको आर्थिक तथा व्यवसायीक क्षेत्रमा किसान बहुउद्देश्यीय सहकारी संस्थाले पुऱ्याएको योगदान अतुलनिय रहेको छ ।

कैलाली जिल्लाको कर्णाली चिसापानी देखि १३ कि. मि. पश्चिम लम्की चुहा नगरपालिका वार्ड नं. १ मा केन्द्रिय कार्यालय रहेको किसान बहुउद्देश्यीय सहकारी संस्थाले यस क्षेत्रका व्यापारी, कृषक, उद्योगपति र सर्वसाधारणहरूको निक्षेप संकलन गर्दै उनिहरूलाई कर्जा प्रवाह मार्फत जिवनस्तर उकास्न ठुलो भुमिका गरेको इतिहास छ । यस संस्थाको स्थापना २०५२ सालबाट २०/२५ जना सर्वसाधारण व्यक्तिबाट स-सानो शेयर रकम संकलन गरी गरेको इतिहास छ । देशको विभिन्न समयमा भएको राजनीतिक उथल पुथलका वावजुद पनि आफ्नो शाखा जोगाउन सक्षम यस संस्थाले २०६४ सालमा लघुवित्त कार्यक्रम संचालन गरी अति विपन्न वर्गका मानिसहरू लाई जिविको पार्जन गर्न विभिन्न कृषि सम्बन्धित कार्यक्रम गर्दै आएको व्यहोरा जानकारीमा नै छ । यस संस्थाले २ दशक भित्र नै २ वटा सहकारी को शाखा र १८ वटा लघुवित्त शाखा मार्फत

विकट पहाडका सर्बसाधारण लाई सेवा पुर्‍याउदै आएको पाइन्छ । कृषि क्षेत्रलाई महत्व दिई किसान हरूको लागि सुलभ कर्जा उपलब्ध गराएको र कृषि क्षेत्रलाई बढावा दिन कैलाली जिल्ला जानकी गा. पा. वार्ड नं ९ मा कषि फर्म नै संचालन गरी तरकारी, बिउ, बिजन उत्पादन जस्ता कार्य यसै संस्था मार्फत हुदै आएका उदाहरणीय कार्य अन्तरगत पर्दछ । केही समय भित्र संचालनमा ल्याउने गरी चिस्यान केन्द्रको लागि जग्गा खरिद समेत गरेको यस संस्थाको उदारणीय कार्य हो । यस संस्थाले विगत केही वर्ष देखि कैलाली जिल्लाको पहाडी भेग सहजपुर, पण्डोन र सोल्टा शाखा बाट त्याहाका किसानहरूलाई वित्तीय सुविधा दिई रहेको पाइन्छ । स-सानो रकम जम्मा गरी कर्जा प्राप्त गर्न नसक्ने र उत्साह र साहास भएका कृर्षक दाजु, भाई , दिदि बहिनीहरूलाई यस संस्थाको लघुवित्त कार्यक्रमको ठुलो योगदान पुर्‍याएको कुरा यहाँका बुद्धिजीवि र जानकारहरूबाट बुझ्न सकिन्छ । यसरी भौगोलिक दृष्टिकोण बाट टाढा रहेका मानिसहरूलाई वित्तीय सुविधा उपलब्ध गराई जनमानसमा घुलमिल हुन सक्षम किसान बहुउद्देश्यीय सहकारी संस्थाको प्रत्येक बर्षको वार्षिक साधारण सभामा आय-व्याय र आगामी रणनीति समेत सम्पूर्ण शेयरधनीलाई उपलब्ध गराउँदै आएको व्यहोरा जानकारी गराइन्छ । साथै किसान बहुउद्दश्यीय सहकारी संस्था सहकारी क्षेत्रमा सुदूरपश्चिम प्रदेशमा पहिलो ए.टि.एम लगायत अन्य विभिन्न बैकिङ्ग सेवा दिन सफल भएको छ ।

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलाली लाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि.
First Microfinance Development Bank Ltd.
Head Office
Gyaneshor Kathmandu, Nepal (Opposit to Sano Gaucharan)
P.O. Box.: 24800 | Tel.: 977-1-4425361/ 4425358 | Fax: 977-1-4427046 | Email: info@fmdb.com.np

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलाली लाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

prabhu bank
**Head Office**
Prabhu Building, Babarmahal, Kathmandu
P.O. Box.: 19441 | Te.: +977-1-4788500 | Fax: +977-1-4780588 | Email: info@prabhubank.com

# समाजको समुन्नतीमा किसान बहुउद्देश्यीय सहकारी संस्था



- उदयराम खनाल
संयोजक
सल्लाहकार समिति

नेपालको आर्थिक उदारीकरणको नीति अवलम्बन गरे पश्चात बैंक तथा वित्तीय संस्थाहरूको स्थापना बृद्धि भईरहेको तथा निजी क्षेत्रको आर्थिक क्रियाकलापहरूमा सक्रियता बढे संगै सहकारी संस्थाहरूको विकासमा पनि बृद्धि भएको पाईन्छ । विशेष गरि सहकारी ऐन २०४८ पश्चात सहकारी संस्थाहरूको स्थापना र सञ्चालनमा सहज वातावरण निर्माण भएको छ । यसै परिवेशमा २५ वर्ष अघि कैलाली जिल्लाको लम्कीमा स्थापना भएको किसान बहुउद्देश्यीय सहकारी संस्थाले सहकारीको मुल्य मान्यता एवम सिद्धान्त अनुरूप समाजको सामाजिक, आर्थिक रूपान्तरणका निम्ती अहम भुमिका निर्बाह गर्दै आईरहेको छ । नेपाल जस्तो विकासोन्मुख मूलुक जहाँ पुँजी निर्माणको दर न्युन छ । गरिबी बेरोजगारी र आर्थिक पछौटेपन व्याप्त छ । यस्तो समाजमा सहकारी एउटा महत्वपुर्ण माध्यम हुनसक्छ, जसले विद्यमान सम्स्याहरूको समाधानका निम्ती योगदान दिन सक्छ भन्ने विश्वासका साथ दुरदर्शी अग्रजहरूले थोरै पुँजी संकलन गरि दिर्घकालिन सोचका साथ संस्थाको स्थापना गरिएको हो । संस्थाको स्थापना पश्चातका केही कालखण्ड असहज भएतापनि हालको अवस्था सम्म आईपुग्दा कैलाली जिल्ला भरि कायक्षेत्र रहेको यस संस्थाले समाजको आर्थिक सामाजिक समस्याहरूको समाधानका निम्ती अहम भुमिका निर्वाह गरिरहेको छ ।

बचत र लगानी परिचालनका माध्ययमबाट सर्वसाधारण ग्राहकहरूलाई वित्तीय पहुँच विस्तार गर्न संचालित बचत र ऋणलाई परिचालन गरि व्यवसायिक क्षेत्रमा लगानीका माध्ययमबाट उत्पादन तथा रोजगारीको सृजना गरिरहेको छ । यस क्षेत्रमा हालको जस्तो वाणिज्य बैंकहरूको विस्तार भइनसकेको परिवेशमा बैंकिग सुविधा उपलब्ध गराई बचत परिचालनका माध्यमबाट पुंजी निर्माण गर्नका लागि सघाएको छ । वित्तीय पहुँच नभएका न्युन आय वर्गका किसान, मजदुर र व्यवसायीका लागि वित्तीय सुविधा उपलब्ध गराउंदै आईरहेको छ । वि.सं. २०६४ साल देखि लघुवित्त कार्यक्रम सञ्चालन गरि आर्थिक, सामाजिक र लैंगिक विभेद खेपीरहेका सर्वसाधारण महिला दिदिबहिनीहरूलाई बिनाधितो कर्जा उपल्ध गराई महिलाहरूको सशक्तिकरणमा सहयात्री बनिरहेको छ । आजका दिन सम्म ५० हजार महिला सदस्यहरू संस्थामा आवद्ध भई आत्मनिर्भरता तर्फ अग्रसर हुन प्रेरित गरिरहेको छ । किसान र लघुवित्त कार्यक्रम पर्यायवाची जस्तै भईसकेका छन । कैलाली जिल्लामा लघुवित्त भन्ने वित्तिकै किसान सहकारीलाई बुझ्ने गरिन्छ । आधुनिक बैंकिग सुविधाबाट बञ्चीत ग्रामीण श्रमजिवि महिलाहरू लाई घरदैलोमा बैंकिङ सुविधा विस्तार भएको छ ।

सामाजिक उत्तरदायित्व सहकारी संस्थाको अर्को महत्वपुर्ण क्षेत्र हो । सामाजिक हितका निम्ती कार्य गर्ने सहकारी संस्थाले समाजको उत्थानका निम्ती अग्रसर हुनु पर्दछ । जसअन्तर्गत किसान समाजको सारथी पनि हो समाजमा विधमान समस्याहरूको सम्बोधनका निम्ती हातेमालो गर्दै आईरहेको छ । वित्तीय साक्षरता अभियान, स्वास्थ्य शिवीर सञ्चालन, सहकारी शिक्षा, सिपमुलक तालिम, शेयरधनीका

जेहेन्दार बालबालिकालाई छात्रवृत्ति प्रदान, दिवंगत शेयरधनीका आश्रित परिवारलाई राहत जस्ता कार्य गर्दै आईरहेको छ । किसानले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका कामहरूले संस्था प्रति जनविश्वास बढ्दै गईरहेको छ । आज हरेक शेयरधनीले आफुलाई संस्थाको शेयरधनी भएकोमा गर्वको अनुभुति गर्दछ । किसानको शेयर सदस्य बन्नको लागि स्वःस्फुर्त रूपमा मानिसहरू तत्पर हुन्छन । जसको मुख्य कारण हालसम्मको संस्थाको उच्च छवि नै हो । संस्थामा विद्यमान सुशासन र पारदर्शिता जिम्मेवारीपन र जवाफदेहिताले नै यो अवस्था आईपुगेको हो । नेपालमा सहकारी संस्थाहरू संख्याको आधारमा करिब ३५ हजार भन्दा बढि छन । तर अधिकांस सहकारी संस्थाहरू चरम राजनैतिक हस्तक्षेप व्यक्तिगत स्वार्थ, आर्थिक उपचलनका कारण अस्थित्व बिहिन छन । यस संस्थाले राजनैतिक हस्तक्षेप, व्यक्तिगत स्वार्थ भन्दा माथी उठेर मात्र समाजको निर्माणमा योगदान गर्न सकिन्छ भन्ने गतिलो पाठ सिकाएको छ ।

समाजमा विद्यमान जातीय क्षेत्रीय लैङ्गिक विभेदको अन्त्य नभएसम्म विकसित समाजको परिकल्पना गर्न सकिदैन । विभेदले द्वन्द्वको उत्पति हुन्छ । द्वन्द्व व्यवस्थापनमा किसान बहुउद्देश्यीय सहकारी संस्थाले महत्वपूर्ण कार्य गर्दै आईरहेको छ । चुलोचौकोमा सिमित ग्रामीण विपन्न महिलाहरूलाई जागरण पैदा गरेको छ । निरक्षर महिलाहरूलाई वित्तीय साक्षरता प्रदान गरि समाजका अगाडि उभिएर आफना विचारहरू व्यक्त गर्न सक्ने भएका छन् । स्वरोजगारको सृजना गरि आत्मनिर्भर हुन प्रेरित गरेको छ । व्यवस्थापकीय पक्षलाई मजबुत बनाउन कुशल कर्मचारी प्रशासन एउटा महत्वपुर्ण पक्ष हो जसको निम्ती किसानले कुशल कर्मचारी नेतृत्वको विकास गर्न सफल भएको छ । संस्थाको सेवालाई ग्राहकको घरदैलो सम्म पुऱ्याउने कर्मचारी प्रशासन भित्र सबै जाति, क्षेत्र वर्ग र लिङ्गको प्रतिनिधित्व छ । समाजमा रहेका पहुँच विहिन योग्य र क्षमतावान युवाहरूलाई रोजगारीको अवसर प्रदान गरेको छ ।

सहकारीको मुख्य उद्देश्य निक्षेप संकलन र ऋणको उपलब्धता गराउन मात्र नभई त्यसको उत्पादनशिलता बढाउन पनि हो । व्यवसायीक दक्षता अभिबृद्धिका लागि आवस्यक तालिम र स्रोत समाग्रीको उपलब्धता बढाउन पनि आवस्यक हुन्छ । जस अन्तर्गत सुपथ मुल्यमा कृषकहरूका लागि मल र कृषि उपकरणहरूको उपलब्धता संस्थाले गरिरहेको छ। कृषिको आधुनिकिकरण एवम व्यवसायीकरणका निम्ति एकिकृत कृषि फर्मको सञ्चालन मार्फत कृषकहरूलाई व्यवसायीक कृषितर्फ आकर्षण हुनका निम्ती कृषि अध्ययन तथा अवलोकन बोर्डका रूपमा विकास गरिएको छ । कृषकहरूलाई उत्पादन बृद्धि तर्फ प्रेरित गर्न निकट भविष्यमा चिस्यान केन्द्रको सञ्चालन भएमा त्यसले थप कृषिको व्यवसायीकरणमा योगदान दिनेछ ।

किसानले २५ औं बर्ष प्रबेश गर्दै गर्दा समाजको उत्थानका निम्ती अग्रपंतिमा कार्य गर्दै आईरहेको छ । सहकारीताको सिद्धान्तलाई आत्मसाथ गर्दै अघि बढिरहेको संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा आफनो क्षमता प्रदर्शन गर्दै आईरहेको छ । पुर्व मेची देखि पश्चिम महाकाली सम्मका अन्य सहकारीकर्मीहरूको अध्ययन अवलोकन केन्द्रको रूपमा संस्था स्थापित भएको छ । राष्ट्रिय स्तरका विभिन्न पुरस्कार र सम्मान प्राप्त गर्दै आईरहेकोमा अन्तराष्ट्रिय स्तरमा पहिचान बनाउन Smart certification को प्रक्रियामा छ । संस्थालाई यो स्थान सम्म ल्याई पुऱ्याउनहुन अग्रज संस्थापकहरू, शेयरधनीहरू, सम्पुर्ण कर्मचारीहरूको गौरवको विषय हो । संस्थालाई हालको अवस्थासम्म ल्याई पुऱ्याउनका निम्ती आफनो योगदान दिनुहुने सम्पूर्ण महानुभावहरूको संस्था प्रतिको समर्पणले कुनै संस्थाको संचालनको निम्ती, इमान्दारिता र लगनशिलताको पाठ सिकाएको छ ।

समाजको सामाजिक विकासका निम्ती आर्थिक सक्षमता समतामुलक समाजको निर्माण्, सामाजिक कल्याण, वित्तीय साक्षरता, लैङ्गिक समानता, सुशासन, आर्थिक पारदर्शिता, व्यवस्थापकिय दक्षता, निश्पक्षता, लगनशिलताको अनुपम नमुना संस्थाले प्रस्तुत गरेको छ । आगामी दिनहरू प्रतिस्पर्धी र सम्भावित चुनौतीपुर्ण हुन सक्दछन । संस्थाको कार्यक्षेत्र र सेवा सुविधा विस्तारमा पनि ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ । लगानीको सदुपयोगिता र नयाँ क्षेत्रको खोजी पनि आवश्यक देखिन्छ । सहकारीताको मान्यतामा आधारित थप कार्यहरू पनि संस्थाले गर्नुपर्ने आवश्यक देखिन्छ ।

जय किसान, जय सहकारी ।

# किसान नै मेरो जीवनको "टर्निङ प्वाईन्ट"


- कृतिदेवी चौधरी
गौरीगंगा-७, मसुरिया

बाल्य अवस्था, हरेक हिसाबले अपरिपक्क र जीवनमा के गर्ने भन्ने लक्ष्य राख्ने त कुरै भएन । जसोतसो परिवारलाई घरायसी काममा साथमा साथ दियो, खायो खेल्यो, फुर्सद हुंदा साथीभाई संग रमायो  यसरी नै बित्यो बाल्यकाल । तर जहिले पनि अन्याय र अत्याचार भएको सुन्दा असहैय पीडा हुन्थ्यो ।

२०५८ साल तिर परिवर्तनका लागि देशमा चर्किएको माओवादी आन्दोलन चरम उत्कर्षमा थियो । आन्दोलनले बोकेको बिचार बुझे, नेताहरूको कुरा सुने र आन्दोलनको बिचार संग सहमत भएर जनयुद्धमा सहभागी भएँ । विभिन्न मोर्चामा सहभागी भई गाउँ देखि जिल्ला सम्मको विभिन्न तहमा रहि काम गरे । जनवादी प्रक्रियाले पार्टीकै सैन्य कमाण्डर संग २०६१ सालमा विवाह भयो । २०६२ सालमा छोरा जन्मीयो । सोही बर्ष कपिलबस्तुको तौलिहवामा भएको अन्तिम दोहोरो भिडन्तमा श्रीमानले ज्यान गुमाउनु भयो । त्यही दिनबाट जीवनमा संकट पऱ्यो, संघर्षको बाटो सुरू भयो । २०६३ सालदेखि देशमा शान्ति स्थापना भयो, आन्दोलनमा सहभागी हामी सबै सामान्य जीवनमा फर्कियौ ।

एकातिर जीवन धान्नु पर्ने थियो भने अर्कोतिर छोरालाई हुर्काउनु थियो । अनेकौं संघर्ष गर्दै छोरालाई हुर्काईयो, तर अगाडिको बाटो झनै कठिन बन्दै गयो । आफ्ना नियमित आवश्यकता पुरा गर्न कैलालीको अत्तरीया बजारमा मजदुरी गर्न थालें । प्रायः जसो ट्रकमा लोड अनलोडको जोखिमपूर्ण काम गरैँ ।

मजदुरीबाट आएको ज्यालाले ब्युटी पार्लरको तालीम सिकें । बिहान काम गरेर दिउँसो तालीम सिक्न जानु पर्थ्यो । निकै सकस गरेर ब्युटी पार्लरको कोर्स पुरा गरें । तर पार्लर



खोल्नलाई लगानी थिएन । म महिला त्यसमाथि एकल महिला भएको कारणले पनि कसैले विश्वास गर्ने अवस्था थिएन ।

२०६९ सालमा मसुरियामा किसान बहुउद्देश्यीय सहकारी संस्थाको शाखा खुलेपछि सबैभन्दा पहिले आफ्नै सक्रियतामा केन्द्र निर्माण गरि केन्द्र प्रमुख भए । पार्लरको लागि आवश्यक पर्ने कर्जा संस्थाले बिना धितो उपलब्ध गराउने भएपछि आफुले खोजे जस्तै भयो । संस्थाबाट कर्जा लिई पार्लर सुरू गरें । व्यवसाय सुरू गरेकै दिनदेखि आम्दानी हुन सुरू भयो । व्यवसायबाट मैले ठुलो आम्दानी त गर्न सकेकि छैन तर छोराको लालनपालन र आफ्नो जीवनयापनको लागि आम्दानी भईरहेको छ । अरूले विश्वास गर्ने अवस्था सिर्जना भएको छ ।

व्यवसाय सञ्चालनको दौरानमा मैले आफुलाई आवश्यक पर्ने कर्जा कारोबार किसान संग गर्दै आएकी छु । मेरो ईमान्दारिता, अनुसाशन र लगनशिलताको कारण संस्थाले मलाई विश्वास गरिरहेको छ । मलाई धेरै बैंक लघुवित्तहरूले आफुसंग कारोबार गर्न अनुरोध गर्छन तर किसानको सेवा र मलाई यो अवस्थामा पुऱ्याउने संस्था छोडेर अन्यत्र कारोबार गर्ने मन छैन ।

# "आमाको कथा"



- कविता न्यौपाने
जानकी ८, कैलाली

फूलमाया आज निकै खुसी छिन
सोच्दै छिन कि फर्केर आए उनका खुशिका दिन।

किन नहोउन उनी खुशि, बर्षौ पछि गाउँ आएका छन उनको छोरा,
अझै सङ्गै लिएर बुहारी अनि काखैका नाति, आहा ! देखिएका सारै नै प्यारा।
पोहर सालको दशैंमा पनि छोराले आउला आमा भन्दै गरेको बाचा निभाउन सकेनन्।
बुहारी सहरिया थिइन, सायद गाउँमा जान मनाउन सकेनन।

गह गरी हर्षको आँसु पार्दै फुलमाया भन्छिन,
यो कोरोना भन्ने "पर्व" त मेरो लागि दशैं भन्दा ठुलो भयो।
मेरो छोरा, बुहारी र फूलजस्तो नातिलाई गाँउ सम्म तानेर ल्यायो।
श्रीमानको मृत्यु पछि खोसिएको खुसी पुन मेरो अधरमा ल्यायो।

मेरो झुपडिलाई पुनः एकपल्ट "घर" बनायो।
बर्सौ देखि गाँठो पारी राखिएका उनका रहर अहिले पोखिएको छन्

छोरा, नाति सम्झिदै आँखाबाट अबिरल बगिरहने मोतिका दानाहरु रोकिएका छन्।
आँगनमा नाति खेल्दै उफ्रदै उफ्रदै गरेको देख्दा उनी आजभोलि दङ्ग थिइन।
तर एकाबिहानै, छोराको अफिस को फोनले उनी झसङ्ग भइन।
गए छोरा, बुहारी र नाति पुनः उनीहरुको सपनाको सहरमा
रहेन मुस्कान अब फेरि फूलमायाको त्यो चाउरिएको अधरमा।

थुप्रै "फूलमाया" छन आज हाम्रो बरिपरि
सम्झिदै छोराछोरी पोल्दो हो मन घरीघरी

आमा जननी हुन, धर्ति हुन, आमा सृष्टिकर्ता हुन
यिनै जननी भन्दा ठुलो आखिर भगवान छ र कुन ?

बन लठ्ठि आमाबुबाको बुढेशकालमा
नहराउ तिमी केवल सहर, प्रगति र देखावटिपन को जन्जालमा।

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

B&B
बी एण्ड बी इलेक्ट्रिक एण्ड जनरल अर्डर सप्लायर्स
Nepalgunj-5, Banke, Nepal
Phone: 9858023244
Email: tej.bhagst@gmail.com

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

MICROTEK PRINTING HOUSE
L.N. Chowk, Main Road, Dhangadhi, Nepal
Phone: 091-520594, 9858421740
Email: mtech.kailali@gmail.com

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## फोटो ग्यालेरी-२




सहजपुर शाखाको उद्घाटन कार्यक्रममा तत्कालीन डेपुटी गभर्नर तथा हालका गभर्नर श्री महा प्रसाद अधिकारी ज्यू।




सहजपुर शाखाको उद्घाटन पश्चात पहिलो कर्जा लगानी तत्कालीन डेपुटी गभर्नर तथा हालका गभर्नर श्री महा प्रसाद अधिकारी ज्यू को हात बाट गरियो।



स्कुलका किसान कार्यक्रम अन्र्तगत विधार्थीहरुलाई वित्तीय साक्षरता कार्यक्रम संचालन




सुदूर पश्चिम प्रदेशमा उत्कृष्ट करदाताको सम्मान ग्रशण गर्दै संस्थाका अध्यक्ष ज्यू



सुखड शाखाको केन्द्र बैठक निरिक्षण तथा सदस्य परिवार भेटघाट कार्यक्रममा तत्कालीन संस्थाका अध्यक्ष श्री खडानन्द सापकोटा ज्यू



केन्द्रका सदस्यरुलाई वित्तीय शिक्षा दिदै संस्थाका महा प्रवन्धक श्री डम्वर बहादुर शाह ज्यू



संस्थाले नेपाल मै पहिलो पटक सफलता पुर्वक संचालनमा ल्याएको अनलाईन ट्यावलेट वैकिङ्गवारेमा जानकारी लिदै तत्कालीन डेपुटी गभर्नर तथा हालका गभर्नर श्री महा प्रसाद अधिकारी ज्यू।



सहकारी सचेतना तथा उत्प्रेरणा सम्वन्धी तालिमका सहभागी संस्थाका संचालक समितीका पदाधिकारी तथा कर्मचारीहरु



तत्कालीन गभर्नर श्री चिरञ्जीवी नेपाल ज्यूको हातबाट



संस्थाका अध्यक्षबाट मायाको चिनो ग्रहण गर्दै तत्कालीन गभर्नर श्री चिरञ्जीवी नेपाल ज्यू



संस्थाको भवनको अवलोकनका लागि प्रवेश गर्दै तत्कालीन गभर्नर श्री चिरञ्जीवी नेपाल ज्यू



संस्थाको केन्द्रिय कार्यालयको भवनको औपचारिक उद्घाटन गर्दै तत्कालीन गभर्नर श्री चिरञ्जीवी नेपाल ज्यू ।




किसान रुरल डिजिटल बैकिङ्ग परियोजनाको हस्ताक्षर समारोहमा सक्षमका उप टिम लिडल निर्मल दाहाल र संस्थका महा प्रवन्धक डम्वर बहादुर शाह ज्यू



सोल्टा शाखामा केन्द्र नम्वर १२०१ को निरिक्षणका क्रममा संस्थाका महाप्रवन्धक ज्यू



संस्थाले हसूलिया शाखामा आयोजना गरेको निःशूल्क आखा शिविरको झलक




राष्ट्रिय धान दिवस मनाउदै किसान परिवार

# किसान बहुउद्देश्यीय सहकारी संस्थाको उपलब्धी र चुनौती

- नृप बहादुर कुँवर
संयोजक
लेखा सुपरिवेक्षण समिति



सहकारी क्षेत्र आर्थिक कारोबारको माध्यमले सामाजिक उत्थान गरि व्यक्तिलाई सुखी र राष्ट्रलाई समृद्ध बनाउने क्षेत्र हो । नेपालले अंगिकार गरेको सरकारी, निजी र सहकारीको तीन खम्बे अर्थनीति मध्ये सहकारी एउटा महत्वपूर्ण खम्बा हो ।

अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण अनुसार २०७५ साल फागुनसम्म ३४ हजार ७ सय ३७ सहकारी संस्था अस्तित्वमा छन । जसमा ६५ लाख १२ हजार ३ सय ४० शेयर सदस्य मार्फत ६ खर्ब ८० अर्ब बराबरको पूँजि परिचालन हुन गई ५० हजारभन्दा बढी मानिसले प्रत्यक्ष रोजगारी पाएका छन् ।

नेपालमा सहकारी आन्दोलनको सहयात्रीको रूपमा अग्रज सामाजिक अभियन्ताहरूको प्रयासबाट २०५२ साल कर्तिक १७ गते कैलाली जिल्लाको सुदूरपूर्वी क्षेत्रमा बिधिवत रूपमा स्थापना भई २५ बर्षको कठिन यात्रा पार गर्दै, 'हाम्रो किसान हाम्रो गौरव' भन्ने मूल नाराका साथ भव्य रूपले रजत जयन्ती मनाउन गईरहेको किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुदूरपश्चिम प्रदेशको ग्रामीण अर्थतन्त्रको संवाहक मात्र नभई देशकै उत्कृष्ट संस्थाको रूपमा स्थापित छ ।

संसारका विश्वयुद्ध, महामारी, आर्थिक मन्दी, प्राकृतिक प्रकोप आदी जस्ता समस्या र बिपत्ती माथि विजय प्राप्त गरि विकासले निरन्तर गति लिइरहनुको पछाडि सहकारी क्षेत्रको उल्लेखनीय भुमिका रहदै आएको छ । यस सन्दर्भमा 'समृद्धिका लागि समुदाय संगसंगै' भन्ने आदर्शका साथ अगाडि बढीरहेको यस किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्ना सदस्यहरू प्रतिको दायीत्य शिक्षा, स्वास्थ्य, कृषि आदीको माध्यमबाट बहन गर्दै प्राकृतिक प्रकोप तथा महामारीको समयमा संकटको सच्चा मित्रको रूपमा भूमिका खेल्दै आएको छ ।

आफ्नो २५ बर्षे यात्रामा अनेकौं आरोह-अवरोह पार गर्दै अगाडि बढिरहेको यस संस्थाले निकट भविष्यमा तरलताको अस्थिरता, बचतमा कमी, बचत फिर्तामा हुने बृद्धि, साँवा ब्याज र किस्ता असुलिमा कठीनाई, राहत, भैपरि तथा छोटो अवधीको पूर्नकर्जाको मागमा बृद्धि आदि जस्ता परि-स्थितिहरूको सामना गर्नु पर्ने चुनौतीलाई नकार्न सकिदैन । यस्ता सम्भावित चुनौतीको सामना गर्न नीति, विधी र प्रविधीको महत्वपूर्ण भूमिका रहन्छ ।

२१ औं शताब्दि ब्यक्तिले होईन, नीति, बिधि र प्रविधिले शासन गर्ने युग हो । यसर्थ नीति स्पष्ट, बिधि बैज्ञानिक र प्रविधि डिजिटल हुन सकेमा मात्र प्रतिस्पर्धाको सामना गर्दै सफलता प्राप्त गर्न सकिन्छ ।

अत्यन्तै न्यून संस्थामा मात्र संस्थाले प्राप्त गर्न सक्ने Smart Certificate प्राप्तिको अन्तिम चरणमा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ब्यवस्थापकीय, प्रशासनिक, सामाजिक र वित्तीय रूपमा Smart हुन सकेमा मात्र सो Certificate प्राप्तीको सर्थकता हुनेछ ।

यस संस्थाले एकातिर सहकारीको सिद्धान्त, आदर्श र भावना अनुसार युगको आर्थिक आवश्यकतालाई मनन गर्दै बैंककै प्रतिस्पर्धामा चुस्त दुरूस्त प्रविधिमैत्री बनाएर आफ्ना कार्यहरू सञ्चालन गर्न जरूरी छ ,भने अर्कोतिर ऋणमात्र लगानी गर्ने नभई उत्पादनमूलक क्षेत्रमा लगानी गरेर रोजगारी सिर्जना र उद्यमशीलता विकासमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आफ्ना सदस्यहरूमा सीपको बिकास गर्दे आत्मनिर्भर बनाउन सकेमा मात्र 'गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारी' को माध्यमले 'सुखी नेपाली र समृद्ध नेपालको' अभियानमा यस संस्थाको भूमिका पूष्टी हुनेछ ।

# विगतको सुखानुभूती



- कमल राज जोशी
पूर्व उपाध्यक्ष
किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

"विगत सम्झेर बस्नु हुदैन, आज कर्म गर्ने हो भोलिको परवाह गर्नु हुदैन", यस वाक्याँशको सार निचोड यो हुन जान्छ कि विगतको सिकाई अथवा अनुभव र आजको संघर्षले नै भोलिको सुन्दरता प्रतिबिम्बित गरेको हुन्छ ।

किसान बहुउद्देश्यीय सहकारी संस्थाको भोलिको सुन्दर प्रतिबिम्बको वास्तविक धरातल पनि ठ्याक्कै त्यस्तै हो भन्दा अतिशयोक्ति नहोला । राजधानीको नजरबाट ओझेल परेको सुदूरपश्चिम, त्यस माथि भर्खर भर्खर आवाद हुन थालेको एउटा शहर लम्कीका लागि तत्कालीन परिस्थितिमा एउटा मात्रै वित्तीय सहयात्रीका रूपमा रहेको यो संस्था आज त्यही विगतको सिकाईबाट ओतप्रोत भई लगातार कर्मनिष्ठ भईरहेक कारण यो पंक्तिकारका दृष्टिमा यस संस्थाको भविष्य आज भन्दा भोलि झन सुन्दर प्रतिबिम्बित भईरहेको छ । यहि प्रतिबिम्बले विगतको हरेक संघर्षहरूलाई क्षणभरमै खरानी बनाई सुखानुभूती प्रदान गरिरहेको हुन्छ ।

वि.स. २०५२ आसपासमा यस क्षेत्रमा न्युन जनघनत्व, विभिन्न क्षेत्रबाट द्रुत बसाई सराईको बढ्दो प्रभाव, समाजमा व्यप्त अशिक्षा, रोजगारीको चरम संकट, राजनीतिक संक्रमणकाल आदी विषयहरू तत्कालीन समयका लागि विषाक्त सामाजिक घाउ हो भन्नु पर्छ । समाजको घाउ कुनै एक व्यक्तिको एकल प्रसासले कसरी ठिक पार्नु । त्यो घाउको शल्यक्रिया गर्न एक टिम अघि सर्नु जरूरी थियो । उक्त सामाजिक घाउको मुख्य जड अथवा घाउ बनाउने मुख्य भाईरस भनेको समाजको असन्तुलित अर्थव्यवस्था अथवा वित्तीय व्यवस्था थियो । थुप्रै सम्भावनाहरू भएर पनि साधन स्रोतहरू तारन्तार खेर गईरहेका थिए । कृषि उत्पादकत्व ह्रास हुने श्रृखला शुरू भईसकेको थियो । जनताले दुखजेलो गरि कमाएको धन सम्पति बचाएर राख्नै मुश्कील थियो । जेनतेन कमाएको पैसा सिरानीमुनी राखेर ज्यानको बाजी लगाई सुत्नु पर्ने अवस्था थियो । बैंक तथा वित्तीय संस्थाको पहुँच थिएन भएका पनि सदरमुकाम तिर हानिए ।

तत्कालीन परिस्थितिमा कृषि विकास बैंकको जागिरबाट राजीनामा दिएर आएका श्री इन्द्र कुमार शाहज्युले सहकारीको माध्ययमबाट सामाजिक घाउ निको पार्न सकिने उपाए सुझाए पछि सबैमा हौसला पलायो ।

हामी सबैजना साथीहरू मुम्बईमा अध्ययनरत भएको बेला हाम्रा एक जना पोखराका साथी हुनुहुन्थ्यो । उहाँ बैंकमा पनि जागिरे हुनुहुन्थ्यो, कहिलेकाहीँ उहाँसंग भेट हुँदा हामी पनि नेपालमा फर्कपछि बैंक खोल्नुपर्छ भन्ने सल्लाह हुन्थ्यो । सबैजना नेपाल फर्कपछि कोही कतै कोही कतै बसोबास भएकोले एक दिन इन्द्र जी म कहाँ आउनुभयो म टिकापुर बस्थे, त्यतीखेर विकास बैंक र सहकारी खोल्ने सरकारले ब्यवस्था ल्याएको भन्दै उहाँले सहकारीको अवधारणा अघिसार्नु भयो । राम्रो संग सर सल्लाह गरेपछि किसान बहुउद्देश्यीय सहकारी संस्था लिमीटेड भनेर नाम राख्ने कुरा भयो । संस्थापक भनेर कम्तीमा रू १,००० एक व्यक्ति बाट उठाउने, लम्कीमा कार्यालय स्थापना गर्ने भन्ने भयो । किनभने त्यतीखेर लम्कीमा कुनैपनि वित्तीय संस्थाहरू थिएन । संस्था खोल्ने बेलामा यस संस्थाको संस्थापक अध्यक्ष इन्द्र कुमार शाह हुनुभयो । हालको महाप्रबन्धक उहाँ पनि यसै संस्थाको संस्थापक कर्मचारी भएर उहाँले धेरै दुख पनि गर्नुभयो । नुन, तेल, चिनी, इत्यादी बेच्ने काम गर्नुभएर मात्र यो संस्था आज यस अवस्थामा पुगेको हो । त्यसैले यो संस्थालाई रजत जयन्ती सम्म पुऱ्याउन हालका महाप्रबन्धक श्री डम्बर बहादुर शाह ज्यूको पनि धेरै ठुलो योगदान रही आएको छ ।

त्यसपछि २०५४ सालमा यो संस्था बैंकिग तिर पनि गयो । नेपाल राष्ट्र बैंक बाट सिमित बैकिंग कारोबारको स्विकृती यस संस्थाले पायो । तर अफसोच त्यसै वर्ष देखि नेपालमा माओवादी आन्दोलन विस्तारै उग्ररूप लिदै गयो ।

लामो समय सम्म यस संस्थाको अध्यक्ष श्री मंगल बहादुर शाह, संचालक सदस्य श्री कृष्ण बहादुर धामी ज्यु लगाएत धेरै साथीहरूले पति यस संस्थामा रही रहनु भयो । पछि

आएर विकास बैंक खोल्ने अवधारण अन्तर्गत सेती विकास बैंक यसै किसान ग्रुपले टिकापुरमा केन्द्रिय कार्यालय रहने गरी किसानकै सहयोगमा खोल्यो । त्यसपछि किसान माईक्रोफाइनान्स वित्तीय संस्था अछामको कमल बजारमा केन्द्रिय कार्यालय रहने गरि संचालनमा आयो ।

त्यसैले यस संस्थामा स्थापना काल देखि हाल सम्म यो संस्थाका सम्पूर्ण शेयरधनी, संस्था संचालक पदमा जुन जुन जो जो महानुभावहरू प्रत्यक्ष अप्रत्यक्ष यस संस्था संग रही तन मन धन लगाएर कार्य गर्नूभयो, उहाँहरूकै कारणले आज यो परिणाम आएको हो । अझै पनि यो संस्थालाई नेपाल भरि शाखा उपशाखा खोली राष्ट्रिय स्तरको सहकारी बनाउनमा बर्तमान संचालक समिति, संस्थामा कार्यरत कर्मचारी, शेयरधनी महानुभावहरूको ठुलो आवश्यकता छ । किनभने एक्लो व्यक्तिले सबै कुरा गर्न सक्दैन । सहकारीको माध्ययमबाट अगाडि बढ्नु नै आजको आवश्यकता हो ।

*(लेखक यस संस्थाका पुर्व उपाध्यक्ष तथा वर्तमान सल्लाहकार सदस्य हुनुहुन्छ)*

# यो अवस्थासम्म पुग्न किसान साथ

- आशा वि.क. भजनी
भजनी न.पा.-१, भजनी, कैलाली

के गरेर घर सञ्चालनको खर्च धान्ने भन्ने मात्र सोच हुन्थ्यो । म अहिले ३९ वर्षकी भएँ । मेरो जन्म घोडाघोडी नगरपालिका मुडामा भएको हो । हाम्रो परिवारको आम्दानी स्रोत केही थिएन, न त प्रयाप्त जग्गा जमिन थियो । केही काम गरि कमाएको आम्दानी पनि खानलाउन ठिक्क हुन्थ्यो । मैले किसान बहुउद्देश्यीय सहकारी संस्थाबाट कर्जा कारोवार गरि व्यवसाय संचालन गरे । हाल आवश्यकता पर्दा नियमित कर्जा कारोवार गर्दै आईरहेकी छु । मेरो ४ जनाको परिवार रहेको छ ।

भजनीमा किसान बहुउद्देश्यीय सहकारी संस्थाको शाखा सञ्चालन भए पश्चात सदस्य भएँ । त्यहि बाट सुरूमा १५ हजार कर्जा लिई आफ्नै नाममा आशा सुनचाँदी पसल दर्ता गरि व्यवसाय संचालन गरेकी हुं । म र मेरो श्रीमान व्यवसायमा संलग्न छौ । हामी बाहेक अन्य २ जनालाई समेत रोजगार सिर्जना गर्न सफल भएकी छु । अहिले व्यवसायको आम्दानी राम्रो छ । हाम्रो घर पनि थिएन । व्यवसायकै आम्दानीले अहिले भजनी बजारमा ४ कोठाको पक्की घर बनाउन सफल भएकी छु । आगामी दिनमा यसै व्यबसायलाई निरन्तरता दिने सोच बनाएकी छु ।

आजभोलि कोरोना संक्रमणले हाम्रो समुहको बैठक समेत व्यवस्थित ढङ्गले संचालन गर्न सकिरहेका छैनौ । बैठकमा



सबैजनासंग भेटघाट हुने र वित्तीय सचेतनाका कुराहरू हुने हुनाले म बैठक आउने दिन कुरेर बसेकी हुन्छु ।

म आज जुन अवस्थामा छु, किसानकै कारणले छु । मलाई आजको अवस्थामा पुर्‍याउने संस्थाले स्थापनाको २५ बर्ष पार गरि रजत जयन्ती मनाउन लागेको सुन्दा खुशी लागेको छ । संस्थाले आगामी दिनमा हामी जस्ता धितो नभएका उद्यमशिल महिलाहरूलाई लगानी गरि व्यवसायी बनाउन सघाउ पुर्‍याउनु होस् शुभकामना ।

# ५० हजारको ऋणबाट कारोवार गरेका भुर्तेल अहिले बने करोडौको मालिक

मैले २०५१ साल जेठ २४ गते देखि कैलालीको लम्की बजारमा व्यवसाय शुरू गरेको हुँ । मैले व्यवसाय शुरू गर्दा लगानी थोरै लाग्ने गर्थ्यो । सानो बजेटबाट मैले व्यवसाय शुरू गरेको हुँ । त्यो बेला लम्की बजार पनि सानै थियो । कटासे र चिसापानीबाट विस्थापित भएका व्यापारीको स्वागतको लागि स्थापना गरिएको बजार जस्तै थियो लम्की बजार । लम्कीमा व्यापारीहरू भित्रिदै थिए । ठिक त्यही समयमा केही व्यवशाय गर्ने सोच बोकेर म चितवनबाट लम्की पुगे । लम्की बजारका मानिसहरूसंग भेट हुँदा निकै सकारात्मक सोच पाए । मैले लम्कीमै व्यवशाय गर्ने सोच बनाए । मेरो व्यवशाय सानो पूँजीबाट सुरू भएको थियो ।

२०५२ सालमा किसान बहुउद्देश्यीय सहकारी संस्था स्थापना भयो । मलाई व्यवशाय बढाउन लगानीको आवश्यकता थियो । सोही क्रममा म संस्थासँग जोडिन पुगे । मैले २०५७ सालमा १००० रूपैयाँको शेयर किने । मैले व्यवशाय बिस्तारका लागि लगानीको आवश्यकता भएको कुरा सुनाए । किसान सहकारीले सबै प्रकृया पूरा गरेर पचास हजार रूपैयाँ ऋण दिएपछि मेरो व्यवसायिक यात्रा अघि बढेको थियो । आफुसंग पचास हजार रूपैयाँको समेत व्यवसाय नभएको अवस्थामा समेत किसान सहकारीले जोखिम मोलेर दिएको त्यही ऋणको सदुपयोग गर्दै निरन्तर कर्ममा लागिरहेकै कारण आज आफु सफल भएको अनुभुत भएको छ । यसका लागि किसानका सम्पुर्ण संचालक र कर्मचारीलाई धेरै धन्यवाद दिन चाहान्छु ।

मैले त्यसपछिका दिनहरूमा निरन्तर आजका दिन सम्म पनि किसान सहकारीसंग सहकार्य गर्दै आएको छुँ । आफुले निरन्तर ईमान्दारीपुर्वक कारोवार गर्दै आएकोमा ५ पटक सहकारीबाट उत्कृष्ट कारोवार गरेवाफत सम्मान समेत पाईसकेको छु । यसरी किसानसंग जोडिएर काम गर्न पाउँदा म निकै खुसी छुँ । सुरूवातदेखी आजसम्म किसान सहकारीसंगको कारोवार मैले छोड्नु परेको छैन । संस्था र आफु रहे सम्म किसानसंगै निरन्तर कारोवार गरिरहने छुँ । ५० हजार ऋण लिएर शुरू गरेको कारोवार किसान सहकारीसंगको निरन्तर सहकार्यकै कारण आज म करोडौको कारोवार गर्न सफल भएको छु । तत्कालीन अवस्थामा किसान सहकारीले विश्वास गरेकै कारण आज म यो स्थानमा पुग्न सकेको हुँ । म निकै खुसी छु । किसान सहकारीका कर्मचारीको सकारात्मक कार्यशैली र आफ्नो मिहेनतका कारण आज संस्था र आफु दुवै सफलतामा पुगेको




मेरो अनुभव छ । आफ्नो व्यवसायिक सफलतको एक प्रमुख कारण किसान सहकारी संस्था हो भन्न म कहिल्यै हिच्किचाउने छैन । र किसानकै कारण आफु सफल व्यवसयी वनेको हुँ भन्दा मलाई गर्व लाग्ने छ । आफुलाई नदी तर्ने वेला डुङ्गाको आवश्यकता परेको अवस्थामा किसान सहकारीले सहजै पार गराई दिएको मेरो अनुभव छ । र यसैका कारण आफु सफल भएको हुँ ।

किसान सहकारीसंग कारोवार र सहकार्य गरेदेखि आजसम्म मैले कारोवार छोड्नु परेको छैन । यसको एउटै कारण किसान सहकारीका सञ्चालक, कर्मचारी र व्यवस्थापनका बिच रहेको उचित संयोजन र कार्यशैली नै हो भन्ने मेरो अनुभव छ । आफ्नो कारोवार रहेसम्म किसान सहकारीसंगको साथ छोड्दैन भन्ने लाग्छ । आपतकालिन अवस्थामा किसान सहकारीले गर्ने गरेको सहयोग प्रति पनि म सधै नतमस्तक छुँ । मैले धेरै पटक समस्या पर्दा किसान सहकारीबाट सहयोग लगेको छुँ । यस क्षेत्रका अन्य बैंक तथा वित्तीय संस्थाहरूबााट स्थानीले किसान सहकारीको जस्तो सहयोग पाउन नसक्ने मेरो जिकीर छ । यसरी किसान सहकारी संस्थासंग विगत २० वर्ष देखि कारोवार गरिरहँदा र यस संस्थाको सदस्य तथा ऋणी भएर कारोवार गरिरहेको छु भन्न पाउँदा म आफुलाई निकै गर्व महशुस गर्छु । आगामी दिनमा समेत यसरी सधैभरी किसान सहकारीसंग सहकार्य गर्ने अवसर मिलिरहने छ भन्ने मेरो आशा छ । किसास सहकारी संस्थाको २५ औ रजतजयन्तीको अवसरमा संस्थाको उन्नती र प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

# पूर्खाको देश

तिमीले खोजेजस्तो
तिमीले रोजेजस्तो
भेटिन पनि त सक्छ कुनैदिन
नभेटिने गरी समयले छोडिगएका रहस्यहरू
आँखाको नानीभित्र अटाउने
सुन्दर सपनाझैं
गाउँको हरियो सुख
तिमीले चाहेझैं
भेटिन पनि त सक्छ कुनै दिन
तिम्रो कुरूप सहरको भव्य पीडामा

चक्रझैं घुमिरहने
यति विशाल पृथ्वी छ
र यसभित्रै अटाएका छन्
साना नानीहरूका कोमल पाइतालामुनि
अनाम बाटाहरू
अनाम आश्चर्यहरू
खोज्दै जाँदा पत्रेचट्टानमा जीवाशेषहरू भेटिएझैं
भेटिएका छन् जिन्दगीका कतिकति रहस्यहरू
कतिकति शुभारम्भहरू
कतिकति अन्त्येष्टिहरू
खोज्दै जाँदा भेटिएको छ
नदीजस्तो नफर्किने गरी बगेको वचपन
र आफुलाई हराउँदै जादाँ भेटिएका छन् पूर्वस्मृतिहरू

हामीजस्तो ठुलो हुनुको घमण्ड पालेर
अहंकारको पहाडमाथि उभिएको छैन यो पृथ्वी
हामीजस्तो सानो हुनुको आत्मग्लानि पालेर
पश्चत्तापको सागरमुनि भासिएको छैन यो पृथ्वी

यति महान छ यो पृथ्वी
र यसभित्रै अटाएको छ सिङ्गो समयको समग्रता
यसकै वल्लो छेउमा उदाएको जूनको स्पर्श टिपेर
पल्लो छेउका आमाहरू आफ्ना साना सन्तानलाई
निदाउँदै गरेको रातमा लोरी सुनाउँछन्

यति विशाल छ यो पृथ्वी
र यसभित्रै अटाएका छन्
भूगोलको आत्मा कुल्चिएर
अनाम-अनाम प्रवाहमा सयर गर्ने जवान नदीहरू
यसभित्रै अटाएका छन्
नवयौवनाको बैंस बोकेर उभिएका तन्नेरी रूखहरू
बैशाखी टेकेर लत्रिएका बुढ्यौलीहरू
सेपिलो बिहानीमा हिउँको बर्को ओढेर
एक्लै-एक्लै मुस्काइरहेका शालिन हिमालहरू
आविष्कारजस्तो समयका नयाँनयाँ अध्यायहरू
सबैसबै अटाएका छन्
मनभित्र अनेक संवेदना अटाएसरी

इतिहासको आत्मा बोकेर
समयको चर्खाझैं पूर्ववत् घुमिरहेछ यो पृथ्वी
खोज्दै जाँदा कतै भेटिएका छन्
परिवर्तनहरूले विर्सिदिइसकेका उपलब्धीहरू
ताराहरूझैं टिलपिलाउँदै वेलावेलामा चम्किरहने
सम्भावनाका झिल्काहरू
खोज्दै जाँदा कतिकति ठाउँमा
कतिकति भेटिएका छन् सम्झनाका डोबहरू
कतिकति ठाउँमा भेटिएका छन्
विर्सिदिइसकेका आफन्तका चिहानहरू
कैलेकाहीँ खोज्दै जाँदा अनन्तसम्मपनि नभेटिन सक्छ
पूर्खाहरूको देश
र पूर्खाहरूको इन्द्रेनी सपना



- मिन बहादुर थापा
जानकी ५, कैलाली

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## फोटो ग्यालेरी-३



उत्कृष्ट केन्द्र प्रमुखलाई पुरस्कार वितरण गर्दै तत्कालीन सविधान सभा सदस्य मा. हरि ज्ञवाली ज्यू



बल्चौर बृद्ध आश्रमलाई किसान कर्मचारी परिवाको तर्फबाट खाद्यान्न सामाग्री वितरण गरिदै



ट्यावलेट बैकिंग सेवा अनुगमनका क्रममा डिएफआईडीको टिम



संस्थाको आन्तरिक रणनिती तर्जुमा कार्यक्रमका क्रममा संस्थाका संचालक समितीका पदाधिकारी तथा सम्पुर्ण कर्मचारी ज्यूहरु



सहजपुर शाखा उद्घाटनको झलक



लघुवित्त कार्यक्रममा लेजरलाई विस्थापिन गर्ने योजनाका साथ सफ्टवेयर संचालनका लागि भएको अर्न्तकृया कार्यक्रम



सोल्टा शाखामा केन्द्र नम्वर १२०३ को केन्द्र मान्यताका क्रममा संस्थाका लघुवित्त प्रमुख श्री रण बहादुर साउद तथा तत्कालीन सोल्टा शाखा प्रमुख श्री नवराज देवकोटा ज्यू



संस्थाको कार्यक्रममा सम्वोधन गर्दै सक्षम परियोजनाका टिम लिडर बल्जीत वोरा




अत्तरिया शाखाको केन्द्र नम्बर ७९० मा ट्यावलेट बैकिंग सेवाको अवलोकन पश्चात सामुहिक तस्वीरमा DFID को टिम



नेपाल राष्ट्र बैंकको अनुगमन टिमलाई स्वागत गर्दै केन्द्र नम्वर ८६ का सदस्यहरु



साधारण सभाबाट निर्वाचित भए पश्चात शपद ग्रहण गर्दै तत्कालीन २०७२ देखि २०७६ सम्मको संचालक तथा लेखा समितीका पादधिकारी ज्यूहरु



किसान शाखा स्तरिय सदस्य सम्मेलन कार्यक्रम अर्न्तगत भजनी शाखामा सहभागी सदस्यहरुको झलक



भजनी शाखाको सदस्य सम्मेलनमा कर्मचारी प्रतिज्ञामा सहभागीता जनाउदै कार्यक्रमका अतिथी तथा संस्थाका पदाधिकारी ज्यूहरु



उत्कृष्ट सदस्यको पुरस्कार ग्रहण गर्दै टिकापुर शाखाका सदस्य ज्यूहरु



जिवन उपयोगि सीप तालिम पश्चात आफ्नो भनाई राख्दै सदस्य ज्यूहरु



मिसकल बैकिंग सेवा शुभारम्भ कार्यक्रम

# साझेदारहरू संगको सहयात्रा

किसान बहुउद्देश्यीय सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय तथा गैर वित्तीय सेवाहरू उपलब्ध गराउन होस् अथवा संस्थागत क्षमता अभिवृद्धिका लागि विभिन्न साझेदार निकायहरूसंग सहकार्य गर्दै आएको छ ।

सदस्यलाई क्षमता अभिवृद्धि, संस्थागत संरचना निर्माण तथा संस्थागत क्षमता अभिबृद्धिका लागि आफ्नो पुँजीबाट नपुगेको अवस्थामा पुँजीगत तथा गैरपुँजीगत अनुदानका लागि नेपाल सरकारका निकाय तथा अन्य विदेशी विकासवादी दातृनिकायसंग साझेदारी गर्दै आएको छ ।

यसरी गरिने साझेदारीबाट संस्थागत लागत न्यूनिकरणमा मद्दत पुग्नुका साथै सदस्य एवं संस्थाको क्षमता अभिवृद्धि भएको तथ्याँकबाट पुष्टि हुन्छ । संस्थाले वितेको २५ वर्षमा त्यस्ता निकायसंगको साझेदारीमा संचालन गरेका क्रियाकलापहरू एवं हाल भई रहेका क्रियाकलापहरू निम्नानुसार रहेका छन् :

## Habitat Nepal को आवास कार्यक्रम :

संस्थाले आफ्ना सदस्यहरूको घर निर्माणमा सघाउ पुगाउन तथा समुदायमा व्यक्तिगत सरसफाई सम्बन्धि जनचेतनाका लागि Habitat Nepal संगको साझेदारीमा यो कार्यक्रम सन्चालन गरिएको थियो । यस कार्यक्रम अन्तर्गत संस्थाका ४०० सदस्यहरूको आवास तथा शौचालय निर्माण, ३० वटा विद्यालयमा सरसफलाई तथा स्वच्छ खानेपानी सम्बन्धि जागरण कार्यक्रमहरू संस्थाले सन्चालन गरेको थियो । यसै कार्यक्रम अन्तर्गत सदस्यहरूलाई शौचलय निर्माण, आवास निर्माण तथा स्वच्छ खानेपानीका लागि सहुलियत दरमा कर्जा समेत प्रदान गरेको थियो । उत्कृष्ट साझेदार निकायले यस संस्थालाई समुदायमा उत्कृट कार्य गरेको भनि सम्मान समेत गरेको थियो । हाल यो कार्यक्रम लागु छैन ।

## सामुदायिक सिचाई परियोजना :

एशियाली विकास बैंक तथा आरएमडीसी काठमान्डौ संगको संयुक्त सहकार्यमा यो कार्यक्रम सन्चालन गरिएको थियो । यस कार्यक्रम अन्तर्गत कैलाली जिल्लाका हालका पहाडी गाउपालिका (चुरे र मोहन्याल) मा विपन्न वर्गका सदस्यहरूका लागि लक्षित थियो । जस अन्तर्गत समुदायमा रहेका विपन्न वर्गका, न्यून आयस्रोत भएका सदस्यहरूलाई सामुदायिक सिंचाईको सन्जालमा आवद्धगराई आधुनिक तरकारी खेतीका लागि क्षमता अभिवृद्धी गर्नु थियो । यस कार्यक्रम तथा सहकार्यबाट तोकिएको क्षेत्रमा ३० वटा सामुदायिक सिंचाई समूहहरूको गठन एवं ६०० सदस्यको कृषिउत्पादनमा क्षमता अभिवृद्धि गरिएको थियो ।

## लघुवित्त विस्तारका लागि ट्याबलेट बैंकिंग परियोजना

बढि भन्दा बढि विपन्न परिवारलाई लघुवित्त कार्यक्रम मार्फत स्वरोजगारको बाटो तर्फ डोर्‍याउने संस्थाको ध्येय रहेको छ तथापी वित्तीय सेवाबाट बिमुख रहेका जिल्लाका पहाडी भेगका परिवार सम्म यो सेवा पुर्‍याउनु चुनौती पनि छ । लघुवित्त कार्यक्रमको सन्चालन लागत आफैमा महंगो पर्न जान्छ अझ विकट पहाडी क्षेत्रमा यसको विस्तार झन कति चुनौतीपूर्ण हुनसक्छ ? सहजै अनुमान गर्न सकिन्छ । आफ्नो उद्देश्य प्राप्ती तथा ध्येयलाई मूर्त बनाउन यू.के. एड सक्षम एक्सेस टू फाईनान्स संगको सहकार्यमा संस्थाले १ अगस्ट २०१५ देखि "लघुवित्त सेवा विस्तारका लागि किसान ट्याब बैंकिङ्" परियोजना सन्चालनमा ल्याइयो । परियोजनाले ३० जुलाई, सन् २०१८ सम्ममा वित्तीय सेवाबाट बन्चित थप १५ हजार परिवारलाई वित्तीय सेवा प्रवाह गर्नुका साथै व्यवसायिक तथा वित्तीय सचेतना सम्बन्धी क्रियाकलापहरू गर्ने उद्देश्यका



साथ यो परियोजना कार्यान्वयन गरेको थियो । वित्तीय पहुँच विस्तार गरि सेवा प्रवाह गर्न तत्कालीन पहाडी ७ गाविस (हालका चुरे र मोहन्याल गाउपालिका) मा ३० ट्याबलेट उपकरणको प्रयोग गरि सेवा प्रवाह गर्नुका साथै जिल्लाको तराई क्षेत्रमा ४ र पहाडी क्षेत्रमा २ गरि ६ शाखा स्थापना गर्न सफल रहयो ।

**परियोजनाको उद्देश्य :**

- विकट ग्रामिण बस्तीसम्म लघुवित्त सेवाको विस्तार गरि सो क्षेत्रमा बसोबास गर्ने १५ हजार अतिविपन्न परिवारलाई ट्याबलेट लगायत नविनतम प्रविधिको प्रयोग तथा शाखा कार्यालय स्थापनागरि वित्तीय सेवा प्रवाह गर्ने ।
- लक्षित लाभान्वित वर्गमा बचत प्रवृत्तीको विकास गरि स्वरोजगारको बाटो तर्फ डोर्‍याउने ।
- वित्तीय साक्षरता तथा व्यवसायिक साक्षरता जस्ता क्रियाकलापहरू मार्फत सदस्यको सिप विकास गर्ने ।

**मुख्य लक्षित वर्ग :** यस परियोजनाका लागि मुख्य लक्षित वर्गका रूपमा वित्तीय सेवाबाट विमुख प्रभावित क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका आदीवासी, जनजाती, दलित महिलाहरूलाई लक्षित गरिएको थियो ।

**परियोजनाका क्रियाकलाप : ३** वर्षे अवधिको यस परियोजनामा लक्षित उद्देश्य हासिल गर्न वित्तीय पहुँचको विस्तारका लागि ट्याबलेट उपकरणको प्रयोग गर्नुका साथै ६ वटा थप शाखा कार्यालय विस्तार गरियो । यसका अतिरिक्त वित्तीय सचेतना अभिवृद्धी, उद्यमशिलता प्रवर्द्धनका लागि सदस्यहरूको आवश्यकता एवं माग बमोजिम क्षमता अभिवृद्धि सम्बन्धि तालिमको आयोजना गरियो ।

१३ हजार ८ सय ४७ सदस्यहरूका लागि वित्तीय साक्षरता सम्बन्धि तथा झण्डै ४ हजार ७ सय ७८ सदस्यका लागि तालिमको आयोजना गरियो ।

**उपलब्धी :** परियोजना सञ्चालन अवधि भित्र सम्पन्न गरिएका मुख्य क्रियाकलापहरूबाट संस्थाले अपेक्षा गरे अनुरूप उपलब्धी हासिल गरेको छ । अतिविपन्न परिवारका न्यूनतम ४ हजार महिलालाई लघुवित्त कार्यक्रममा सहभागी गराई उनीहरूलाई वित्तीय सेवा दिई जिविकोपार्जनमा सघाउने तथा उद्यमी बनाउन लक्ष्य लिईएकोमा अतिविपन्न परिवारका ११ हजार २ सय ५३ जना महिला लघुवित्तमा आवद्ध भई संस्थाको सेवा लिन थाले जसमध्ये ३ हजार जना दलित, आदिवासी, मुस्लीम र सिमान्तकृत समुदायको रहने विश्वास गरिएकोमा त्यो संख्या ७ हजार ६ सय ११ पुग्यो । लघुवित्तमा आवद्ध महिला सदस्यको क्षमता अभिवृद्धिको कुरा गर्दा परियोजनाको ३ वर्षे अवधिमा न्यूनत ३ हजार १ सय १५ जनालाई वित्तीय साक्षरता र २४० जनालाई उद्यमशिलता सम्बन्धि तालिम दिई झौला उद्यमी बनाउने लक्ष्य लिईएकोमा वित्तीय साक्षरता प्राप्त गर्नेको संख्या १३ हजार ८ सय ३९ पुगेको छ भने उद्यमशिलता सम्बन्धि तालिम लिनेको संख्या र ४ हजार ७ सय ७८ पुग्यो । विविध परिस्थितिजन्य कारणले उद्यमशिलता सम्बन्धि तालिम लिने सदस्यहरू उद्यमी बन्न नसकेपनि हामीले अपेक्षा गरे अनुसार कम्तीमा १२० जना महिलालाई साना तथा मझौला उद्यमी बनाउने लक्ष्य लिईएकोमा त्यो संख्या १४७ पुगेको छ । यसरी अपेक्षा भन्दा राम्रो उपलब्धी भएको तथ्याँकले दर्शाएको छ ।

## कृषक सदस्य लक्षित परियोजना

कर्जा, यन्त्रीकरण र सिंचाई प्रविधिमा पहुँच विस्तारका लागि कृषकको क्षमता तथा सेवा अभिवृद्धीका लागि सन् २०१६ जनवरी १ देखि २०१७ मे ३१ सम्म यो उपपरियोजना लागु गरिएको थियो । को ७० प्रतिशत अनुदानमा यो कार्यक्रम लागु भयो । यस कार्यक्रममा कैलाली जिल्लाको लम्कीचुहा न.पा., टीकापुर न.पा, भजनी न.पा., जोशीपुर एवं बरर्दगोरीया गाउँपालिकामा यो कार्यक्रम लागु गरियो । उक्त कार्यक्रममा तोकिएका क्षेत्रमा स्थायी बसोबास भई संस्थाको सदस्यरहेका महिला कृषकहरूलाई लक्षित गरिएको थियो ।

**परियोजनाको उद्देश्य :** कृषक सदस्य लक्षित उक्त परियोजनाको उद्देश्य देहाय बमोजिम रहेको थियो :

- तोकिएको परियोजना पकेट एरिया (साबिकका कैलाली जिल्लाका ३ नगरपालिका र ८ गाविस) का न्यूनतम

१५०० महिला कृषक सदस्यहरूको व्यवसायिक क्षमता अभिवृद्धी गरि ऋणमा पहुंच तथा आयस्तरमा बृद्धी गर्ने ।

- व्यवसायिक कृषिका लागि आवश्यक स्रोत साधन परिचालन गर्न संस्थाको आन्तरिक क्षमता बृद्धी गर्ने ।
- न्यून आयस्तर भएका विपन्न गरिब महिलाहरूलाई कृषि सम्बन्धी आवश्यक साधन स्रोत उपलब्ध गराउने । (कर्जा, तालिम, उपकरण आदी)
- नर्सरी व्यवस्थापन, बाली उत्पादन, बिक्री वितरण का साथै मल, बिउ, बिजन तथा सिचाईको उपयोगबारे लक्षित महिलाहरूको क्षमता विकास गर्ने ।
- ऋणमा कृषकको पहुँच विस्तार गर्न धितो रहित लघुवित्त कर्जा बारे जानकारी प्रवाह गर्दै व्यवसायिक कृषि कार्य गर्न प्रेरित गर्ने ।
- विपन्न महिलाहरूको नियमित बचत तथा कर्जा कारोबार बृद्धि गर्ने ।
- बाली उत्पादनमा विविधिकरणका लागि नयाँ प्रविधिमा जोड दिन सदस्यहरूलाई प्रेरित गर्ने ।

**परियोजनाका क्रियाकलाप :** झण्डै १७ महिना अवधि रहेको परियोजनाले कृषकसदस्यको क्षमता अभिवृद्धी तथा कृषि उत्पादनका साधनहरूमा सहजपहुँच विस्तार गर्न विविध क्रियाकलापहरू गरेको छ । ति क्रियाकलापहरू परियोजनाको समापन पश्चात समेत निरन्तरता दिईएको छ । सदस्यलाई तालिम, निशुल्क बिउ बिजन तथा उपकरणहरू वितरण, प्रविधि प्रदर्शनी, अवलोकन भ्रमण, क्षेत्रगत रुपमा अगुवा कृषकहरूको सम्मेलन, कृषि उत्पादन वृद्धिमा सरोकारवालाको दायित्व तथा भूमिकाका सम्बन्धमा कृषक कार्यशाला गोष्ठी, निशुल्क माटो परिक्षण, खेतीबारी अवलोकन, कृषिउपज बजारीकरण लगायतका क्रियाकलापहरू सम्पन्न भएका छन् ।

**उपलब्धी :** तोकिएको परियोजना कार्यक्षेत्रबाट न्यूनतक १५ सय घरधुरीलाई तोकिएका कृषि बाली बमोजिम कम्तीमा ६० समूहमा आवद्ध गराई तालिम तथा कृषि उत्पादनका लागि अन्य सहायता उपलब्ध गराउने लक्ष्य रहेकोमा १७ महिनाको परियोजना अवधिमा ७८ समूहका १७८३ महिला





कृषक सदस्यहरू परियोजना क्रियाकलापमा आवद्ध भए ।

साझेदार निकायले नियुक्त गरेको स्वतन्त्र सर्वेक्षकले भजनी नगरपालिकामा नमुनाका रूपमा गरेको परियोजना लागुपश्चातको उत्पादन सर्वेक्षण अनुसार तत्कालीन समयमा परियोजनाले प्रवर्द्धन गरेका बालीहरूको उत्पादकत्व बृद्धि भएको पाईएको छ । परियोजनाको लाभग्राही क्षेत्र भजनीमा भएको उक्त स्वतन्त्र सर्वेक्षणले तत्कालीन समयमा जिल्ला कृषि विकास कार्यालयले तोकेको औसत उत्पादकत्वको आँकडामा बृद्धि भएको तथ्य सार्वजनिक गरेको थियो ।

**स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

YES
Computers & Suppliers
Dhanagdhi-4, Uttarbehadi, Nepal
Tel. 091-524720, 9851176939
Email: info@kantipur@gmail.com

| बाली | जिल्लाको औसत उत्पादकत्व | परियोजना पश्चातको उत्पादकत्व |
|---|---|---|
| धान | २.५० मे.ट. प्रति हेक्टर | २.८९ मे.ट. प्रति हेक्टर |
| मकै | १.५० मे.ट. प्रति हेक्टर | २.६४ मे.ट. प्रति हेक्टर |
| काँक्रो | १५ मे.ट. प्रति हेक्टर | २२.९६ मे.ट. प्रति हेक्टर |
| गोलभेडा | २० मे.ट. प्रति हेक्टर | २१.०६ मे.ट. प्रति हेक्टर |


## क्याफे (CAFE) परियोजना

Consumer Awerness and Financial Empowerment (CAFÉ) कार्यक्रम वर्ल्ड एजुकेशन अष्ट्रेलिया लिमिटेडले मातहतको GOOD Return संस्था गैरवित्तीय सहायतामा आधारित परियोजना हो । गुड रिटर्नसंगको सहकार्यमा संस्थाले आफ्ना सदस्यहरूलाई उपभोक्ता सचेतना तथा वित्तीय सशक्तिकरण सम्बन्धि क्रियाकलापमा सहभागी गराएको थियो ।

**परियोजनाको उद्देश्य :** लघुवित्तमा आवद्ध महिला सदस्यहरूमा बचत गर्ने बानीको विकास तथा पैसा व्यवस्थपनका सरल विधिहरू बारे जानकारी गराई समग्र बचतबृद्धी एवं उनीहरूको पुँजी परिचालनमा सहभागिता वृद्ध गर्नु रहेको थियो । २०१७ मार्च १ देखि शुरू भएको कार्यक्रम २०१८ फेब्रुअरी २८ मा सम्पन्न भएको थियो ।

**क्रियाकलाप :** यस कार्यक्रम अन्तर्गत गुड रिटर्नले संस्थाका ४ जना कर्मचारीलाई उपभोक्ता सचेतना तथा वित्तीय सशक्तिकरणबारे सदस्यलाई दिईने तालिमको विधि बारे पूर्ण रूपमा प्रशिक्षित गराएको छ । यसरी प्रशिक्षित कर्मचारीले २० हप्ता सम्म विभिन्न समूहहरूमा गई छानिएका सदस्यहरूलाई गुडरिटर्नको मापदण्ड बमोजिमका सामाग्रीहरू प्रयोगगरी प्रशिक्षित गरेका छन् ।

**उपलब्धी :** कार्यक्रमको समापन पश्चात गुडरिर्टनले गरेको स्वतन्त्र प्रभाव सर्वेक्षणमा  २० हप्ताको अवधिमा कार्यक्रममा आवद्ध ५४६ सदस्यको वित्तीय व्यवहारमा परिवतर्न आएको




ज्ञान तथा सचेतनाको स्तर बृद्धि : १४.८ प्रतिशत
वित्तीय व्यवहारको स्तर बृद्धि : ३६.५ प्रतिशत
आत्म विश्वासको स्तर बृद्धि : ३५.७ प्रतिशत
जिवनयापनको स्तर बृद्धि : ३३.०३ प्रतिशत

## किसान रुलर बैंकिङ्ग परियोजना

संस्थाले सन् २०१५ देखि सक्षम एक्सेस टू फाईनान्स संगको सहकार्यमा सन्चालन गरेको ट्याब बैकिंग परियोजनालाई थप प्रभावकारी बनाई संस्थालाई थप प्रविधिमैत्री बनाई सदस्यलाई द्रुत सेवा प्रवाह गर्ने उद्देश्यले २०१८ सेप्टेम्बर १ देखि लागु हुने गरि दोस्रो पटक यू.के.एड सक्षम एक्सेस टु फाईनान्स संगको सहकार्यमा यो परियोजना संचालन गरिएको हो ।

**परियोजनाको उद्देश्य :** परियोजना अन्तर्गत संस्थालाई आवश्यक प्राविधिक पुर्वाधारहरू निर्माण गर्ने तथा मौजुदा प्रविधिहरूको थप विस्तार गर्ने उद्देश्य राखेको छ । थप उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- ग्रामिण तथा शहरीक्षेत्रका सदस्यलाई डिजिटल प्रविधिको माध्यमबाट सेवा दिई वित्तीय सेवामा पहुँच वृद्धि गर्ने ।
- सदस्यलाई उद्यमी बनाउन आवश्यक तालिम दिनुका अतिरिक्त उद्यमशिलता प्रवर्द्धनका लागि आवश्यक वित्तीय सेवाहरूको निर्माण गर्ने ।
- वित्तीय साक्षरताबारे सदस्यको सिप तथा ज्ञानमा वृद्धि गर्ने ।
- ग्राहक सुरक्षण सिद्धान्तका विश्वव्यापी सिद्धान्तलाई आत्मसाथ गर्दै अन्तराष्ट्रिय स्तरको स्मार्ट सर्टिफिकेशन ब्राण्ड प्राप्त गर्ने ।

**क्रियाकलाप :** यस परियोजना अन्तर्गत सदस्यहरूका लागि पहिलोपटक एटिएम कार्ड, मोबाईल बैकिंग (सहकारी तथा लघुवित्त दुवै तर्फ), सुधारिएको ट्याबलेट सेवा लाई थप प्रभावकारी बनाउने गरि क्रियाकलाप गरेको छ । यसका अतिरिक्त विद्यार्थीहरूलाई लक्षित गरि विद्यार्थी भविष्य बचत नामक नयाँ बचत सेवाको शुरूवात समेत भएको छ ।

**उपलब्धी :** यसअघि लघुवित्त तर्फ पासबुक रहित केन्द्र संख्या २०० रहेकोमा परियोजना क्रियाकलपा पश्चात शत प्रतिशत केन्द्र पासबुक रहित भएका छन् ।

**डिजीटल प्रविधि :** मौजुदा ट्याबलेट उपकरण सेवालाई अद्यावधिक गरि ट्याबलेटबाटै सदस्यको फोटो अपलोड, दस्तखत भेरिफिकेशन लगायतका काम हुने भएको छ । प्रविधिलाई निरन्तर अद्यावधिक गर्दै लैजाने गरिएको छ । संस्थाको केन्द्रिय कार्यालय लम्कीमा एटीए मेसीन जडान गर्नुका साथै सदस्यलाई एटिएम कार्ड वितरण गरेको छ । सहकारी सेवा तथा लघुवित्त सेवाग्राहीहरूका लागि सम्पूर्ण बैकिंग सुविधा सहित को मोबाईल बैकिंग सेवा प्रदान गरिएको छ । सेवा प्रतिको आकर्षण बढ्दैजाँदा संस्थाका सदस्यको संख्या समेत बृद्धि हुदै गएको छ ।

**वित्तीय सेवा :** मौजुदा सेवाका अतिरिक्त सदस्यका विद्यार्थी नानीबाबुहरूलाई लक्षितगरि आकर्षक योजना सहितको बचत सेवा लागु भएको छ । जसमा निशुल्क परिवार अैषधोउपचार एवं अभिभावक दुर्घटना बिमा लगाएतका सुविधाहरू राखिएको छ ।

**स्मार्ट सर्टिफिकेशन :** संस्थाले सन् २०१५ मा ग्राहक सुरक्षण सिद्धान्तलाई आत्मसाथ गर्ने प्रतिबद्धता औपचारिक रूपमा जनाईसकेको छ । तत्पश्चात ग्राहक सुरक्षणका ७ वटै सिद्धान्तको पालनाका लागि आवश्यक तयारी समेत गर्दै आएको छ । यस परियोजना मार्फत उक्त सर्टिफीकेट प्राप्त गर्न आवश्यक तयारी गरेको छ । जसका लागि आन्तरिक रेटीङ्ग तथा बाह्य रेटीङ्गका लागि एजेन्सीहरू नियुक्त गरि कार्य प्रारम्भ भईसकेको छ ।

## एकिकृत कृषि फर्म

कृषिमा आश्रित खासगरि निम्न आय भएका युवा तथा महिलाहरूलाई यस अघिनै संस्थाले कृषि तालिम, परामर्श, सुलभमुल्यमा रासायनिक मल, निशुल्क बिउविजन, निशुल्क उत्पादन सामाग्री तथा कृषि कर्जा वितरण गर्दै आएको छ । तथापी, यस क्षेत्रको कृषि उपजको उत्पादकत्व, आयातको अवस्था तथा वैदेशीक रोजगारीमा जानेको संख्या हेर्ने हो भने अझै फराकिलो क्षेत्रमा विशेष कार्यक्रम लागु गरि युवाहरूलाई व्यवसायिक कृषिको दायरामा समेट्नु पर्ने आवश्यकतालाई महसुस गर्दै यस संस्थाले महत्वाकाक्षी परियोजनाको रूपमा जिल्लाको जानकी गाउँपालिका-९ मा ३ विगाह जग्गा भाडामा लिई एकिकृत कृषि फर्म तथा कृषक फिल्ड पाठशाला परियोजना सन्चालनमा ल्याएको छ । संस्थाले आफ्नै खर्चमा यो परियोजना सन्चालन गरेपनि समयक्रम संग विभिन्न निकायसंग सहयोग एवं सहकार्य गर्ने योजना बनाएको छ । यसै योजना अनुरूप रानी जमरा कुलरिया सिचाई आयोजनाको कृषि कार्यान्वयन यूनीट टीकापुरसंगको लागत साझेदारीमा उक्त कृषि फर्ममा पोली हाउस निर्माण गरेको छ ।

फोगर सिस्टम सहितको उक्त सेमि हाईटेक नर्सरीमा बेर्ना उत्पादन तथा तरकारी खेती हुदै आएको छ ।


**स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**स्वावलम्बन विकास केन्द्र**
CENTER FOR SELF-HELP DEVELOPEMNT
**Head Office**
Maitighar Height, Thapathali, Kathmandu, Nepal
P.O. Box : 8852 | Te.: 4265635/4256786
Fax: 00977-1-4265634 | Email: csd@mos.com.np
Web: www.csdnepal.org.np

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## फोटो ग्यालेरी-४



घर विहिनका लागि घर कार्यक्रममा सहभागी हुदै नायिका रिचा शर्मा ज्यू



घर विहिनका लागि घर कार्यक्रममा आफ्ना भनाई राख्दै संस्थामा महा प्रवन्धक तथा नायिका रिचा शर्मा ज्यूहरु



हसुलिया शाखाको केन्द्र निरिक्षणका क्रममा तत्कालीन लघुवित्त संयोजक श्री विष्णु भक्त शर्मा ढकाल ज्यू



संस्थाको कृषी फार्ममा उत्पादित तरकारीको ग्रडिग गरिदै



सदस्यहरुका लागि च्याउ खेती सम्वन्धी तालिम संचालन



अत्तरिया शाखाको केन्द्र नम्वर ७६८ मा सुत्केरी सुविधा वितरण गर्दै तत्कालीन शाखा प्रमुख श्री भरत बहादुर रावल ज्यू



संस्थाले वित्तीय शिक्षा कार्यक्रमका लागि राखेको स्टल अवलोकन गर्दै टिकापुर न.पा.का मेयर श्री तपेन्द्र रावल ज्यू




नवनिर्वाचित समितीका पदाधिकारी ज्युको पदस्थापन कार्यक्रम




संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा रक्तदान गर्दै कर्मचारी ज्यूहरु



कृषी सम्वन्धी तालिम पश्चात वेर्ना वितरण गर्दै कृषी प्राविधीक कर्मचारी ज्यू



धनगढी शाखाको केन्द्र प्रमुख गोष्ठीमा उत्कृष्ट सदस्यलाई पुरस्कार वितरण गर्दै तत्कालीन लघुवित्त संयोजक श्री शुभनाथ देवकोटा ज्यू



नया कर्मचारीहरुको सपथ ग्रहण कार्यक्रम



अर्धवार्षिक समिक्षा गोष्ठी कार्यक्रम




किसान एकिकृत कृषी फार्मको शिलान्यान गर्दै संस्थाका अध्यक्ष सुरेन्द्र कुमार शाह तथा जानकी गाउपालिकाका अध्यक्ष श्री प्रदिप चौधरी ज्यू



लम्की खानोपानीको विल किसान मोवाईल बैकिंगबाट भुक्तानी गर्ने सम्झौता हस्ताक्षर गर्दै संस्थाका अध्यक्ष श्री सुरेन्द्र कुमार शाह तथा लम्की खानेपानीका अध्यक्ष श्री तेज बहादुर चलाउने ज्यू



केन्द्र प्रमुखको पश्चातको सामुहिक तस्वीर

सदस्य अनुभुति

# परम्परागत देखि आजको प्रविधिमैत्री किसान सम्म

- सितादेवी ओझा
केन्द्र नं. ८१७, अत्तरिया शाखा

साँच्चीकै अहिले भईरहेका, बिगतमा भई सकेका र आगामी दिनमा हुन सक्ने सम्भाबित परिबर्तनहरू सम्झेर म त अचम्मित भई रहेकी छु । आज भन्दा करिव ६ बर्ष पहिले यस संस्थामा आबद्ध भए देखी हाल सम्मका गतिबिधिहरूलाई सम्झिन चाहन्छु । म सिता देबी ओझा स्थायी घर डोटी जिल्लाको जोरायल भएपनि कर्मघर गोदावरी न.पा. बडा नं ०१ अत्तरिया रहेको छ । मिति २०७१ साल कार्तिक महिना १४ गते औपचारीक रूपमा समुह प्रबेश पूर्ब तालिम लिई यस संस्थामा आबद्ध भएकी थिए सुरूवातका दिनहरूमा समुहमा बैठक बस्दा कर्मचारीहरूले पासबुक तथा collection sheet बाट कारोवार हुने गर्दथ्यो । बैठक माईन्युट समेत त्यती ब्यवस्थित थियन । समय बित्दै गयो समय संग संगै संस्थामा समेत प्रबिधिमा केही नयाँ परिवर्तन भयो collection sheet लिएर आउने कर्मचारी Tablet बाट लिएर केन्द्र बैठकमा आउन थाल्नु भयो । Tablet बाट कारोवार हुने, पासबुक छोडनुपर्ने, तथा मोबाईलमा Message आउँछ भनि कर्मचारीले हामिलाई बारम्वार सम्झाउँदा समेत यो कुरा बुझ्न र पासबुक त्यागेर पूर्ण रूपमा Message मा भर पर्न मलाई झन्डै तिन महिना समय लाग्यो । आजै को दिन जस्तो लाग्छ सुरू सुरूमा त Message समेत कर्मचारी कार्यालयमा पुगे पश्चात मात्र आउने गर्दथ्यो केही समय पश्चात केन्द्र बैठकमा नै कारोवार समापन हुनै बित्तिकै Message आउन थाल्यो यसले संस्था र सदस्यहरू बिचको बिश्वासलाई झनै बढाई दियो ।



प्रविधिलाई आत्मसात गदै लघुबित्त सदस्यहरूलाई समेत प्रविधि तिर आर्कषण गर्न तथा कारोबारलाई

सहज तथा समयको बचत गर्न Message मा हाम्रो बिश्वास बढेपछि लघुबित्त तर्फ संभवत पहिलो पटक हामिले चेक बुक मार्फत कारोवार गर्न थाल्यौ । शुरूवाती दिनहरूमा चेकबुक नहुदा कार्यालयमा आफ्नो बचत झिक्न पासबुक बोकेर आफै जानु पर्ने र संबन्धित शाखाबाट मात्र झिक्न मिल्ने अवस्था थियो । चेक बुक पाए पछि किसान बहुउद्देश्यीय सहकारी संस्थाको जुनसुकै शाखा तथा जुनसुकै ब्यक्ति लाई समेत चेक सटहि गर्न मिल्ने अवस्था सिर्जना भयो । सुरू सुरूमा चेक मार्फत कारोवार गर्दा असहज लागेपनि बिस्तारै बिस्तारै चेक मार्फत कारोवार गर्दा सरलता तथा समयको समेत बचत भएको महसुस भयो ।

यसको लगत्तै संस्थाले लघुबित्त सदस्यहरूका लागि mobile banking सुबिधा हामि माझ ल्यायो । सुरूमा Mobile banking के हो ? कसरी चलाउने ?यसको फाईदा के ? भन्ने बिषयमा कर्मचारीहरूले राम्रो संग बुझाउनु भयो । त्यसपछि मेरो केन्द्रमा सुरूमा मैले Google play store मा गइ Kisan mbanking Application Download गरे कर्मचारीको सहयोगमा त्यो Application चलाउन थाले आगामी बैठक कहिले बस्ने हो । उक्त बैठकमा मैले कती रकम जम्मा गर्नु पर्ने हो भन्ने जानकारी बैठक बस्नु अघि नै प्राप्त हुन थाल्यो । त्यसका अतिरिक्त Mobile Application बाटै पुरानो बैठक सम्बन्धि पुरा जानकारी लिन सकिने भयो । त्यसका अतिरिक्त Mobile Application मोबाईल समेत रिचार्ज गर्न मिल्ने त्यो पनि 3 % क्यास ब्याकको साथमा । अचम्म त के थियो भने Application चलाउँदा समेत संस्थालाई कुनै किसिमको

शुल्क नै तिर्न नपर्ने । यतिका सुबिधा भयपछि म संगै अन्य साथिहरूले समेत यो सुबिधा उपभोग गर्न थाल्यौ, हामिले संस्था प्रति गर्ने बिश्वास समेत झनै बढ्दै गयो ।

बिश्व नै नोबेल कोरोना भाईरसले आक्रान्त बेला आफन्तहरू संग कुरा गरौं भने गाउँघरमा मोवाईलमा ब्यालेन्स समेत हाल्न मिल्ने अवस्था थिएन कतै मिले पनि रू.५० पर्ने लाई रू.७०-८० तिर्नु परि रहेको बेला संस्थाले सादा मोवाईल चलाउने देखि स्मार्ट फोन चलाउने सबै सदस्यहरूलाई लक्षित गर्दै लकडाउनकै समयमा मिसकल बैंकिङ सेवा सुचारू गर्यो मैल पहिले नै मोवाईल बैकिंग चलाई रहको थिए मलाई समस्या थिएन तर मेरो केन्द्रका सादा मोवाईल चलाउने दिदि बहिनीले यस सेवाको लाभ लिन पाए । मिसकल बैंकिङ मार्फत हामिले मोबाईल नंम्वर हरू ९८६४७५९०६५ र ९८६४७५९०६४ मा मिसकल गर्दा आफ्नो सम्पुर्ण बचत तथा कर्जा खाताहरूको बारेमा जानकारी लिन सकिने तथा मोबाईलमा रू ५० को रिचार्ज हुने सुबिधाको समेत लाभ उठाई रहेका छौ ,परिस्कत भयर आयको मोबाईल बैंकिङ Application ले घरमै बसेर बिद्युत महसुल बुझाउन,अन्य बैंकहरूमा रकम पठाउन,बिमाको प्रिमियम तिर्न ,ई सेवामा पैसा जम्मा गर्न ,फोन पे मार्फत मोबाईल नं मा रकम पठाउन ,डिस होम तथा मोबाई रिचार्ज गर्न तथा इन्टरनेको बिल समेत भुत्तानि गर्न पनि सजीलो तथा समयको बचत समेत गरेको छ, हरेक कारोबारमा ३५ क्यास ब्याक पाई आर्थिक लाभ समेत भई रहेको छ । करिव ६ बर्ष यस संस्थाको हरेक बित्तिय तथा गैर बित्तिय सुबिधा मार्फत हामी लाभान्वित हुन सकेका छौ । आशा छ अबको केही बर्ष भित्र यस संस्थाले हाम्रो कारोवार लाई थप सुरक्षित तथा प्रबिधि मैत्री बनाउन थप भुमिका खेली संस्था र हामि ग्राहक बिचको सम्वन्धलाई थप मजबुत बनाउने छ ।

। धन्यवाद

# किसानमै सबै वित्तीय सेवा

- दुर्गा कुमारी ओली
चुरे-१, सहजपुर, कैलाली



म डोटीको जोरायलमा जन्मे, उतै हुर्के, बाल्यकाल समेत जोरायलकै सेरोफेरोमा बित्यो । कक्षा ८ सम्मको शिक्षा जोरायलको शिवपुर सन्कट्टीको स्कुलबाट लिएँ । विवाह गरिसकेपछि परिवारको जिम्मेवारी घर चलाउनुपर्ने समस्याले केही समय दुःख भयो । घर व्यवहारको कामले मात्र हुदैन, केही आम्दानीको बाटो रोज्नुपर्छ भन्ने उद्देश्य राखी सहजपुर बजारमा श्रृगार पसल संचालन गरें ।

५ बर्ष अघि किसान बहुउद्देश्यीय सहकारी संस्थामा आवद्ध भए । हालसम्म नियमित बचत र कर्जा कारोबार गर्दै आईरहेकी छु । मेरो ब्यापार बिस्तार गर्न किसानको ठुलो योगदान छ । आजभोलि धेरै बटा लघुवित्त प्रतिस्पर्धाको रूपमा आफ्नो संस्थामा आवद्ध हुन आग्रह गर्छन तर मलाई आवश्यक पर्ने सबै वित्तीय सेवाहरू किसानबाटै पाएको हुनाले अन्य कुनैपनि संस्थामा आबद्ध भएकी छैन ।

व्यवसायबाट प्राप्त आम्दानी र थप लगानीको लागि संस्थाबाट कर्जा कारोबार गरि मैले व्यवसाय बिस्तार गर्न सफल भएकी छु । मेरो आजभोलि बंगुरपालन, फ्रेस हाउस, कपडा पसल, किराना पसल तथा होटल व्यवसाय समेत संचालनमा छ । म र मेरो श्रीमान व्यवसायमा नियमित काम गर्दै आईरहेका छौं ।

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## हाल कार्यरत कर्मचारीहरुको विवरण

### केन्द्रिय कार्यालय



श्री डम्बर ब. शाह – महाप्रबन्धक
श्री जीत ब. चौधरी – कर्जा तथा कम्प्लाइन विभाग
श्रीमति निरञ्जना चौधरी – लेखा विभाग
श्री रण ब. साउद – लघुवित्त तथा संचालन विभाग
श्री प्रकाश कुमार जि.सी. – निरिक्षण तथा सुपरिवेक्षण विभाग
श्री नारायण चौधरी – तालिम तथा शेयर विभाग
श्री दिपकराज ढुंगाना – वित्त तथा परियोजना विभाग




श्री राजु रोकाया – तथ्यांक विभाग
श्री अजय आचार्य – सुचना प्रविधी विभाग
श्री तप्त बहादुर खत्री – लेखा सहायक
श्री प्रबिण चौधरी – कनिष्ठ सहायक
श्री कृष्ण बहादुर साउद – कनिष्ठ सहायक
श्री सरस्वती बजगाई – कनिष्ठ सहायक
श्री बीर बहादुर चौधरी – कनिष्ठ सहायक



श्री केश बहादुर शाही – सवारी चालक
श्री दिलिप कुमार कठरिया – मेसेन्जर
श्री खुसिराम चौधरी – मेसेन्जर

### इलाका कार्यालय



श्री गोरख बहादुर शाह – चौमाला ईलाका प्रबन्धक
श्री भरत बहादुर रावल – टिकापुर ईलाका प्रबन्धक

### बैकिंङ लम्की सेवा केन्द्र



श्री भरत कुवर – शाखा प्रबन्धक
श्री राम ब. चौधरी – स. अधिकृत
श्री पार्वती साउद – स. अधिकृत
श्री एकिन्द्र शाह – सुपरभाइजर
श्रीमति विमला चन्द – सहायक
श्री भरत बहादुर बिष्ट – सहायक
श्री मनोज कठरिया – सहायक



श्री लोकेन्द्र बहादुर खड्का – कनिष्ठ सहायक
श्री विजय बहादुर रावत – मेसेन्जर
श्री कृष्ण ढकाल – मेसेन्जर
श्री देविराम जैसी – सुरक्षक
श्री दीपक बूढाथोकी – सुरक्षक
श्री खडक ब. बूढा – सुरक्षक
श्री कर्ण सिं बिष्ट – सुरक्षक

### लम्की सेवा केन्द्र



श्री लोकेन्द्र सुनार – शाखा प्रबन्धक
श्री विरेन्द्र प्रसाद जैशी – कनिष्ठ सहायक
श्री अम्मर राज भण्डारी – कनिष्ठ सहायक
श्री मिना अधिकारी – कनिष्ठ सहायक
श्री नरेन्द्र भण्डारी – कनिष्ठ सहायक
श्री खगिसरा जैसी – कनिष्ठ सहायक
श्री अम्मर शाह – कनिष्ठ सहायक (द्वितीय)



श्री पुनम कुमारी थापा – कनिष्ठ सहायक (द्वितीय)
श्री लक्ष्मी प्रसाद चौधरी – मेसेन्जर

## बैंकिंग टिकापुर सेवा केन्द्र


श्री कूल प्र. तिमिल्सेना
शाखा प्रबन्धक


श्री बम बडुवाल सिजापती
स. अधिकृत


श्री टंक बहादुर बोगटी
सहायक


श्री रिता बजगाई
सहायक


श्री गणेश प्र. उपाध्याय
कनिष्ठ सहायक


श्री राज कुमार चौधरी
मेसेन्जर


श्री खुशिराम चौधरी
सुरक्षक


श्री विनोद शाह
सुरक्षक


श्री पृथ्वी शाह
सुरक्षक

## टिकापुर सेवा केन्द्र


श्री जयशंकर न्यौपाने
शाखा प्रबन्धक


श्री अनिल चौधरी
कनिष्ठ सहायक


श्री योगेश भण्डारी
कनिष्ठ सहायक


श्री शिवराज न्यौपाने
कनिष्ठ सहायक


श्री लक्ष्मण टमट्टा
कनिष्ठ सहायक


श्री दिपा खनाल
कनिष्ठ सहायक


श्री सृजना थापा मगर
कनिष्ठ सहायक


श्री शान्ति देवकोटा
कनिष्ठ सहायक (द्वितीय)


श्री भावना कुमारी शाह
कनिष्ठ सहायक (द्वितीय)


श्री महेन्द्र प्रसाद भण्डारी
मेसेन्जर

## बौनिया सेवा केन्द्र


श्री चक्र प्रसाद भण्डारी
शाखा प्रबन्धक


श्री देशराम चौधरी
कनिष्ठ सहायक


श्री दिपीका विष्ट
कनिष्ठ सहायक


श्री सविता कडेल
कनिष्ठ सहायक


श्री केशर शाह
कनिष्ठ सहायक


श्री उर्मिला शाही
कनिष्ठ सहायक (द्वितीय)


श्री गंगा सिंह
कनिष्ठ सहायक (द्वितीय)


श्री भुवन कठरीया
मेसेन्जर

## मसुरिया सेवा केन्द्र


श्री किरण कु. चौधरी कठरिया
शाखा प्रबन्धक


श्री सरिता शाही
कनिष्ठ सहायक


श्री चनकराम चौधरी
कनिष्ठ सहायक


श्री रमेश बहादुर शाह
कनिष्ठ सहायक


श्री निर्मला विनाडी न्यौपाने
कनिष्ठ सहायक (द्वितीय)


श्री राम ब. चौधरी
मेसेन्जर

## बैंकिंग जोशीपुर सेवा केन्द्र


श्री भोजराज भट्टराई
शाखा प्रबन्धक


श्री सिता भण्डारी
सहायक


श्री नविन कूमार खनाल
कनिष्ठ सहायक


श्री जमान सिंह रावत
मेसेन्जर

## जोशीपुर सेवा केन्द्र


श्री भरत भण्डरी
शाखा प्रबन्धक


श्री सूरेश चौधरी
कनिष्ठ सहायक


श्री बासुभ रावत
कनिष्ठ सहायक


श्री अमृता शाही
कनिष्ठ सहायक


श्री अमृता चौधरी
कनिष्ठ सहायक (द्वितीय)


श्री दिपा बम
कनिष्ठ सहायक (द्वितीय)


श्री टिकाराम चौधरी
मेसेन्जर

## सुर्खेत सेवा केन्द्र


श्री जनक विष्ट
शाखा प्रबन्धक


श्री दिनेशराज न्यौपाने
कनिष्ठ सहायक


श्री संगिता कु. शाही
कनिष्ठ सहायक


श्री हेमराज चौधरी
कनिष्ठ सहायक


श्री नविन कुमार न्यौपाने
कनिष्ठ सहायक


श्री दिपेन्द्र बटाला
कनिष्ठ सहायक


श्री सुदिप शाह
कनिष्ठ सहायक (द्वितीय)


श्री गंगा राम विष्ट
मेसेन्जर

## भजनी सेवा केन्द्र


श्री सन्तोष चौधरी
शाखा प्रबन्धक


श्री दिलमाया थापामगर
कनिष्ठ सहायक


श्री चन्द्रा बम
कनिष्ठ सहायक


श्री बिमल प्रसाद जैसी
कनिष्ठ सहायक


श्री जानकी कुमारी बिष्ट
कनिष्ठ सहायक (द्वितीय)


श्री कमला कुमारी परियार
कनिष्ठ सहायक (द्वितीय)


श्री लोकेन्द्र भण्डारी
कनिष्ठ सहायक (द्वितीय)


श्री टेक बहादुर चौधरी
मेसेन्जर

## हसुलिया सेवा केन्द्र


श्री सपना ओली
शाखा प्रबन्धक


श्री देव वहादूर कुवर
सहायक


श्री ललिता चौधरी
कनिष्ठ सहायक


श्री लक्ष्मी कुमारी जैसी
कनिष्ठ सहायक (द्वितीय)


श्री राकेश सावद
कनिष्ठ सहायक (द्वितीय)


श्री किरण कुमार चौधरी
मेसेन्जर

## धनगढी सेवा केन्द्र


श्री खकेन्द्र देवकोटा
शाखा प्रबन्धक


श्री खेमराज मुड्भरी
सहायक


श्री जानकी चन्द
कनिष्ठ सहायक


श्री धर्मराज भट्टराई
कनिष्ठ सहायक


श्री करुणा अधिकारी
कनिष्ठ सहायक


श्री दिनेश राज संज्याल
कनिष्ठ सहायक (द्वितीय)


श्री कमला विष्ट
कनिष्ठ सहायक (द्वितीय)


श्री संन्तोष चौधरी
कनिष्ठ सहायक (द्वितीय)


श्री प्रदेशू चौधरी
मेसेन्जर

## अतरिया सेवा केन्द्र


श्री दुर्गा प्र.उपाध्याय
शाखा प्रबन्धक


श्री अमित कूमार चौधरी
कनिष्ठ सहायक


श्री गायत्री जोशी
कनिष्ठ सहायक


श्री मथुरा न्यौपाने अधिकारी
कनिष्ठ सहायक


श्री कृष्ण चौधरी
कनिष्ठ सहायक


श्री धर्मराज तिमिल्सीना
कनिष्ठ सहायक


श्री रोहित चौधरी
कनिष्ठ सहायक (द्वितीय)


श्री लिलु कुमार चौधरी
मेसेन्जर

## चौमाला सेवा केन्द्र


श्री कमल ब. कोली
शाखा प्रबन्धक


श्री राम बहादूर बि.क.
कनिष्ठ सहायक


श्री सुमित चौधरी
कनिष्ठ सहायक


श्री श्रीशंकर चौधरी
कनिष्ठ सहायक


श्री जमुना धमला
कनिष्ठ सहायक (द्वितीय)


श्री प्रतिक्षा हमाल
कनिष्ठ सहायक (द्वितीय)


श्री उर्मिला देवकोटा (संज्याल)
कनिष्ठ सहायक (द्वितीय)


श्री बालकिसुन चौधरी
मेसेन्जर

## नारायणपुर सेवा केन्द्र


श्री सुरजकला शाही
शाखा प्रबन्धक


श्री बालाराम जोशी
कनिष्ठ सहायक


श्री पवन पाण्डे
कनिष्ठ सहायक


श्री सरिता चौधरी
कनिष्ठ सहायक


श्री सुनिल चौधरी
कनिष्ठ सहायक


श्री पदमा मल्ल
मेसेन्जर

## फूलवारी सेवा केन्द्र


श्री नवराज देवकोटा
शाखा प्रबन्धक


श्री पदम सिह खड्का
कनिष्ठ सहायक


श्री रिमा चौधरी
कनिष्ठ सहायक


श्री अर्जुन रिमाल
कनिष्ठ सहायक


श्री मेनका हमाल
कनिष्ठ सहायक (द्वितीय)


श्री दूर्गा बयाडी
मेसेन्जर

## सोल्टा सेवा केन्द्र


श्री जनक राज ढुंगाना
शाखा प्रबन्धक


श्री लोकेन्द्र गौतम
कनिष्ठ सहायक


श्री अनिल कुमार ओड
कनिष्ठ सहायक (द्वितीय)


श्री लक्ष्मण दर्लामी मगर
मेसेन्जर

## सहजपुर सेवा केन्द्र


श्री चन्द्र कान्त रेग्मी
शाखा प्रबन्धक


श्री विजय डगौरा
कनिष्ठ सहायक


श्री सुरेश कुमार चौधरी
कनिष्ठ सहायक


श्री गौरव प्रसाद धमला
कनिष्ठ सहायक (द्वितीय)


श्री दिपेन्द्र महरा
मेसेन्जर

## पहलमानपुर सेवा केन्द्र


श्री विनोद मिजार
शाखा प्रबन्धक


श्री राम प्रसाद चौधरी
कनिष्ठ सहायक


श्री प्रमानन्द जैशी
कनिष्ठ सहायक


श्री दुर्गा शाह
कनिष्ठ सहायक (द्वितीय)


श्री सुर्जा कुमारी न्यौपाने
कनिष्ठ सहायक (द्वितीय)


श्री तेज बहादुर चौधरी
मेसेन्जर

## पथरैया सेवा केन्द्र


श्री सुरेश बहादुर चौधरी
शाखा प्रबन्धक


श्री कल्पना न्यौपाने
कनिष्ठ सहायक


श्री रमेश बहादुर सोडारी
कनिष्ठ सहायक


श्री कपील शाह
कनिष्ठ सहायक


श्री श्रवण कुमार चौधरी
कनिष्ठ सहायक (द्वितीय)


श्री विर सिंह चौधरी
मेसेन्जर

## प्रतापपुर सेवा केन्द्र


श्री डम्वर राज जैसी
शाखा प्रबन्धक


श्री सुरत बहादूर भूल
कनिष्ठ सहायक


श्री पूस्कर न्यौपाने
कनिष्ठ सहायक


श्री रोशन भण्डारी
कनिष्ठ सहायक


श्री लक्ष्मी चौधरी
कनिष्ठ सहायक (द्वितीय)


श्री राजेश चौधरी
मेसेन्जर

## कृषि प्रवर्द्धन कार्यक्रम


श्री विरेन्द्र वहादुर शाह
फार्म प्रमुख


श्री नविन न्यौपाने
जे.टी.ए.


श्री महेश राज गिरी
जे.टी.ए.


श्री राम दयाल चौधरी
वितरक


श्री सावन चौधरी
मेसेन्जर


श्री कृस्नी देवी चौधरी
मेसेन्जर

# कुईनेको आवाज

- कौशिला देवी विष्ट
महोन्याल-७, कुईने

कुनै बेला ताँतीका ताँती मान्छेहरूको भीड हुन्थ्यो कुईने बजारमा, कर्णाली चिसापानी हुदै सुर्खेत, दैलेख, डोटी जुम्ला, हुम्ला, कालीकोट, लगायतका जिल्लाहरूबाट मानिसहरू आउने र जाने मुलबाटो नै कुईने बजार भएर जान्थ्यो । कुईने बजारका व्यवसायीहरूको दैनिक राम्रो व्यापार हुन्थ्यो । त्यहि कुईने बजारमा २०६२ साल देखि किरानापसल संचालन गर्दै आईरहेकी छु । कुनै बैंक वित्तीय संस्थाको उपस्थिती थिएन । मैले ५ हजार लगानी गरि पसल सुरू गरेकी थिएँ । त्यहि लगानी बाटै ब्यापार चलाउनु पर्थ्यो । आफ्नो निजी लगानी बाहेक अन्य बैंक वित्तीय संस्थाबाट लगानी पाउने कुनै संभावना थिएन ।

किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सोल्टामा शाखा स्थापना भए पश्चात हामी यो क्षेत्रका बासिन्दाले आफुसँग भएको बचत जम्मा गर्न पाएका छौ भने आवश्यक पर्दा कर्जा बारोबार गर्न पाएका छौ । अहिले ब्यापारमा लगानीको कुनै अभाव छैन । रेमिट्यान्स लगायत सबै बैंकिङ सुबिधा किसानबाटै पाएका छौं । किसानको शाखा स्थापना भए देखि नै म किसानको सदस्य रहि नियमित कारोबार गर्दै आईरहेकी छु ।मेरो ब्यापार अहिले राम्रो अवस्थामा छ । हाल मेरो २ ओटा फर्म दर्ता भई संचालनमा छ । किराना बाट सुरू भएको व्यवसाय फेन्सी, जुत्ता चप्पल तथा एग्रोभेट सम्म पुगेको छ ।

व्यवसायबाट घरपरिवारको खर्च, छोराछोरीको शिक्षादिक्षाको अलावा थप सम्पति जोडन समेत सफल भएकी छु । म किसानमा आवद्ध भएको ५ वर्ष पुरा भएको छ । किसानले म जस्ता व्यवसायीलाई राम्रो सेवा दिएको छ । पहिले गाउंघरमा विभिन्न टिका टिप्पणी हुन्थ्यो । अहिले सेवा लिईरहदा राम्रो लाग्छ । मैले आवश्यक परेको वेला सजिलै बचत तथा कर्जा कारोवार गरिरहेकी छु । मैले आगामी दिनमा थप लगानी गरि कुईने बजारमा ग्यारेज संचालन गर्ने सोच बनाएकी छु । मैले घाँटी हेरि हाड निल्नुपर्छ भन्ने बुझेकी छु, त्यहि भएर आफ्नो आम्दानीले धान्न सक्ने कर्जा मात्र गर्दै आईरहेकी छु ।



- यशोदा दुंगाना
नवदुर्गा किसान महिला विकास केन्द्र

# शुभकामना

कि :- किसान हो नाम यस्को , कैलाली हो कार्य थलो ।

सा :- सानै बाट ठुलो भयो , गर्दै गयो सबको भलो ।।

न :- न कहिल्यै थाकेको छ , न त भयो हतोत्साहित ।

स :- समुदाय संगै हिडदा , सदस्य छन उत्साहित ।।

ह :- हरेक पाइला सहज भए , सदस्यको साथ पाउँदा ।

का :- काम सबै सहज बने , हातमा हात मिलाउँदा ।।

री :- रीस राग नराखेर , सधै गर्दै जाओस् सेवा ।

सं :- संरक्षक बनि रहोस्, समृद्धिलाई पुगोस् टेवा ।।

लि :- लिई आयो नयाँ सेवा , ट्याबलेट अनि मोबाईलमा ।

ला :- लामो काम छोटो भयो, “म्यासेज” आउँदा घर घरमा ।।

ई :- ईमान्दार छन् सबै जना , सदस्य र कर्मचारी ।

शु :- शुरुवात गऱ्यो लघुवित्त , दियो धेरै रोजगारी ।।

भ :- भलाईमा जुटोस् अझै , समृद्धिको ढोका खोलोस् ।

का :- कार्यक्षेत्र विस्तार होस् , सदस्यको खुशी बढोस् ।।

म :- मन्दिर जस्तै बनोस् संस्था , आस्थाको धरोहर ।

ना :- नाफा पनि गर्दै जाओस् , पुगोस् सबको घर-घर ।।

# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## फोटो ग्यालेरी-५



देश कै उत्कृष्ट सहकारीको पुरस्कार भुमि व्यवस्था तथा सहकारी मन्त्री मा. श्री पदम अर्याल ज्यूको हातबाट ग्रहण गर्दै संस्थाका अध्यक्ष श्री सुरेन्द्र कुमार शाह ज्यू



Habitat for humanity बाट उत्कृष्ट पाटनरको अवाड ग्रहण गर्दै



वित्तीय साक्षरता कार्यक्रम संचालन गर्दै नारायणपुर शाखा प्रमुख श्री सुरजकला शाही ज्यू



प्रादेशिक लघुवित्त सम्मेलनमा मायाको चिनो विवरण गर्दै संस्थाका अध्यक्ष ज्यू तथा ग्रहण गर्दै सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री मा. श्री प्रकाश शाह ज्यू



प्रादेशिक लघुवित्त सम्मेलनमा मायाको चिनो विवरण गर्दै संस्थाका अध्यक्ष ज्यू तथा ग्रहण गर्दै धनगढी उप महा न.पा. मेयर श्री निर्प ओड ज्यू



प्रादेशिक लघुवित्त सम्मेलनमा मायाको चिनो विवरण गर्दै संस्थाका अध्यक्ष ज्यू तथा ग्रहण गर्दै धनगढी उपमहा न.पा. उप मेयर श्री शुशिला मिश्रा ज्यू



हस्तकला सम्वन्धी सामाग्री निमार्ण तालिममा सहभागी सदस्य ज्यूहरु




संस्थाले लम्कीमा ट्राफिक विट निमार्ण पश्चात हस्तान्तरण कार्यक्रमको झलक

# महिला सशक्तीकरणमा सहकारीको भुमीका



- कुबेर प्रसाद तिमिल्सिना
टीकापुर-१, कैलाली

सहकारीको साधारण अर्थले सहकार्य, सह-अस्तीत्व वा संग-संगै गरिने क्रियाकलाप वा कामलाई बुझाउछ । यसरी सगै-संगै मिलेर कामगरी आर्थिक, सामाजिक र साँस्कृतिक हैसियत उठाउन गरिएको सामुहिक प्रयत्न नै सहकारी हो ।

आर्थिक सबलता बिना परिवारमा वा समाजमा वा समग्र राष्ट्रमा स्पष्ट भुमिका खेल्न असजिलो हुने हाम्रो समाजमा सहकारी संस्थाका माध्ययमबाट महिलाले पनि आय आर्जनको परिधी फराकिलो बनाउँदै लगेका छन् ।

सिप सिकेर स्वरोजगार बनिरहेका महिलाहरूलाई प्राप्त पारिवारिक तथा सामाजिक हैसियतले उनिहरू सार्वजनिक स्थानमा तथा सामाजिक गतिविधीमा समेत क्रियाशिल बन्न थालेका छन् । स-सानो बचत गर्ने बानी बसाल्ने देखि उनिहरूलाई उद्यमशिलता तर्फ अग्रसर गराई आत्मनिर्भर बनाउन समेत सहकारी मार्फत प्रभावकारी कार्य भैरहेको छ । महिला जागरण, वित्तीय समावेशीता, नेतृत्व सबलता, लैंगिक समानता आदी पक्षहरू लगायत समग्र विकासको गोरेटोमा सहकारी मार्गदर्शक रहि आएको छ । सहकारी ऐनको प्रस्तावनामा कृषक, कालिगढ, श्रमिक, न्यून आय भएका समुह र सिमान्तकृत वर्गका लागि सहकारी स्थापना गरिने उल्लेख छ । नेपालको सन्दर्भमा महिलाहरू पनि न्यून आय भएका र सिमान्तकृत वर्ग अन्तर्गत नै पर्ने भएकाले सहकारी संस्थाहरूको भूमिका महिला सशक्तिकरणमा अत्यन्तै प्रभावकारी हुन्छ ।

## पृष्ठभूमि :

ढुकुटी, पर्म तथा गुठीको रूपमा सन्चालित विगतका नेपाल भित्रका सामाजिक एवं आर्थिक संस्थाहरूका आधुनिक स्वरूप सहकारी हुन । यिनै संस्थाहरूलाई संस्थागत, व्यवस्थित एवं परिष्कृत गर्दै सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रूपमा उपयोग गर्ने प्रयास स्वरूप वि.सं.२०१० सालमा तत्कालिन योजना, विकास, तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभाग स्थापना गरि वि.सं. २०१३ सालमा तत्कालिन श्री ५ को सरकारले सहकारी संघ संस्थाहरूको स्थापना र संचालन सम्बन्धि कार्यगर्न कार्यकारी आदेश जारी गऱ्यो । उक्त आदेशले दिएको अधिकार अन्तर्गत चितवनको बखानपुरमा वि.सं. २०१३ चैत्र २० गते नेपालमा पहिलोपटक बखान सहकारी संस्था स्थापना भयो । तत्पश्चात नेपालमा संघसंस्था ऐन २०१६ तथा नियमावली २०१८ र साझा संस्था ऐन २०४१, सहकारी ऐन २०४८, २०७४ बमोजिम सहकारी विभागले नै सहकारी संस्थाको दर्ता, नियमन एवं प्रवर्द्धन गर्दै आएको छ । पञ्चायतकालिन अवधिमा स्थापना भएका ८ सय ३० वटा सहकारीहरू प्रजातन्त्रको पुनःस्थापना पछि हाल सम्म देशभर ३४ हजार ७ सय ३७ सहकारी संस्था दर्ता भएका छन् । सहकारीका सदस्य संख्या ६५ लाख भन्दा बढी पुगेको छ जसमा ५२ प्रतिशत महिला आवद्ध छन् । हाल भईरहेको सहकारीको विकास एवं प्रवर्द्धन अनुरूप पुरुषको तुलनामा महिलाको उपस्थिती तिव्र गतिमा वृद्धि भईरहेको छ ।

## सहकारीमा महिला :

नेपाल एक परम्परागत पुरूषप्रधान देशका रूपमा चित्रित छ । मुलुकको राजनीतिक, सामाजिक, आर्थिक लगायत क्षेत्रमा महिलाको उपस्थिती औचित्यहिन मान्ने हाम्रो समाज अब रुपान्तरणको सिढि चढ्न उद्दत छ । महिलाहरूको रूपान्तरित भुमिकालाई पहिचान गरी मुलुकका ७७ वटै जिल्लामा र सबै पालिकामा फैलिएको सहकारी सञ्जालले उनिहरूलाई मुलुक विकासको मुलधारमा उतार्न सफल भएको छ । त्यसैको परिणाम हो ६५ लाख भन्दा बढी सहकारी सदस्यहरू मध्ये महिलाको सहभागिता ५२ प्रतिशत अर्थात ३३ लाख भन्दा बढी रहेको छ । सहकारीमा महिला सहभागीताको राष्ट्रिय आँकडाको झण्डै २ प्रतिशत अर्थात ६६ हजार महिला हाम्रै कैलाली जिल्लाको किसान बहुउद्देश्यीय सहकारी संस्थाले ओगटेको यस पंक्तिकारको जानकारीमा छ ।

सदस्य आवद्धता मात्र नभई नेतृत्व विकासको क्षेत्रमा पनि लामो समय देखि सहकारीले महिलालाई प्रोत्साहित र स्थापित गर्दै आएको छ । सहकारी संस्थामा रहेका २ लाख ४७ हजार भन्दा बढी सन्चालक सदस्य मध्ये झण्डै १ लाख अर्थात ४० प्रतिशत महिला नेतृत्वमा छन् । नेपालको संविधान २०७२ ले व्यवस्था गरेको ३३ प्रतिशत आरक्षण भन्दा अगाडी सहकारी क्षेत्रमा स्वस्फुर्त महिला नेतृत्व ४० प्रतिशतको हाराहारीमा पुगेको छ । ४ हजार भन्दा बढी प्रारम्भीक सहकारी संस्था त महिला सहकारी संस्था मात्रै रहेका छन् । हिजो सम्म चुला चौका अनि घास दाउरामा रूमल्लिएका महिलालाई सहकारीले नै आज समाज विकासको एउटा महत्वपूर्ण अंगका रूपमा स्थापित गरि दिएको छ । अति सामान्य आवश्यकता पुर्तिका लागि अरू माथि आश्रित हुने महिला आज सहकारीका माध्ययमबाट आत्मनिर्भर बन्न पुगेका छन् । आर्थिक रूपमा असक्षम र बोझ ठानिएका महिलाहरू सहकारीको मद्दतले स्वावलम्बी बनेका छन् । सहकारी क्षेत्रमा योगदान दिई समाज विकासमा लामो समय बिताई सकेका ओम देवी मल्ल जस्ता महिलाहरू राष्ट्रीय मात्र नभई अन्तराष्ट्रिय फोरममा दह्रो रूपले उभिएका उदाहरण हाम्रा सामु छन् । एक सर्वेक्षण अनुसार स्थानिय तहको प्रतिनीधिहरू मध्ये ६५ प्रतिशत भन्दा बढी जनप्रतीनिधीहरू निर्वाचन अघि सहकारीको कुनै न कुनै जिम्मेवारी सम्हाली सकेका मध्यकै रहेका छन् । चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा, प्रभा कोईराला, सावित्री रेग्मी, बसन्ती यादव जस्ता सहकारीकर्मी महिलाहरू आज राजनीतिक क्षेत्रमा माननिय सम्म पुगेका छन् । यस्तो प्रकारको सफल जिवन प्राप्त गर्नमा सहकारीले खेलेको भूमिका उल्लेख्य छ । महिला सशक्तिकरणको एउटा कारगर माध्ययमका रूपमा सहकारी उभिएको छ । पारदर्शिता, लगनशिलता, अनुशासन र जिम्मेवारी बोध आदी विशेषणहरू महिलाका प्रायवाची शब्द हुन । उनिहरू आफ्नो पेशा र दायित्व प्रति पुर्ण ईमान्दार हुन्छन् त्यसै कारण होला विश्वका १ अर्ब ४० करोड सहकारी सदस्यहरूको नेतृत्व गर्न सफल Dame Pouline, Monique F. Leroux जस्ता महिलाहरूलाई अन्तराष्ट्रिय सहकारी महासंघ ICA को अध्यक्ष जस्तो गरिमामय पद प्राप्त भएको ईतिहास छ ।

## चुनौतीहरुको सम्बोधन :

नेपाली समाजको संरचना एवं पितृसत्तात्मक सोचले महिला पिछडिएका हुन् । पछाडी परेका महिलालाई सामाजिक, आर्थिक अनि राजनीतिक रूपमा सबल बनाउन सहकारीको भूमिका हुन्छ । हिजो सम्म आर्थिक जिम्मेवारी पुरूषको मात्र हो भन्ने सोचाई परिवर्तन भइरहेको छ । सहकारीमा आवद्ध हुन थालेपछि उनिहरूको जिवनस्तरमा सुधार आउन थालेको छ । स-सानो बचतबाट पुँजी निर्माण गरि परिवारको गर्जो टार्न देखि सहकारीबाट ऋण लिएर व्यवसाय गर्दा करोडौको मालिक समेत महिलाहरू बनेका प्रशस्त उदाहरणहरू छन् । महिला आर्थिक क्रियाकलापमा सक्रिय भए भने आर्थिक विकासले गति लिने मात्र नभई एउटा परिवार नै समृद्धि तर्फ अग्रसर हुन सक्छ भन्ने उदाहरण खोज्न टाढा जानै पर्दैन हाम्रै नजिकैको किसान सहकारीले सन्चालन गरेको लघुवित्त कार्यक्रमका लाभग्राही महिलाहरूलाई बुझे पुग्छ । महिला सशक्तिकरणको अभियानलाई थप प्रभावकारी बनाउन सहकारी मार्फत महिला उद्यमशिलता तालिमहरू सन्चालन गर्नु पर्छ । महिलाद्वारा उत्पादित सामाग्रीको बजारीकरणका लागि सहकारी क्षेत्रलाई राज्यको सहयोग आवश्यक छ । महिलाको सिप र प्रविधि माथिको पहुँचमा वृद्धि गर्नुपर्दछ । महिला केन्द्रित कार्यक्रमलाई प्राथमिकतामा राख्ने सहकारीलाई स्थानिय सरकारले प्रोत्साहन गर्नु पर्दछ भने त्यस्ता सहकारी संस्थालाई राज्यले छुट र अनुदानको समेत व्यवस्था गर्नुपर्दछ ।

## निष्कर्ष :

नेपलको सहकारीक्षेत्र राष्ट्रीय मात्र नभई अन्तराष्ट्रिय पहुँच र नेतृत्वमा समेत सफल रूपमा उभिएको छ । नेपालको सहकारीक्षेत्र लैंगिक समानतामैत्री एक सफल अभियानका रूपमा अगाडी बढिरहेको छ । यस अभियानले समेटेको महिला सशक्तिकरणको पक्षलाई सबै तह, तप्काबाट हातेमालो गर्दै अगाडी बढ्न जरूरी छ ।

॥ अस्तु ॥

> संस्थाले रजत जयन्तीका अवसरमा आयोजना गरेको "महिला सशक्तिकरणमा सहकारीको भूमिका" विषयक जिल्लाव्यापी खुला निबन्ध लेखन प्रतियोगितामा प्रथम स्थान हाँसिल गर्न सफल निबन्ध हो यो । उक्त प्रतियोगितामा द्धितिय र तृतिय क्रमश: लम्की २ का पुजा शाह र टीकापुर १ का दिक्षा तिमिल्सिना हुनु भएको थियो ।

# बिहान



- बाबु देवकोटा
टिकापुर, कैलाली

छरपस्ट बाध्यताको हासो बोकेर
पोल्टा पोल्टामा
एक मधुरता पस्किदै
धिप धिपी रहेको हुन्छ बिहान,
बिहान उदाउने कन्दरा बाट
मन्द मुस्कानले भरियकी एक जवान युवतीको चेहरा जस्तै
तेजपन छर्किरहेको हुन्छ बिहान ।
कठोरता अंगाली रहेको हुन्छ
बोझिलो परेको युगले
स्वाधिनता बचाइ रहेको हुन्छ
कल्पनामा डुबेको हराभरा जिन्दगीले
मानौ,
कच्ची बाटोबाट
सधै झै आगमन हुने
अनेक किसिमका मेसिनरी हरूले
आमाको स्नेहको सार्थकता नबुझेर
धुलो माटो लाई प्रदूषण गरेर
समयका खाली ठाउँमा सृङगार गरिदिए जस्तै।
बिहान,
सम्भावना हरूको आँखाबाट
सोझै,
कफन भित्र बेरिएर
कैयौँ, पाहुना आफन्त हरूको रूप बोकेर आएका
भद्र ऐठन हरूले
नव आगन्तुक जिन्दगी संग परिचयात्मक कार्यक्रम राखे जस्तै,
बिहानले कोल्टो फरेकोछ ।
सपनाहरूले
बिहान बिर्सिसकेका छन
सिर्फ मध्यरात चिन्दछन
र झस्काउदछन
मानसपटलमा चिस्यान थुपारी रहेका मान्छेलाई
समयका रङहरूले
धुजा परेका ठाउँमा फाटो टालन मागेको छ
बिहानले छर्किएको मधुरता संगै
मधुरताको पहिचो फिर्ता मागेकोछ
ए मान्छे भनाउदा मुर्ति
बिहानको ठाउँमा आफु उभिएर
मुर्तिको ठाउँमा बिहान राखिदे
तब बिहान ले बिहान पाउनेछ।

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलाली लाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

dreamgraphic press

Nagarjun Municipality-06, Kathmandu Nepal
GPO Box: 5086
Tel.: 01-6922614/9801050637/9848432413
Email: dreamgraphicpress@gmail.com

# वित्तीय यात्रामा किसानसँगै दश वर्ष



**कलापती डगौरा**
बर्दगोरीया ४, सुन्दरपुर

मैले सानैमा आमा बुवा गुमाएँ, दाजु भाउजुको लालनपालनमा घोडाघोडी न.पा ३ चौरट्टीमा हुर्के, त्यहीको स्कुलमा बिद्यालय तहको अध्ययन पुरा गरि २०६४ सालमा एस. एल. सी परिक्षा दिएँ । घरयसी समस्याले गर्दा उच्च तहको अध्ययन गर्ने मेरो सपना अपुरै रहयो । २०६५ सालमा विवाह गरेँ । विवाहपछि हरेक महिलाको जस्तै मैले पनि एक गृहणीको रूपमा आफ्नो जिम्मेवारी पुरा गर्दै आईरहेकी छु । परिवारको आर्थिक अवस्था त्यति सबल थिएन, के गर्ने ? कसो गर्ने ? भन्ने मात्र कुरा हुन्थ्यो ।

२०६७ साल तिर किसान बहुउद्देश्यीय सहकारी संस्थाको वौनियामा शाखा सञ्चालन भयो । संस्थाका कर्मचारीहरूले ७ दिन सम्म तालीम दिनु भयो । तालीममा महिलाहरूले गर्न सक्ने उद्यम सम्बन्धमा धेरै छलफल भयो र उद्यम गर्ने महिलाहरूको लागि संस्थाले बिना धितो कर्जा समेत लगानी गर्ने थाहा भयो । म लगायत २५ जनाको केन्द्र निर्माण गरि संस्थामा आवद्ध भयौं ।

आफुसंग भएको केही रकम र संस्थाबाट कर्जा लिई मैले आफ्नै ४ कठ्ठा जग्गामा केराखेती सुरू गरेँ, राम्रै आम्दानी भयो । केराखेती बाट भएको आम्दानीले म र मेरो परिवारलाई उत्साहित बनायो । श्रीमान र मैले सल्लाह गरि यसलाई बिस्तार गर्ने योजना बनायौं । २०७१ सालमा कृतिका व्यवसायिक कृषि फर्म दर्ता गरि नजिकै रहेको विद्यालयको साढे ४ बिगाह जग्गा भाडामा लिई केरा खेती शुरू गऱ्यौं । यो बर्ष मैले केरा खेतीको छैटौं बाली बिक्री गर्दैछु ।

यो बर्ष धेरै पानी परेको कारण केही केरा बिग्रियो, तर मैले २० लाखको केरा बजारमा पठाईसकेकी छु । यो बर्षको मेरो सम्पूर्ण खर्च ७ लाखको हाराहारीमा पुग्छ होला । मैले उत्पादन गरेको केरा देशका विभिन्न ठाउसम्म पुग्ने गरेको छ । मैले २ जनालाई सुरूदेखि रोजगार दिएको छु भने गोडमेल र केरा निकाल्ने बेला धेरैजनालाई काम दिदै आएकी छु ।

व्यवसाय सञ्चालनको दौरानमा आवश्यक पर्दा मैले कैयौ पटक किसान बहुउद्देश्यीय सहकारी संस्थाबाट कर्जा कारोबार गरेकी छु । झण्डै १० बर्ष देखि संस्थाको सदस्यको रूपमा नियमित कारोबार गरिरहेको हुनाले संस्थाको सबै कुराहरू संग जानकार छु । बिना धितो र सरल रूपमा आफुलाई आवश्यक पर्ने कर्जा पाईने तथा समय अनुसारको सम्पूर्ण प्रविधि उपयोग गर्न पाईने भएकोले किसान बहुउद्देश्यीय सहकारी संस्थाको सेवा मलाई राम्रो लाग्छ ।

# मेरो अनुभुति



- जयशंकर न्यौपाने

पन्ध्र दिनको फिल्ड परीक्षण पश्चात मिति २०६८।०६।०१ गते देखि नियुक्ती भएर किसान बहुउद्देश्यीय सहकारी संस्था लि. मा आवद्ध भएको ९ वर्ष पुरा भैसकेको छ । त्यति बेला संस्थाको उपस्थिति पनि कैलालीको पूर्वि क्षेत्रमा मात्र रहेको थियो । तत्कालीन बलिया ८ लम्किमा केन्द्रिय कार्यालय रहेको थियो भने सहकारी तर्फ टीकापूर नगरपालिकामा शाखा कार्यालय रहेको थियो । लघुवित्त तर्फ लम्की र टीकापुर शाखा संचालनमा थिए । बौनिया शाखा संचालनको तयारीमा थियो । पछि २०६८।८।१६ गते बाट बौनिया शाखा संचालन भयो र त्यो बेला शाखा प्रमूखको रूपमा नारायण चौधरी, लेखा कर्मचारीमा गोरख बहादुर शाह र प्रशिक्षार्थी फिल्ड सहायकको रूपमा म बौनिया शाखामा सरूवा भएर गए ।

बौनिया बजार आसपास लम्की शाखाबाट संचालन भइरहेका केन्द्र बैठक रहेकाले बौनिया शाखामा कार्य प्रारम्भ गर्न त्यति असहज त भएन तर त्यतिले प्रयाप्त पनि थिएन । हाम्रो टिममा अत्यन्तै मिलनसार सहकर्मीहरू थियौ र छोटो समयमा शाखाले राम्रो प्रगति गर्न सफल भयो । त्यो समय लघूवित्तको लागि स्वर्णीम समय थियो । तर पनि चूनौतिहरू नभएका भने होईनन् । थुप्रै चुनौतीहरू थिए । ग्रामीण क्षेत्रमा आवत/जावत निकै समस्या हुन्थ्यो । लघुवित्तको सबैभन्दा सुन्दर पक्ष समय र अनुशासनको पालना हो । यो पक्ष हिजो पनि थियो, आज पनि छ र यदी लघुवित्तलाई लघुवित्तकै मर्म अनुसार अघि बढ्न दिने हो भने भविस्यमा समेत यसका सुन्दर पक्षहरूलाई जिवन्त राखिरहनु पर्दछ । किसान बहुउद्देश्यीय सहकारि संस्था लि. लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरूलाई ज्ञात हुन्थ्यो कि किसानको समुह कुनैपनि घाम पानी, आँधिहुरी जस्तो सुकै अवस्थामा पनि समय र अनुशासनमा चल्छ । यहि सिलसिलामा थुप्रै कर्मचारीहरूले बाढीपहीरो तथा अन्य थुप्रै समस्याहरू भोगिसकेका छौ । जसरी घर बलियो बनाउन पिलर बलियो हुनुपर्छ त्यसैगरि संस्था बलियो बनाउन कर्मचारीहरू सक्षम, निडर, उत्साहित, सेवाको भावना, आफ्ना सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर सकारात्मक सोचको बिकास हुन जरूरी छ । हो त्यही गुणले आज छोटो समयमा राष्टिय रूपमा मात्र होइन अन्तराष्टिय रूपमा आफ्नो परीचय बनाउन हामी सफल भएका हौ । मलाई अझै पनि ताजै अनुभव छ कि २०७०/७१ साल सम्म पनि गाऊ घरमा साहु/महाजनहरूले बैंकको रूपमा काम गर्थे र उनिहरूले गरिब, बिपन्न, पिछडीएका र बित्तिय संस्थाहरूसंग सहज पहुच नभएका वर्गहरूलाई कहिल्यै पनि माथि नउठने गरि शोषण गरिरहन्थे । चर्को ब्याजदर, ब्याजको पनि ब्याज लिने परम्परा ब्याप्त थियो । त्यस्ता साहुहरूको पन्जाबाट छुटाएर गरीब तथा विपन्न वर्गहरूलाइ उनिहरूकै घरदैलोमा पुगेर बैंकिङ पहुच पुऱ्याउनु एउटा चुनौती थियो । त्यस्तो चुनौती लघुवित्त कार्यक्रमले सहजतापुर्वक सामना गर्न सकेको छ ।

भनिन्छ नि - 'सफल हुनेहरू हरेक समस्यामा अवसर देख्छन, असफल हुनेहरू हरेक अवसरलाई समस्या ठान्छन् ।' यदी यदी किसानको संचालक तथा उच्च व्यवस्थापनले तत्कालीन चुनौतीहरूलाई समस्याको रूपमा देखेको भए आज किसान बहुउद्देश्यीय सहकारी संस्था चुरे पहाडहरूको खोचमा रहेका हरेक विपन्न परीवारको वित्तीय सहयात्री बन्न सक्थ्यो र ? के तराईका विपन्न वस्तीहरूलाई हौसल्ला र प्रेरणा प्रदान गर्न सक्थ्यो र ? के निमुखा र पिछडीएका वर्गको वित्तीय सहयात्री बन्न सक्थ्यो र ? यदी यही समस्या भित्र अवसरहरू देखिदैन थियो भने अहिले ५६ हजार घर परीवारको सुख दुखको सहयात्री बन्न सक्दैन थियो होला ।

मलाई हिजो जस्तै लाग्छ एउटा असुली रजिष्टर झोलामा हालेर केन्द्र बैठक संचालन गर्दा गरेको । त्यही असुली भएको रकम अलग अलग नौ वटा खातामा एउटै सदस्यको हिसाव पोष्टीङ गरेको, मासिक रिर्पोट बेग्ला बेग्लै बनाउदै गरेको र १, २ रूपैया हिसाब नमीलेर महीना भरी रजिष्टर पल्टाई राख्नु परेको । सिमीत कर्जाको प्रकार र सिमीत बचत कारोबार तर पनि असिमीत काम । भनिन्छ नि यदी समय संगै हिड्न सकेन भने हरेक कुराहरू लोप हुदै जान्छन । हाम्रौ कार्यक्षत्र भित्रपनि थुप्रै सामान प्रकृतीका संस्थाहरू छन । तर धेरै लोप हुने अवस्थामा पुगी सकेका छन । किनकी समय र प्रविधीलाई आत्मसाथ गर्न सक्ने

नेतृत्व तथा व्यवस्थापनको अभावका कारण खुम्चीएर बस्नु पर्ने गमलामा रोपेको रूख जस्तै अवस्था हुन जान्छ । यदी किसान बहुउद्देश्यीय सहकारी संस्थामा समय र प्रविधीलाई आत्मसाथ गर्न सक्ने नेतृत्व तथा व्यवस्थापन हुदैन थियो भने मलीलो खेतमा रोपेको विरूवा झै तराईका फाटहरू देखि चुरेका खोचहरू सम्म फकृएर फुल्न कहा सम्भव थियो र । एक कल फोन गर्न रूख चढ्नु प्रने हाम्रो गाउघरमा ट्यावलेट banking कसरी सम्भव हुन्थ्यो । Commercial, development bank का सिमीत ग्राहकले पुर्ण रूपमा प्रविधिको प्रयोग गर्न नसकेको अवस्थामा गाउ गाउमा त्यो पनि सहकारी र लघुवित्तमा Mobile banking, sms banking, missed call banking, ATM, ABBS जस्ता अत्याधुनिक सुविधा कसरी सम्भव हुन्थ्यो । हिजोको दिन महीनौ लाग्ने काम आज एक दिनमा गर्न सकिन्छ, हिजो एक दिनमा गर्न सकिने काम आज एक मिनेटमा गर्न सकिन्छ । यसमा पनि थुप्रै चुनौतिहरू छन तर चुनौति भित्रका थुप्रै अवसरहरूलाई पहीचान र मुल्याङकन गनुहुने सर्म्पुण व्यवस्थापनलाई धन्यवाद छ ।

हरेक काम एकल प्रयासबाट सम्भव हुदैनन् । टिममा काम गर्दा टिमका सवै सदस्यहरू सवै कुरामा पर्ण भएको हुदैनन् । कसैले केही जानेको हुन्छ भने कसैलाई सिकाउनु पर्ने हुन्छ । सवैजना पूर्ण त्यती वेला भईन्छ जव टिमका सवै सदस्यहरूको सहकार्य हुन्छ । एक अर्का प्रति विश्वास हुन्छ । एकले गरेको राम्रो कार्यमा सवैको हौसल्ला हुन्छ र कमजोरलाई उसको कमजोरी प्रति ग्लानी हैन सिक्ने हौसल्ला, आस र भरोसा हुन्छ, अनि मात्र टिम बलीयो हुन्छ । हामीले एकल प्रयासबाट सम्भव नभएका हरेक कार्यहरू तब मात्र सम्भव गर्न सक्छौ जब टिममा मिलेर कार्य गर्छौ । टिममा काम गर्दा कसैले कसैको लागि काम गर्न पर्दैन त्यो सवै आफ्नै लागि गरी रहेका हुन्छौ । हामि संग थुप्रै उदाहरणहरू पनि छन कि यो तेरो र यो मेरो काम भनेर एक अर्काको रमीता हेर्ने जसले गर्दा कसैको भलो गर्दैन । हामीहरूले देखिरहेको जसरी माहुरीले घारमा मह जम्मा गरी रहेको हुन्छ के त्यो एकल माहुरीले सम्भव हुन्थ्यो । त्यसैले एकता नै शक्ति हो जसले हरेक समस्याहरूलाई सहज तरीकाले सम्भव गर्छ । म हैन हामी, मेरो हैन हाम्रो भन्ने भावनाको विकाश गर्न सकनु पर्छ । यही हो टिम वर्कको मुल मन्त्र ।

हामीहरूलाई ति दिनहरू पनि अझै ताजै छन, जति बेला गाउघरमा बम र बन्दुकहरू नपट्कीएको दिन हुदैन थियो । जहा थुप्रै कलकारखाना, उधोगधन्दा, व्यापार व्यावसाय, बैंक वित्तीय संस्थाहरू बन्द भए, ध्वस्त भए र कतिपय विस्थापीत भए । तर त्यस्तो अवस्थामा पनि न डगमगाईकन जसले चुनौतिको सामना गरे तिनीहरू अहीले फेरी उदयमान भएका छन् । जसले हिम्मत गर्न सकेनन् उनिहरू ईतिहास बनेर सदाका लागि निभेका छन् । काम गर्ने क्रममा सदैव सहज वातावरण नहुन पनि सक्छ । कही अप्ठ्यारो परीस्थितीकको सामना गर्नै पर्छ । प्रत्येक चुनौतीले एउटा न एउटा अवसर दिएको हुन्छ त्यसैलाई चिनेर अगाडि बढ्यो भने त्यसले अर्को नयाँ उचाईमा पुर्याउछ । तर हामीहरू कतीपय आफ्नो काम प्रती सन्तुष्ट र खुसी देखिदैनौ किनकी हामीहरू मैले के गरे र मैले के पाए भन्ने पाठमै जिन्दगीको हलो अड्काएर गोरू पिटी रहन्छौ । हामीले हाम्रो परिवारलाई माया गर्छौ र उनिहरूको हरेक खुशि र आवश्यक्ताहरू हाम्रो यही कामले पुरा गर्छ भने हामीले हाम्रो कामलाई माया गर्न सक्नुपर्छ । यदी हामी हाम्रो काम प्रति सन्तुट हुदैनौ भने हामी नै हाम्रो प्रगतिको वाधक बनिरहेका हुन्छौं । लगातार दत्तचित्त भएर ईमान्दारितापुर्वक जिम्मेवार भई कार्य सम्पादन गर्ने व्यक्तिहरू नै प्राय सफल व्यक्ति कहलिने गर्दछन् । धन्यवाद ।

*(लेखक लघुवित्त टीकापुर सेवा केन्द्र प्रमूख हुन् ।)*

**स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

नेपाल NEPAL

**नेपाल एसबिआई बैंक लिमिटेड**

**NEPAL SBI BANK LTD.**

**Head Office**
**Kesharmahal, Kathmandu, Nepal**
Tel.: +977-1-4435613
Website: www.nepalsbi.com.np
Email: corporate@nsbl.com.np

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Citizen Life Insurance

समृद्धि तपाईको, साथ हाम्रो

**Head Office**

Ambe Complex, Teku, Kathmandu, Nepal

Te.: 977-01-5316000/5333818

Email: info@citizenlifenepal.com

---

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## लम्कीचुहा नगरपालिका

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश , नेपाल

**Lamki Chuha-2, Valka, Kailali, Nepal**

Tel.: 091-419046

Email: info@lamkichuhamun.gov.np

---

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

synergytech SOFTWARE

**Pulchowk, Lalitpur**

Tel. 977-01-5526297/5009087/5549721

Email: support@syntechnepal.com

---

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

f1soft

**F1SOFT INTERNATIONAL PVT. LTD**

**Hattisar, Kathmandu, Nepal**

Tel.: +977-01-4442435/4442473

Email: info@f1soft.com

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

prabhu
Money Transfer
प्रभुको इच्छा

Sarada sadan, Kamladi, Kathmandu, Nepal
Tel.: +977-01-4169277/78/79/80/81
TollFree No.: 16600-144444
Email: info@prabhumoneytransfer.com.np

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

IME
International Money Express

IME Complex, Panipokhari, Kathmandu, Nepal
P.O. Box: 19797
Email: info@imeremit.com.np
Tel.: +977-01-4217601
Fax: +977-01-421600 | Toll Free: 16600-151515

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

DIPESH
INFOSYS

Mainroad Chauraha, Dhanagdhi, Nepal
Tel. 091-521810/9848445067
Email: dipeshinfosys@gmail.com

स्थापनाको २५औं वर्ष पुरा गरि २६औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित रजत जयन्तीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


CLOUD TECH
SOLUTIONS

Naxal, Bagawatibahal, Bhagwatimarg
Kathmandu, Nepal
Tel. +977-01-4425124/4425136
Email: info@cloudtech.com.np




## शाखा कार्यालयहरूको सम्पर्क नम्बर

| क्र.सं. | शाखा कार्यालय | फोन नं. |
|---|---|---|
| १ | बैंकिङ्ग लम्की | ०९१-५४०४८६ |
| २ | लम्की | ०९१-५४०५०० |
| ३ | बैंकिङ्ग टिकापुर | ०९१-५६०३९९ |
| ४ | टिकापुर | ०९१-५६१२७५ |
| ५ | बौनिया | ०९१-४०४००० |
| ६ | मसुरिया | ०९१-४०२०९० |
| ७ | बैंकिङ्ग जोशिपुर | ०९१-४०१०६८ |
| ८ | जोशिपुर | ०९१-४०१०६८ |
| ९ | हसुलिया | ९८०२५०७१७० |
| १० | सुखड | ०९१-४०३२०२ |
| ११ | भजनी | ०९१-५८०२३४ |
| १२ | अत्तरिया | ०९१-५५१२७१ |
| १३ | धनगढी | ०९१-५२६१८४ |
| १४ | चौमाला | ०९१-४१८०६१ |
| १५ | सहजपुर | ९७४९०९२०१० |
| १६ | नारायणपुर | ९८०२५०७१७६ |
| १७ | फुलबारी | ०९१-५०५०७७ |
| १८ | सोल्टा | ९७४९०९२०११ |
| १९ | पहलमानपुर | ०९१-४००२०९ |
| २० | पथरैया | ९८०२५०७१५७ |
| २१ | प्रतापपुर | ९८०२५०७१६० |
| २२ | कृषि फर्म | ९८०१७०७७१६ |
| २३ | मल बिक्री केन्द्र | ९८०१७१५०८६ |




केन्द्रीय कार्यालय

लम्की चुहा-१, लम्की कैलाली

फोन : ०९१-५४०४२६, ४५०, ४८६, ५००

Toll free 16609117333 info@kisancoop.com.np www.kisancoop.com.np /Kisan-Coop YouTube /kisancoop